वेदान्त ७३६

ब्रह्मगीता

(स्कन्दपुराणीय सूतसंहिताको अन्तर्गत)

वदरीनाथ भट्टराई

वेदान्त १३३३

ब्रह्मगीता

श्री विद्वद्वर प्रा तोयनाथज्यू
का करकमलमा
सादर समर्पण
बद्री
२०३५-१-१

अर्थलेखक तथा प्रकाशक

बदरीनाथ भट्टराई

वे.न.
१३३३

शुभ—संवत्
२०३४

सर्वाधिकार सुरक्षित

प्रथमवार ५०० प्रति

मुद्रकः–
नेपाल प्रेस
शुक्रपथ, काठमाडौं
नेपाल ।

निवेदन

अठार पुराणमा सबभन्दा ठूलो हो स्कन्दपुराण। त्यसको महत्वपूर्ण अंश हो सूतसंहिता। त्यसको सार हो ब्रह्मगीता। त्यसको यथार्थ वर्णन ब्रह्माजी र व्यासजीले बाहेक अरू कसले गर्न सक्ला ?

सारा उपनिषद् कामधेनु हुन्। तिनलाई दुहुने ब्रह्माजी हुनुहुन्छ। देवताहरू बाच्छा हुन्। यो पुस्तकरूप गबुवामा त्यो गीतामृतरूपी दूध रहेको छ। त्यसलाई भक्ति र श्रद्धासाथ पिएर मुमुक्षुहरू अमर हुन सक्नुहुन्छ।

सारा उपनिषद्को सार भएको हुनाले र शास्त्रीय विषय भएकोले पहिलो पटक पढ्दा कठिन जस्तो भान भए पनि एकाग्रताका साथ धेरै आवृत्ति भए यो सुगम र आनन्दमय हुनेछ भन्ने मेरो दृढ विश्वास छ।

धेरै कारणले गर्दा ब्रह्मगीताका बारह नै अध्याय पाठकहरूको समक्षमा राख्न सकिएन। ६ अध्याय पनि समग्र नै प्रस्तुत गर्न सामर्थ्य भएन र संक्षिप्त गरियो, अर्थात् खालि रूपरेखा मात्र खिचियो।

परम भक्त श्री माधवाचार्यको तात्पर्य–दीपिका भन्ने संस्कृत टीकाको आधारमा यसको अर्थ लेखिएको छ ।

बारह अध्यायको ६८, ६९, र ७० श्लोकमा भगवान् शिवजी आज्ञा हुन्छ, जुन द्विजले यो ज्यादै उत्तम गीता पाठ गर्छ भने बन्धन चुँडालेर मेरै स्वरूप हुन्छ । वेदको आकार भएको अनि गीताहरूमा उत्तम यो ब्रह्मगीता वेदनिष्ठ श्रेष्ठ द्विज अर्थात् दुइ पटक जन्मने ब्राह्मण, क्षत्रिय र वैश्यले पाठ गर्नू । शूद्रहरूले पाठ नगर्नू । फेरि ७५ श्लोकमा सूतजी भन्नुहुन्छ, श्रद्धा र भक्ति भएकालाई मात्र यो ब्रह्मगीता दिनू ।

गुरुकापी पढी प्रकाशनका लागि प्रोत्साहन दिने विद्वद्वर हार्दिक मित्र श्री कृष्णकान्त अधिकारीज्यूको म अत्यन्त ऋणी छु ।

पुस्तक–प्रकाशनका लागि दुइ दुइ सयको सहायता गर्ने श्री कुलनाथ शर्मा र श्री लक्ष्मीराम शर्मामा धेरै धन्य-वादको माला चढाउँछु । नपुग चाहिं अरू धनिकहरूको अर्थबाट पूर्ति गरिएको छ । जजसको अर्थबाट यो प्रकाशित हुन गएको छ उहाँहरूको अन्तःकरणमा सुखशान्ति होस् भनी भगवान् अन्तर्यामीसँग प्रार्थना गर्छु ।

बदरीनाथ

ब्रह्मगीता

(स्कन्दपुराणीय सूत — संहिताको अन्तर्गत)

कथा — प्रसङ्ग

मुनिहरूले भन्नुभयो, 'तपाईंले संक्षेप र विस्तार-पूर्वक पनि सबै भन्नुभयो । ऐले हामी उत्तम ब्रह्म-गीता सुन्न इच्छा गर्छौं । सारा विज्ञान-रत्नहरूको खानी, महात्मा, कृष्ण-द्वैपायन अर्थात् व्यासजीका शिष्य तपाईं ज्यादै शिक्षित हुनुहुन्छ । तपाईंले थाहा नपाएको केही छैन भन्ने कुरा साँचो हो । यदि भगवान् प्रसन्न हुनुहुन्छ भने यहाँ त्यो हामीलाई भन्नुहोस् ।'

सूतजीले भन्नुभयो, 'ज्यादै उत्तम त्यो ब्रह्मगीता आदरका साथ म भन्छु । ब्रह्मज्ञानी तपाईंहरू श्रद्धाका साथ

सुन्नुहोस् । पहिले कल्पान्तरमा सारा देवताहरू जम्मा भएर आदरका साथ वेदहरूको उत्तम अर्थ धेरै कालसम्म विचार गर्दा पनि बुझ्न सकेनन् । शङ्काले युक्त भएका देवताहरूले ज्यादै ठूलो तपस्या गरे, अनि सोधपुछ गर्नाको लागि ब्रह्माजी कहाँ गए । जहाँ जगत्का मालिक सर्वज्ञ, प्रभु, ज्यादै दयालु, श्रीमान्, भक्तको हितमा रमाउने अर्थात् लागिपरेका ब्रह्माजी बस्नुहुन्थ्यो ।

सारा योगीहरूले छाइएको राम्रो असल सुमेरुको टाकुरा छ, जहाँ यक्ष, गन्धर्व, सिद्धहरू सेवा गर्छन् । किसिम किसिमका रत्न जडिएको, किसिम किसिमका धातुले विचित्र भएको, चराहरूको जमातले गुञ्जित, धेरै तीर्थ भएको, करोडौं गुफा भएको, छहराहरूले शोभित, मधुर आदि छ रस भएको त्यो ठाउँमा चार सय कोस चौडाइ र लमाइ भएको ब्रह्मवन छ जहाँ ठूलठूला तलाउ छन्, किसिम किसिमका पक्षी र पशु छन्, मीठो पानी छ, फल र मूल पाइन्छन्, मन्द हावा बहन्छ, मन्द घाम लाग्दछ, चन्द्रमाको चाँदनीले उज्यालो छ । त्यहाँ सुनैसुनले बनेको तरुना सूर्य जस्तै चहकिलो, नयाँ पर्खाल लगाएको, असी ढोका भएको, ठूलो बलले युक्त, करोडौं ढोके भएको, खड्ग, तोमर, धनु आदि शस्त्रहरूले रक्षा गरिएको, पूर्ण कलशहरूले युक्त, बत्तीहरू बलिराखेको, फूलका मालाले शोभायमान, मोती भरिएका चँदुवाले शोभित, चित्र लेखिएका भित्ताले सुशोभित, अप्सरा-हरूले नाचगान गरिने, वेद, धर्मशास्त्र र पुराणका शब्द

सुनिने, करोड़ौं रथ, हात्ती, घोडा भएको, असंख्य फौजले रक्षा गरिएको उत्तम शहर छ ।

जुन शहरमा पुण्यात्माहरू पुग्न सक्छन्, पापीहरू पुग्न सक्दैनन् । त्यही शहर भित्र हजार खंवा भएको, सिंगारिएको, कल्पवृक्षले युक्त, कमलो ओछ्यान भएको रत्नले बनेको मण्डपमा, अक्षर नै मूर्ति भएकी देवी सरस्वतीका साथ प्रभु ब्रह्मा बस्नुहुन्छ । त्यहाँ गएर लोकका नायक, विचित्रको मुकुट लगाएका, रत्नको कुण्डल पहिरेका, प्रसन्न मुहार भएका, अमूल्य रत्नहरूको हार, वाजू, बाला, औंठी लगाएका, सेतो जनै लगाएका, चन्दन, अगरू, कपूर मिसिएको धूलोले शोभायमान, सुगन्धि फूलका माला लगाएका, सेतो वस्त्र पहिरेका, तातेको सुनको जस्तो रङ भएका, आफ्नो तेजले सवैतिर उज्यालो पार्ने, मायादेखि पर, सुर असुर र श्रेष्ठ मुनिहरूले पाउरूपी कमलमा ढोगिएका, सारालाई सृष्टि गर्ने, साक्षिस्वरूप, अज्ञान देखि पर रहेका ब्रह्मालाई देखेर देवताहरू प्रसन्न भए अनि नमस्कार गरे ।

त्यस पछि सावधान भएका देवताहरूले सारा लोकका पितामह, पुण्य गर्नेलाई मुक्ति दिने अनि पाप गर्नेहरूलाई दु:ख दिने ब्रह्माजीको स्तुति गर्न थाले, ब्रह्मको विज्ञानरूपी दूधको समुद्र वनाउने, अनि व्यापक ब्रह्मको तत्त्व अर्थात् प्रपञ्चरहित, सत् चित् आनन्द स्वरूपको दर्शन अर्थात् साक्षात्कार गर्न चाहनेहरूलाई त्यो ब्रह्मको रूप बुझाइदिने ब्रह्माजीलाई नमस्कार छ । कष्टरूपी समुद्रमा डुबेकालाई

संसारबाट तार्नमा कारण भएका, सारा प्राणीको साक्षिस्वरूप भएका, तर साक्ष्य अर्थात् दृश्यले रहित भएका तपाईंलाई नमस्कार छ। सारा जगत्को धारण गर्ने, अनि जगत् बनाउने, सारा द्वन्द्व अर्थात् सुख, दुःख, राग, द्वेष, जाडो, गर्मी इत्यादि हटाइदिने, जाग्रत्, स्वप्न, सुषुप्ति आदि अवस्थाहरूमा सबैको साक्षी भएका, तपाईंलाई नमस्कार छ। कमलबाट पैदा भएका, पवित्र, पद्मनाभ अर्थात् नाभिमा कमल हुने, भगवान् विष्णुका छोरा भएका, कमलका फूलले पूजा गरिने, अनि कमल धारण गर्ने तपाईंलाई नमस्कार। देवताहरू मध्ये जेठा, अनि सूर्य आदि देवतालाई तृप्त पार्ने; देवता, दैत्य र मानिसहरूलाई सुख दिने तपाईंलाई नमस्कार नमस्कार। विश्वका प्रकाशक, विशुद्ध-ज्ञान-स्वरूप, वेदले जानिने ब्रह्माजीलाई नमस्कार। विधिले हीन तर विधिवाक्य बनाउने अनि विधिले बताए मुताविक कर्म गर्नेहरूलाई विद्या दिने तपाईंलाई नमस्कार। ठूलो पीडा हरिदिने, खेद-रूपी समुद्रलाई नाश गर्ने तपाईंलाई नमस्कार। सुनको पहाडमा रहने, सुन दान गर्नाले पाइने, सुन ज्यादै प्यारो मान्ने हिरण्यगर्भलाई नमस्कार। सय वर्षको आनन्दमय जीवन भएका, शांकर ज्ञान दिने, अनि शम दम आदि साधन भएकालाई ज्ञान दिने तपाईंलाई नमस्कार। शंकरका भक्तहरूको कल्याण गर्ने अनि शांकर ज्ञान नभएकाको शत्रुलाई नमस्कार। दुराचारमा लागिपर्ने दुष्टहरूलाई दुःख दिने, अनि सज्जनलाई आत्मज्ञान दिने द्रुहिण अर्थात् ब्रह्माजीलाई नमस्कार।

ढोग्नु पर्ने कोही नभएका, अनि ढोग्न लायक, भक्तलाई वर दिने, श्रेष्ठहरूमा श्रेठ, चार मुख भएका तपाईंलाई नमस्कार। प्रजापति नाउँ भएका, प्रजापति, अनि प्रजापतिको पददेखि विरक्त भएका, ज्ञान दिनेलाई नमस्कार । बाबु आदिको कल्पनाले रहित भएका, छुल्याहाले पाउन नसकिने, राम्रा पितामहलाई नमस्कार । जगत् बनाउने, जगत्को रक्षा गर्ने अनि संहार गर्ने, जगत्रूपी दृश्यले रहित भएका, चैतान्य मात्र ज्योति भएका, परात्मालाई नमस्कार । विश्वरूप समुद्र-बाट उत्तीर्ण भएका, विश्व नै स्वरूप भएका, विश्वले रहित भएका, साक्षी, आफ्नो स्वरूपको प्रकाशले नै प्रकाशमान भएका पूर्ण परमात्मालाई नमस्कार। स्तुति गर्न लायक, स्तुतिले हीन, स्तोत्ररूप, स्तुति गर्ने सबैलाई सुख दिने ब्रह्माजीलाई नमस्कार ।

सूतले भन्नुभयो, यसरी भक्तिका साथ ब्रह्माजीलाई स्तुति गरेर आदर–पूर्वक सारा वेदको अर्थ अर्थात् तात्पर्य के हो ?' भनी सोधे । सारा देवताले स्तुति गरिएका ब्रह्मज्ञानी-मा मुख्य भएका ब्रह्माजीले पनि गंभीर वचनद्वारा वेदहरूको उत्तम अर्थ भन्न थाल्नुभयो ।

दोस्रो अध्याय

ब्रह्मोवाच—

अवाच्य एव वेदार्थः सर्वथा सर्दचेतनैः ।
तथापि वक्ष्ये भक्तानां युष्माकं शृणुता ऽऽ दरात् ।।

(सारा वेदको अर्थ भन्न शुरू गर्ने ब्रह्माजीले अद्वितीय निर्गुण ब्रह्म स्वरूप वेदको अर्थलाई अभिधावृत्तिले बुझाउन सक्दैन भन्ने कुरा यहाँ भन्नुहुन्छ) वेदको अर्थ सबैले सर्वथा भन्न सकिन्न । निर्गुण परमात्मामा जाति, गुण, क्रिया आदि शब्दको प्रवृत्तिको निमित्त नभएको हुनाले अभिधा वृत्तिको विषय होइन । (शब्दको अर्थ बुझाउने शक्तिलाई अभिधा वृत्ति भन्छन् । जस्तै घट शब्दले गाग्रो भन्ने अर्थ बुझाउँछ). तैपनि तिमी भक्तहरूलाई भन्छु । आदरका साथ सुन ।

आत्म—संज्ञः शिवः शुद्ध एक एवाऽद्वयः सदा ।
अग्रे सर्व मिदं देवा आसीत् तन्मात्र मास्तिकाः ।।

(ऋग्वेद प्रथम भएको हुँदा ऋग्वेदीय उपनिषद्ले प्रतिपादित ब्रह्म र आत्माको एकता बुझाउने 'पहिले आत्मा एक मात्र थिए' भन्ने ऐतरेय निर्गुण भागको अर्थ यहाँ बताइन्छ) ।

आत्मा नाउँ भएका अर्थात् जगत्‌को उपादान कारण हुँदा सर्वत्र छाइएर रहने, शिव अर्थात् कल्याणस्वरूप शुद्ध अर्थात् माया उपाधि पनि नभएका, एक एव अर्थात् एक मात्र अर्थात् सजातीय र स्वगत भेद नभएका, अद्वय दुइ नभएका अर्थात् विजातीय भेद नभएका परमात्मा नै सँदै अर्थात् सृष्टि हुनुभन्दा अगि र प्रलय पछि पनि विराजमान हुनुहुन्छ । हे आस्तिक देवता हो, सृष्टि हुनुभन्दा अगि यो देखिएको नामरूपात्मक सारा जगत् नभएकोले माथि बताएको आत्म–स्वरूप मात्र थियो । (प्रकृति, परमाणु आदि थिएन ।) उपादान कारण हुनाले कार्य सारा जगत्‌को भित्र र वाहिर छाइने हुँदा आत्मा भन्छन् ।

ततो नान्यत् मिषत् किंचित् स पुनः कालपाकतः ।
प्राणिनां कर्म–संस्कारात् स्वशक्ति गतसत्त्वतः ।।
स ऐक्षत जगत् सर्वं नु सृजा इति शंकरः ।३।

ती आत्मादेखि भिन्न अरू अलिकति पनि कुनै वस्तु थिएन । तर पूर्व कल्पका प्राणीहरूको वासनाको परिपाकले गर्दा शंकर परमात्मामा सृष्टि गर्ने अपूर्व अर्थात् संस्कार पैदा हुन्छ र शुद्ध–सत्त्व–प्रधान भएको त्रिगुणमय मायाद्वारा

सृष्टिको संकल्प हुन्छ अर्थात् ऐलेसम्म जुन जगत् विलीन भएको थियो त्यो सृष्टि गरूँ भन्ने ईक्षण अर्थात् संकल्प उठ्दछ । ऐतरेय १–१ पहिलो सगुण भागको अर्थ यहाँ बताइयो ।

स पुनः सकला नेतान् लोका नात्मीय–शक्तितः ।
यथापूर्वं क्रमेणैव सुरा असृजत प्रभुः ।४।

हे देवता हो, ती स्वतन्त्र प्रभुले आफ्नो मायाशक्ति द्वारा यी सारा लोकहरूलाई पहिलेको कल्पमा जस्तै क्रमैले सृष्टि गर्नुभयो । ऐतरेय १।२ को आशय यहाँ बताइएको हो ।

तं हरं केचि दिच्छन्ति केचिद्विष्णुं सुरोत्तमाः ।५।
केचिन् मामेव चेच्छन्ति केचि दिन्द्रादि–देवताः ।
केचित् प्रधानं त्रिगुणं स्वतन्त्रं केवलं जडम् ।६।

ती सृष्टिका कर्तालाई कोही हर अर्थात् शिव भन्छन् । कसैले विष्णु भनेका छन् । कोही चाहिं म ब्रह्मा-लाई नै मान्छन् । कोही चाहिं इन्द्र आदि देवतालाई मान्छन् । कोही अर्थात् सांख्यशास्त्रीहरू सत्त्व, रज र तम यी तीन गुणरूप जड प्रकृतिलाई जगत्को स्वतन्त्र कारण मान्छन् । (वेदले चाहिं प्रकृतिलाई परतन्त्र मानेको छ ।)

अणवः केचि दिच्छन्ति शब्दं केचन मोहिताः ।
क्षण–प्रध्वंसि विज्ञानं केचन भ्रान्त–चेतसः ।७।

कोही (नैयायिक) अणुलाई कारण मान्छन् । (अर्थात् सानो परिमाण भएका माटोको अंशबाट घट अर्थात् गाग्रो बनेको देख्नाले परमाणुबाट द्व्यणुक, त्र्यणुक हुँदै जगत्-को सृष्टि हुन्छ भन्छन् ।) मोहित भएका कोही (वैयाकरण-हरू) शब्दलाई कारण मान्छन् (अर्थात् शब्द-ब्रह्म नै प्रपञ्चरूपमा देखिन्छ भन्छन् । कुनै भ्रान्तचित्तहरू (कुनै बौद्धहरू) छिन छिनमा नाश हुने विज्ञानलाई मान्छन् ।

शून्य-संज्ञं सुराः केचिन् निरुपाख्यं विमोहिताः ।
केचिद् भूतानि चेच्छन्ति निसर्गं केचन भ्रमात् ।८।

हे देवता हो, केही ज्यादै मोहमा परेका (बौद्धहरू) रूप नभएको शून्यलाई मान्छन् । केही भूत (आकाश आदि) बाट नै मान्छन् । कोही चाहिं भ्रमले सृष्टि हुनामा कारण स्वभाव हो भन्छन् ।

तत्र तत्रैव तर्कांश्च प्रवदन्ति यथाबलम् ।
सर्वे वादाः श्रुति-स्मृत्यो र्विरुद्धा इति मे मतिः ।९।

ती ती वादीहरूका ग्रन्थमा सकेसम्म तर्कहरू बताउँ-छन् । तर यी सबै वादहरू वेद धर्म शास्त्रका विरूद्ध हुन् भन्ने मेरो विचार छ । (ईश्वरले नै म घेरै हुँ भन्ने संकल्प गरेकोले सृष्टि भयो भन्ने वेदमा बचन पाइन्छ फेरि स्मृति अर्थात् गीता इत्यादिमा भनिएको छ, 'हे अर्जुन, धागोमा मणिहरू

जस्तै ममा सारा जगत् उनिएको छ। मेरो अध्यक्षतामा प्रकृतिबाट चर अचर जगत्‌को सृष्टि हुन्छ। इत्यादि)

पापिष्ठानां तु जन्तूनां तत्र तत्र सुरर्षभाः।
प्राक्-संसार-वशादेव जायते रुचि रास्तिकाः ।१०।
तेऽपि कालविपाकेन श्रद्धया पूतयाऽपि च ।
पुरातनेन पुण्येन देवतानां प्रसादतः ।११।
कालेन महता देवाः सोपान-क्रमतः पुनः ।
वेद-मार्ग मिमं पुण्यं प्राप्नुवन्ति चिरन्तनम् ।१२।

हे आस्तिक श्रेष्ठ देवताहो, पापी मानिसहरूलाई पूर्वजन्मको संस्कारले नै त्यो मतमा रुचि हुन्छ। कालको परिणामले, पवित्र श्रद्धाले, पहिलेको पुण्यले र देवताको प्रसादले गर्दा धेरै कालमा सीँढी चढे झैं गरी फेरि यो सदै रहिरहने पुण्य वेदको बाटोमा पुग्दछन् ।

प्राक्-संसार-वशा देव ते विचित्त्य बलाबले ।
विवशा वेद मापन्नास् तेऽपि कैवल्य-भागिनः ।१३।

पूर्वजन्मको संस्कारले नै वेद र उनका मतको बल र कमजोरी विचार गरी विवश भएर वेदको मार्गमा आइपुगेका तिनीहरू पनि मोक्षको भाग पाउँछन् अर्थात् मुक्त हुन्छन् ।

वेदमार्ग मिमं मुक्त्वा मार्ग मन्यं समाश्रितः ।
हस्त-स्थं पायसं त्यक्त्वा लिहेत् कूर्पर मात्मनः ।१४।

यो वेदको वाटोलाई छोडेर अर्को वाटो अर्थात् अरू-को मतमा लाग्छ भने त्यसले हातको खीर छोडेर आफ्नो कुहुनो चाट्छ ।

विना वेदेन जन्तूनां मुक्ति र्मार्गान्तरेण चेत् ।
तमसाऽपि विनाऽऽलोकं ते पश्यन्ति घटादिकम् ।१५।

वेदवाहेक अरू मार्गबाट मानिसले मुक्ति पाउँछ भने उज्यालो विना अन्धकारले पनि तिनीहरू गाग्रो इत्यादि वस्तु देख्दछन् ।

तस्माद् वेदोदितो ह्यर्थः सत्यं सत्यं मयोदितम् ।
अन्येन वेदितो ह्यर्थो न सत्यः परमार्थतः ।१६।

त्यसै हुँदा वेदले वताएको कुरा साँचो हो । वेददेखि भिन्न अरू मतले भनेको कुरा वास्तवमा साँचो होइन ।

परमार्थो द्विधा प्रोक्तो मया हे स्वर्गवासिनः ।
एकः स्वभावतः साक्षात् परमार्थः सदैव तु ।१७।
स शिवः सत्य-चैतन्य-सुखा-नन्त-स्व-लक्षणः ।
अपरः कल्पितः साक्षाद् ब्रह्मण्य ध्यस्त-मायया ।१८।

हे स्वर्गमा बस्ने देवताहो, परमार्थ अर्थात् वेदले बताएको अर्थ दुइ किसिमको छ । ज्ञानकाण्डमा वताइएका सत्य, चैतन्य, सुख, अनन्त आदि लक्षण भएका एक शिव-चाहिं स्वभावैले सँदै रहिरहने परमार्थ वस्तु हुनुहुन्छ । अर्को

कर्मकाण्डमा बताइएको स्वर्ग, अपूर्व अर्थात् धर्म आदि प्रपञ्च-चाहिं ब्रह्ममा अध्यस्त अर्थात् आरोप गरिएको मायाले कल्पना गरिएको हो ।

कल्पिताना मवस्तूनां मध्ये केचन मायया ।
परमार्थतया ल्कृप्ता व्यवहारे सुरर्षभाः ।१९।
व्यवहारे तु संल्कृप्ताः केचना परमार्थतः ।
आकाशादि जगच् छुक्ति—रूप्ये ते कथिते मया ।२०।

हे श्रेष्ठ देवताहो, कल्पित अवस्तुहरूमा पनि मायाले कतिचाहिं व्यवहारमा साँचो मानिएका छन् जस्तै आकाश आदि । व्यवहारमा पनि कुनै झूटो मानिएको छ । जस्तो सीपीमा देखिएको चाँदी ।

व्यावहारिक–सत्या–र्थं साक्षात् सत्यार्थ–चिद्–घनम् ।
उभयं वक्ति वेदस्तु मार्गा नैवं वदन्ति हि ।२१।

व्यावहारिक सत्यको बाध हुन्छ । सत्य चैतन्य–घन ब्रह्म त साक्षात् सत्य हो भनी वेदले दुवै यही कुरा बताउँछ । तर अरू मार्गहरू यस्तो भन्दैनन् ।

स्वप्नावस्थासु संल्कृप्त–सत्यार्थेन समानिमान् ।
अर्थानेवा मनन्त्यन्ये मार्गा हे स्वर्गवासिनः ।२२।

हे स्वर्गवासी देवताहो, सपनामा देखिएको सत्य वस्तु जस्ता विपनाका वस्तुहरू पनि साँचा हुन् भनी अरू मार्ग

अर्थात् वैशेषिकहरू द्रव्य, गुण, कर्म इत्यादिको लक्षण वताउँछन्, (तर सत्य आत्माको कीर्तन गर्दैनन् ।)

चैतन्या–पेक्षया चेत्य व्योमादि सकलं जगत् ।
असत्यं सत्यरूपं तत् कुंभ–कुडया–द्यपेक्षया ।२५।

(व्यावहारिक सत्य नै साँच्चिको हो । एउटै वस्तु दृष्टिभेद मात्रले साँचो र झूटो हुँदैन भन्ने कुराको उत्तर यहाँ दिइन्छ) कारणरूप चैतन्य सत्य हो । कार्यरूप आकाश आदि सारा जगत् असत्य हो । अनि कार्य भएको गाग्रो, भित्ता इत्यादि भन्दा कारण भएको माटो इत्यादि साँचो मान्नु चाहिं व्यावहारिक कुरा हो । वास्तविक सत्य होइन ।

कुंभ–कुडयादयो भावा अपि व्योमा-द्य–पेक्षया ।
असत्याः सत्यरूपास्ते शुक्तिरूपा–द्य–पेक्षया ।२६।

गाग्रो र भित्ताहरू पनि कारण भएका आकाश आदि महाभूतभन्दा असत्य हुन् । तर सीपीमा देखिएको चाँदी–भन्दा सत्य हुन् ।

जाग्र दित्युदितावस्था मपेक्ष्य स्वपनाभिधा ।
अवस्था ऽसत्यरूपा हि नसत्या हि दिवौकसः ।२७।

उदित अर्थात् ऐले भएको जाग्रत् अवस्थाभन्दा सपना अवस्था झूटो हो । जाग्रत् अवस्था पनि झूटो हो ता-पनि सपनाको अपेक्षाले व्यवहारमा साँचो मानिएको मात्र

हो । (एउटै वस्तु पनि व्यवहार–दृष्टिले साँचो र वास्तविक दृष्टिले झुटो हुँदा विरोध पर्दैन अर्थात् एउटै वस्तु साँचो पनि झूटो पनि दृष्टिभेदले मानिन्छ ।)

तथापि स्वप्न–दृष्टं तु वस्तु स्वर्ग–निवासिनः ।
सूचकं हि भवत्येव जागत्–सत्या–र्थ–सिद्धये ।२८।

हे स्वर्गका बासिन्दा हो, हुनत स्वप्न अवस्था झूटो हो । तैपनि सपनामा देखिएको वस्तुले जाग्रत्मा सत्य फलको सूचक हुन्छ (जस्तो काम्य कर्म गर्दा स्वप्नमा स्वास्नी मानिस देखिंदा कामना सफल हुन्छ भन्ने लेखिएको छ ।)

यसै गरी भ्रान्त मार्गहरूले पनि वेदले औंल्याइएको सच्चिदानन्दरूप अखण्ड एकरस वस्तु पाउनामा सींढीको रूपले कारण हुन जान्छन् । तर वैदिकले ती मार्गतर्फ नलाग्नू । यदि मोहले ती मार्गतिर लाग्यो भने प्रायश्चित गर्नुपर्छ । ती भ्रान्तमार्गीहरूसँग वैदिकले एकै पंक्तिमा बसेर नखानू । यदि मोहले खायो भने चान्द्रायण गर्नू । यज्ञ, दान विवाह, पढ्नु इत्यादि भ्रान्तमार्गीहरूसँग नगर्नू । यदि मोहले गर्‍यो भने तीन चान्द्रायण गरोस् । वेददेखि बाहिरका संप्रदायहरूमा लागेका र तीसँग सहवास गर्ने पनि पाषण्डी हुन् । कलिमा जगत्लाई सृष्टि गर्ने सत्य, ज्ञान, अनन्त आदि लक्षण भएका शिवलाई पाषण्डीहरूले पूजा गर्दैनन् । पाषण्डीहरू वेदले बताएको विधिबाट त्रिपुण्ड्रक विगुत लगाउँदैनन् ।

वेदले बताएको विधिमुताविक पाषण्डीहरू रुद्राक्ष–धारण गर्दैनन् । पाषण्डीहरू दिनहुँ शिव, रुद्र आदि नाउँ भएका देवतालाई लिङ्गमा वैदिक विधिले पूजा गर्दैनन् । पाषण्डीहरू देवकार्य पितृकार्य र अग्निकार्य पनि गर्दैनन्, फेरि न पाहुना-को सेवा गर्छन् न त वैश्वदेव गर्दछन् । वैदिक मार्गलाई छोडेर जनार्दनको पूजा गरे पनि मोहले शंकरको निन्दा गर्छन् । ब्रह्मा, केशव र रुद्रमा भेदभाव गर्छन् । परमात्मा एक हुन् भन्ने बुझ्दैनन् । श्राद्ध गरिहाले पनि दक्षिणा नदिई, ब्राह्मणको पाउ धुने इत्यादि विधिलाई छोडिदिन्छन् । पाषण्डी-हरू एकादशी, अष्टमी र विशेष गरेर चतुर्दशीमा उपवास गर्दैनन् । पाषण्डीहरू रुद्री र पुरूषसूक्त पढेर रुद्राभिषेक गर्दैनन् । परमात्मा शिवका पुराना स्थानहरू भक्तिले दर्शन गर्दैनन् । श्री दक्षिणकैलासमा र श्री व्याघ्रपुरमा श्रद्धाका साथ एक वर्षसम्म वस्दैनन् । अरू विशिष्ट शिवजीका स्थान-मा पनि पाषण्डीहरू एक वर्षसम्म वस्दैनन् । पाषण्डीहरू दिनहुँ आचार्यबाट वेदान्त महावाक्यको अर्थको निर्णय गर्दैनन् । मोहित भएका पाषण्डीहरू परमहंसरूप संन्यास लिदैनन्, अरू संन्यासको द्वेष गर्छन् । पाषण्डीहरू वेदले बताएको अरू सत्कर्महरू पनि गर्दैनन् । पाषण्डीहरू धर्म–शास्त्रले वताएका सतृकर्म गर्दैनन् । अरू शंख, चक्र, गदा र वज्रका चिह्नहरू आफ्ना शरीरमा मोहले अंकित गर्दछन् । हे देवता-हो, धेरै भनेर के हुन्छ ? पाषण्डीहरू वेदको मर्यादाको लंघन श्रद्धाले नै गर्छन् । महेश्वरका प्रसाद पाएका विशिष्ट धीरहरू

त्याहिं मुक्तिका लागि केवल वेदले बताएको कर्महरू खुशी साथ गर्छन् ।

इति द्वितीय अध्याय

तेस्रो अध्याय

ब्रह्मोवाच—

सर्वात्मा शंकरो नाम साक्ष्येव सकलस्य तु ।
साक्ष्यभावे जगत्-साक्ष्यं कथं भाति सुरोत्तमाः ।१।

(आत्मा प्राणरूप हो कि अथवा चैतन्यशक्ति-स्वरूप हो भन्ने प्रश्नको उत्तरस्वरूप 'जल्ले गर्दा देख्छ, जल्ले गर्दा सुन्छ, इत्यादि ऐतरेय' श्रुति ३/१ को अर्थ स्पष्ट पार्नाको लागि आत्मा साराको साक्षी हो भन्ने यहाँ देखाइन्छ ।) हे उत्तम देवताहो, साराको आत्म-स्वरूप शंकर नै सारा जडप्रपञ्चको साक्षी अर्थात् प्रकाशक हुनुहुन्छ । साक्षी नभए साक्ष्य अर्थात् साक्षीबाट प्रकाशित जगत् कसरी भान होला ? (यसैले साक्षीलाई मान्नुपर्छ ।)

स्वतो भान-विहीनं हि जगत् सर्वं चराचरम् ।
जडता ऽ जडता चास्य जगतो भानवत्तया ।२।

(साक्षी जस्तै साक्ष्य (दृश्य) को स्वतः भान किन नहुनु भन्ने प्रश्नको उत्तर दिइन्छ) सारा चर र अचर जगत् साक्षी विना आफै भान अर्थात् प्रकाशित हुन सक्दैन । चैतन्यरूप आत्मा साक्षीले प्रकाशित गरिने हुँदा जगत् जड ठहरिन्छ । यो जगत्को जडता र अजडता भानबाट नै सिद्ध हुन्छ । (यसै हुँदा साक्षि-रूप भानको स्वीकार गर्नुपर्छ ।)

यज्-जगद्-भासकं भानं नित्यं भाति स्वतः सुराः ।
स एव जगतः साक्षी सर्वात्मा शंकरा-भिधः ।१२।

जो जगत्को प्रकाशक भान (चैतन्य) सदैं आफैं अर्थात् अरू भानको वास्ता नराखी प्रकाशित भइराखेको छ । उही नै जगत्को साक्षी साराको आत्मा शंकर हुनु हो ।

तेन कल्पित-संबन्धा दज्ञानं भाति न स्वतः ।
अज्ञान-जन्यं चित्तं च राग-द्वेषा-दयस् तथा ।
अज्ञान-स्पृष्ट-चैतन्या देव भान्ति न च स्वतः ।१३।

अज्ञानको संवन्ध पनि साक्षीमा कल्पित हो । स्वाभाविक होइन । अज्ञानबाट पैदा भएको जुन सत्त्वगुणको परिणामरूप अन्तःकरण र राग द्वेष आदि त्यसका धर्म हुन् त्यो सबै कारणरूप अज्ञानसँग संवन्ध भएको चैतन्यबाट नै

हो, स्वभावले होइन । (यो पुरुष असङ्ग छ' भन्ने श्रुति अनुसार भान मात्र रूप भएका साक्षीको कसैसँग पनि वास्तविक संबन्ध छैन ।

प्राण श्चापि तथा बाह्य-करणानि वपुस् तथा ।
चित्तवृत्य-भि—संवन्ध-द्वारेणैव दृगन्वयात् ।१४।
विभान्ति न स्वतो बाह्य-विषयाश्च तथैव च ।१५।

प्राण, बाहिरी ईन्द्रिय, शरीर र वाहिरी विषयहरू पनि चित्तवृत्तिसँग संवन्ध भएको चैतन्यबाट भान भएका हुन् । स्वतः अर्थात् आफैं भान भएका होइनन् ।

अनुमाना-दि-वृत्ति-स्थं चैतन्यं सुर-सत्तमाः ।
अर्थाना मपि केषांचिद् भासकं तेन शंकरः ।१६।
सर्वावभासकः प्रोक्तस् तेन भात मिदं जगत् ।
अतो रूपाणि तेनैव पश्यती—शेन मानवः ।१७।

अनुमान, उपमान आदि प्रमाणवृत्तिमा रहेको चैतन्य कुनै कुराको प्रकाशक हुन्छ अथात् पर्वत आगोले युक्त छ. धूवाँ भएको हुनाले यस्तो अनुमान गर्दा धूमवत्त्व अथात् धूवाँ हुनुरुप हेतु भएको हुनाले परंपरा संवन्ध-द्वारा अग्निमत्त्व अर्थात् आगो हुनुलाई प्रकाश गर्छ । 'उसैका प्रकाशले सारा प्रकाशित हुन्छ' भन्ने श्रुति-अनुसार आत्मा साक्षिरूपले सारा वस्तुको प्रकाशक हो । त्यही साक्षिचैतन्यले गर्दा जगत्

प्रकाशित भइरहेछ । यसै हुँदा त्यही चैतन्यको प्रकाश पाएर मानिस आँखाले रूप देख्दछ ।

शृणोत्यनेन शब्दाँश्च गन्धा नाजिघ्रति प्रियान् ।
अनेनैव सदा वाचं व्याकरोति तु मानवः ॥
अनेन स्वादु चास्वादु विजानाति च मानवः ।१८।

त्यही साक्षिचैतन्यको प्रकाश पाएर मानिस कानले शब्द सुन्छ, नाकले गन्ध सुँघ्दछ, वागिन्द्रियले बोल्दछ, र रसनेन्द्रिय अर्थात् जिब्रोमा रहेको इन्द्रियले मीठो अथवा नमीठो जान्दछ । (यहाँ वागिन्द्रिय भनेर हात, खुट्टा आदि कर्मेन्द्रिय पनि लिइन्छन् । अनि खालि इन्द्रियले मात्र विषयको ग्रहण गर्न सक्दैन, किन्तु मनसँग संवन्ध हुन्छ । मनोवृत्तिमा अभिव्यक्त चैतन्यद्वारा विषयको ग्रहण हुन्छ । (ऐतरेय ३।१ को नै आशय यहाँ वताइएको हो ।)

हे श्रेष्ठ देवताहो, जुन साक्षिचैतन्यस्वरूप सारा प्रपञ्चको प्रकाशक भानरूप शंकरको कुरा वताएँ । त्यो तत्त्वलाई विद्वान्हरूले धेरै नाम राखेका छन् । कुनै ब्राह्मणले त्यो तत्त्वलाई हृदय भनेका छन् । अर्थात् हृदयमा रहने अन्तःकरणलाई हृदय भन्छन् । अनि अन्तःकरण उपाधि भएको चैतन्यलाई पनि हृदय भन्छन् । यसै गरी अरू सज्जनहरू त्यो चैतन्य तत्त्वलाई मन भन्छन्, कोही संज्ञान भन्छन् । संज्ञानको अर्थ चैतन्य हो । कसैले आज्ञान भन्छन् । आज्ञा शक्तिरूप वृत्ति

आज्ञान हो । कसैले विज्ञान भन्छन् । यहां विज्ञान भनेर लौकिक सूक्ष्मविषयक वृत्ति हो । कसैले प्रज्ञान भनेका छन् । कोही ब्राह्मणहरू मेधा भन्छन् । कसैले दृष्टि भनेका छन् । दृष्टि भनेर नेत्र आदि इन्द्रियद्वारा घट, पट आदि विषयाकार वृत्ति लिनुपर्ला भनी एक ग्रन्थकारले भनेका छन्, अतीत विषयको कुरा स्मृति हो । राग आदि विषयक मति हो । तात्कालिक बुद्धि हो । तीनै कालको प्रकाश गर्ने प्रज्ञा हो ।' यसैगरी घृति मति, मनीषा, जूति, स्मृति, संकल्प, क्रतु र काम पनि भन्छन् । कुनै आस्तिकहरू वश अर्थात् माला, चन्दन, स्त्री, अन्न, पान इत्यादि विषयको इच्छा पनि भन्छन् । यसै गरी चैतन्यरूप शिवका धेरै नाम छन् । यसमा शंका छैन । (ऐतरेय ३/२ को आशय यहाँ बताएको हो) ।

एष ब्रह्मैष एवेन्द्र एष एव प्रजापतिः ।
एष एव हि देवाश्च भूतानि भुवनानि च ।२५।
अण्डजा जारुजाश्चैव स्वेदजा उद्भिजा (ज्जा) अपि ।
अश्वा गावश्च मर्त्याश्च हस्तिपूर्वास् तथैव च ।२६।

(अन्तःकरण–वृत्ति नै उपाधि भएको शब्द आदि सारा विषयको प्रकाशक नित्य स्वप्रकाश साक्षिचैतन्य नै आत्मा हो भन्ने बताइयो (अब त्यही चैतन्य स्थावर जंगमरूप सारा जगतमा जीवभावले र उपादानभावले सर्वत्र रहेको हुँदा चैतन्यवस्तुको परिच्छेदभ्रम हटाउन ऐतरेय उपनिषद्–३–३ का आधारमा सर्वात्मभाव बताइन्छ)

यही शुद्धचैतन्य नै ब्रह्मा (हिरण्यगर्भ अर्थात् सूक्ष्म-शरीर समष्टि उपाधि भएका) हुन् । इन्द्र, प्रजापति र पञ्चीकृत स्थूल भूतबाट खडा हुन लागेको ब्रह्माण्ड भित्र रहने पहिला शरीरी विराट्) देवताहरू, साराको शरीरका उपादान कारण भएका पृथिवी आदि पाँच महाभूतहरू, ती महाभूतका कार्य भएका लोकहरू, अनि तिनमा रहने अण्डज अर्थात् फुल-बाट पैदा हुने चराहरू, जारुजा अर्थात् गर्भाशयबाट पैदा हुने मानिसहरू, स्वेदज अर्थात् पसीनाबाट पैदा हुने जम्राहरू, उद्भिज्ज अर्थात् भइँ फोरेर पैदाहुने झार, लहरा, रूखहरू, घोडा, गाई, हात्ती आदि प्राणीहरू चैतन्य नै हुन् अर्थात् जो हाम्रो शरीरभित्र रहेका चैतन्य आत्मा हुन् उनी नै ब्रह्मा, इन्द्र आदिको साक्षिरूपले रहेका छन् । पानीको छाल फोका इत्यादिमा प्रतिबिम्वित सूर्यविम्व जस्तै सारा प्राणीको अन्तःकरणरूपउपाधिमा चैतन्यको अनुप्रवेश भएकोले चैतन्यस्वरूप नै हुन् ।

स्थावर जंगमं चैव तथा न्यदपि किंचन ।
सर्व मेत दयं शंभुः प्रज्ञान-घन-लक्षणः ।२७।

स्थावर अर्थात् नहिड्ने अचल पहाड आदि र जंगम अर्थात् हिंड्ने र अरू पखेटाले आकाशमा उड्ने चरा इत्यादि पनि प्रज्ञानरूप साक्षिचैतन्यमा अज्ञानद्वारा कल्पित हुनाले सारा चैतन्यघन शंभु नै हुनु हो । (ऐतरेय ३।३ कै अन्तिम अर्थ हो) ।

प्रतिष्ठा सर्व-वस्तूनां प्रज्ञैषा पारमेश्वरी ।
प्रज्ञानमेव तद् ब्रह्म शिव-रुद्रा-दि-संज्ञितम् ।२८।

(साराको साक्षी भएको प्रज्ञान नै मुख्य हो भन्ने बुझाई त्यही नै ब्रह्म हो भन्ने कुरा दर्शाउन प्रज्ञा नै प्रतिष्ठा हो प्रज्ञान नै ब्रह्म हो भन्ने ऐतरेयको अन्तिम अंशको आशय यहाँ छर्लङ्ग गराइन्छ) परमेश्वर नै जीवभावले रहेको हुँदा त्यसको संबन्धी सर्वसाक्षी चैतन्य नै कल्पित सारा वस्तुहरूको प्रतिष्ठा अर्थात् आश्रय हो । सारा कल्पनाको आश्रय भएको, सारा वस्तुको प्रकाशक साक्षिरूप प्रज्ञान अर्थात् चैतन्य नै शिव, रुद्र आदि नाम भएको जगत्को कारण ब्रह्म हो । जस्तो यो त्यही देवदत्त हो भन्दा विरुद्ध देश र काललाई छोडेर काशीमा देखेको र ऐले नेपालमा देखेको देवदत्तको एकता हुन्छ त्यस्तै साक्षिचैतन्यको वाचक प्रज्ञान शब्दको र जगत्को कारण शिवको वाचक ब्रह्मशब्दको साक्षित्व र जगत्कर्तृत्व आदि विरुद्ध अंशलाई छोडी चैतन्य चैतन्यको एकता हुन्छ ।

एवं-रूप-परिज्ञाना देव मर्त्योऽमृतो भवेत् ।
न कर्मणा न प्रजया न चान्येना पि केनचित् ।२९।

(ऐतरेय ३।४ को अर्थ वताइन्छ) आफ्नो अन्तःकरण-को प्रकाशक साक्षिचैतन्य नै प्रपञ्चरहित ब्रह्म हो भन्ने स्वरूप-को यथार्थ ज्ञानले नै मानिस अमृत अर्थात् कहिले पनि नमर्ने (मुक्त) हुन्छ । कर्मले, सन्तानले र अरू कुनै कुराले पनि

मुक्त भइँदैन । अर्थात् अज्ञानलाई ज्ञानले मात्र नष्ट पार्न सकिन्छ ।

ब्रह्म-वेदन-मात्रेण ब्रह्माप्नोत्येव मानवः ।
अत्र नास्त्येव संदेहस् त्रि र्वः शपथयाम्यहम् ।३०।

आत्मा र ब्रह्मको एकतारूप ज्ञानले नै मानिसले निरतिशय आनन्दरूप ब्रह्मलाई पाउँदछ अर्थात् निर्गुण आनन्द-रूप हुन्छ । यो कुरामा शंका छँदै छैन भनी तिमीहरूको सामुन्ने तीनपटक म शपथ खान्छु ।

यहाँसम्म ऋग्वेदीय ऐतरेय उपनिषद्को आधारमा आत्मा र ब्रह्मको एकताको साक्षात्कारले नै मुक्ति हुन्छ भन्ने निर्णय गरियो । अब तैत्तिरीय उपनिषद्को अर्थ विचार गरेर पनि त्यही कुराको ठोकुवा गरिन्छ ।

तद् विद्या-विषयं ब्रह्म सत्य-ज्ञान-सुखा-द्वयम् ।
संसारके गुहा-वाच्ये माया-ज्ञाना-दि-संज्ञिते ।।
निहितं ब्रह्म यो वेद परम-व्योम-संज्ञिते ।३१।

(तैत्तिरीय ब्रह्मानन्द-वल्लीको सत्य, ज्ञान र अनन्त ब्रह्म हो भन्ने वाक्यको अर्थ यहाँ गरिन्छ) त्यो विद्या अर्थात् ज्ञानको अन्तिम ब्रह्माकार वृत्तिको विषय भएको ब्रह्म व्यापक छ अर्थात् वस्तुकृत, कालकृत र देशकृत परिच्छेददेखि रहित छ । त्यो सत्य छ अर्थात् तीनै अवस्था र तीनै कालमा भान भइराखेको छ अर्थात् कहिले पनि हराउँदैन । यसै हुँदा ऊ स्वप्रकाश छ अर्थात् अरूबाट प्रकाशित हुने होइन, फेरि ऊ

ज्ञानस्वरूप छ, अनि अनन्त छ अर्थात् नाशवान् होइन । फेरि ऊ सुख-स्वरूप छ फेरि ऊ अद्वय छ अर्थात् एक मात्र भएकोले दुइटा छैन । संसारको कारण अव्याकृत नै गुहा अर्थात् गुफा हो, किनभने कारणरूप त्यसमा कार्य तीनै कालमा लुकेर रहेको हुन्छ । त्यसैलाई माया र अज्ञान पनि भन्छन् । त्यसमा त्यसैलाई परम व्योम अर्थात् ठूलो आकाश पनि भन्छन् । त्यसमा रहेको सत्य, ज्ञान, आनन्द एकरस, अद्वितीय ब्रह्मलाई जसले आत्मस्वरूप भन्ने जानी वेदान्तको श्रवण, मनन, र निदिध्यासन आदि साधनबाट भएको ब्रह्माकार बुद्धिवृत्तिले साक्षात्कार गर्छ त्यो जीवन्मुक्त हुन्छ ।

सोऽश्नुते सकलान् कामा-नक्रमेण सुरर्षभाः ।
विदित-ब्रह्म-रूपेण जीवन्मुक्तो न संशयः ।३२।

हे श्रेष्ठ देवताहो, ती ज्ञानीले सारा काम अर्थात् सुखका उपभोगहरू विना क्रमले अर्थात् एकै पल्ट पाउँदछन् । आवरणले रहित भई ब्रह्मको साक्षात्कार गरेको हुनाले सूर्य जस्तै एकै पल्ट सारा वस्तुको प्रकाश ती जीवन्मुक्त गर्दछन् । साराको अन्तःकरणको प्रकाशक ब्रह्मस्वरूप भए पनि प्रारब्ध-कर्मले गर्दा प्राण, शरीर इत्यादि धारण गरेर साधारण अज्ञानी जस्तै व्यवहार गरे पनि मुक्त नै हुन्छन् । शंका छैन । (तैत्तिरीय २।१ कै तिनले सारा काम पाउँछन् भन्ने वाक्यको अर्थ यहाँ गरिएको हो) ।

प्रत्यगज्ञान–विज्ञान–माया–शक्तेस्तु साक्षिणम् ।
एकं ब्रह्म च संपश्यन् साक्षाद् ब्रह्मविदुत्तमः ।३३।

आत्माको ब्रह्मरूपताको आच्छादक अज्ञान हो प्रत्यग्-को अज्ञान । किसिम किसिमको कुरा जसबाट जानिन्छ त्यो हो विज्ञान अर्थात् अन्तःकरण । यी दुइ रूपले रहेकी सत्त्व, रज र तम यो तीन गुणरूप मायाशक्ति हो कारण शरीर । त्यसको साक्षिरूपले अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय यी पाँच कोश भित्र रहेको साक्षिचैतन्य आत्मा र सत्य, ज्ञान, अनन्तरूप ब्रह्म एक हो भन्ने बुझी सारा शंका र विपरीत भावनाहरू हटाएर यथार्थ अनुभव गर्ने उत्तम ब्रह्म-ज्ञानी हुनुहुन्छ ।

ब्रह्मरूपात्मनस् तस्माद् एतस्माच् छक्तिमिश्रितात् ।
अपञ्चीकृत आकाशः संभूतो रज्जु–सर्प–वत् ।३४।

'ती आत्माबाट आकाश पैदा भयो' इत्यादि २।१ कै श्रुतिको अर्थ यहाँ बताइन्छ ।' यही माया शक्ति उपाधि भएका ब्रह्मरूप आत्माबाट पञ्चीकरण नगरिएको शुद्ध आकाश पैदा भयो । डोरी जस्ताको तस्तै रहँदा पनि जस्तो देख्ने मानिसको भ्रम रूप सर्पको वासनाले सर्प देख्छ, तर डोरीमा सर्प तीनै कालमा छैन । यस्तै ब्रह्म निर्विकार भए पनि माया–शक्तिले गर्दा आकाश आदि जगत्को आकारमा विव-र्तित हुन्छ । एउटा वस्तुमा अर्को वस्तु देखिनुलाई विवर्त

भन्छन् । यहाँ कारणस्वरूपको अविरोधले कार्यको प्रतिभास हुन्छ । जस्तो माटोरूप कारणको विरोध नगरी घट आदि कार्य पैदा हुन्छ ।

आकाशाद् वायु-संज्ञस्तु स्पर्शोऽपञ्चीकृतः पुनः ।
वायो रग्निस् तथा चाग्ने राप अद्भ्यो वसुंधरा ।३५।

आकाशरूप हुन आएका ब्रह्मवाट स्पर्शतन्मात्रा भन्ने अर्को नाउँ भएको वायु शब्द र स्पर्श यी दुइ गुण भएको पैदा भयो । वायु-रूप हुन आएका ब्रह्मबाट शब्द, स्पर्श र रूप यी तीन गुण भएको अग्नि पैदा भयो । अग्निवाट शब्द, स्पर्श, रूप र रस यी चार गुण भएको जल पैदा भयो । जलवाट शब्द, स्पर्श, रूप, रस, गन्ध यी पाँच गुण भएको पृथ्वी पैदा भयो ।

तानि भूतानि सूक्ष्माणि पञ्चीकृत्य शिवाज्ञया ।
तेभ्य एव सुराः सृष्टं ब्रह्माण्डाख्य मिदं मया ।३६।

भुवनानि विशिष्टानि निर्मितानि शिवाज्ञया ।
ब्रह्माण्डस्यो दरे देवा देवाश्च विविधा अमी ।३७।

देवादयो मनुष्याश्च तथा पश्वादयो जनाः ।
तत्-तत्-कर्मा-नुरूपेण मया सृष्टाः शिवाज्ञया ।३८।

हे देवता हो, शिवजीको आज्ञाले ती सूक्ष्म पाँच महाभूतहरूको पञ्चीकरण गरेर (अर्थात् आकाशको दुइ भाग गरी आधाभागको चार टुक्रा तुल्याई एक एक टुक्रा वायु, तेज, जल र पृथिवीमा मिसाएर अनि त्यो आकाशको आधा भागमा चाहि वायुहरूको एक एक टुक्रा मिसाएर। यसैगरी वायु, तेज, जल र पृथ्वीको पनि भाग लगाएर) तिनै पाँच महाभूतहरूबाट यो ब्रह्माण्ड मैले सृष्टि गरें ।३६। शिवजीका आज्ञाले गजबका भुवनहरू बनाएँ । ब्रह्माण्डमा धेरै किसिमका देवता, बनाएँ ।३७। शिवजीको आज्ञाले देवता मनुष्य र पशु आदि प्राणीहरू पनि तिनीहरूको ती ती कर्मका अनुसार मैले सृष्टि गरें ।३८। (पृथ्वीबाट ओषधि र ओषधिबाट अन्न इत्यादि तैत्तिरीय २।१ को अर्थ यहाँ गरिएको हो ।)

अस्थि-स्नादवा-दि-रूपं यच् छरीरं भाति देहिनाम् ।
तस्मात् प्राणमयो ह्यात्मा विभिन्न श्चान्तरो यतः ।३९।

(त्यो यही पुरुष अन्नरसमय हो भन्ने तैत्तिरीय २-१ ले प्रतिपादित कोशहरू अब देखाइन्छन् ।) हाड, मासु, रगत, छाला, नसा इत्यादि रूप भएको जुन स्थूल शरीर अर्थात् अन्नमय कोश छ (अन्नको रसबाट बनेको हुनाले र तरबारको म्यान जस्तै भित्रको आत्मालाई ढाक्ने हुनाले यसलाइ अन्नमय कोश भन्छन्) त्यो भन्दा प्राणमयकोश (अर्थात् पाँच प्राण र हात खुट्टा आदि पाँच कर्मेन्द्रियको जमात) शरीरभित्र रहेको छ र अलग पनि छ । यसै हुँदा बाहिरी अन्नमय भन्दा

भित्री प्राणमय कोशलाई विवेकद्वारा केलाएर छुट्याउनुपर्छ ।

योऽयं प्राणमयो ह्यात्मा भाति सर्वशरीरिणाम् ।
ततो मनोमयो ह्यात्मा विभिन्न श्चान्तरत्वतः ।४०।

(त्यो यो प्राणमयभन्दा अर्को भित्री मनोमय आत्मा हो भन्ने तैत्तिरीय २।३ को अर्थ गरिन्छ) यो प्राणमय कोश सारा शरीरधारीको आत्मा जस्तै भान हुन्छ (किनभने प्राण स्थूल शरीरबाट निस्कनासाथ मर्दछ) तर प्राणमयभन्दा मनोमय कोश अर्थात् मन र कान, छाला, आँखा आदि पाँच ज्ञानेन्द्रियको जमात भित्र छ र भिन्न पनि छ । (किनभने मनोमय कोशले भित्र रहेको आत्मचैतन्यलाई व्यक्त गराउँछ अर्थात् लखाउँछ, तर प्राणमय कोशले आत्मचैतन्यलाई लखाउन सक्दैन । खालि श्वास र निःश्वासद्वारा अन्नमयको धारण गर्छ । यसै हुँदा निदाएको बखतमा रजको परिणाम-रूप हुनाले प्राणवृत्तिमा चैतन्य विशेषरूपले व्यक्त हुँदैन । यसैले प्राणमयभन्दा मनोमय भित्री र अलग हो भन्ने बुझ्नुपर्छ । तसर्थ विमर्श ज्ञान गराउने पाँच ज्ञानेन्द्रियले सहित भएको संकल्पविकल्परूप वृत्तिले युक्त अन्तःकरणरूप उपाधिले विशिष्ट आत्मा हो मनोमय ।

योऽयं मनोमयो ह्यात्मा भाति सर्वशरीरिणाम् ।
विज्ञानमय आत्मा च ततोऽन्य श्चान्तरो यतः ।४१।

(यो मनोमय भन्दा भित्री अर्को आत्मा विज्ञानमय छ तैत्तिरीय २।४ को अर्थ यहाँ गरिन्छ) सारा शरीरधारीलाई जुन मनोमय कोश आफू भन्ने भान हुन्छ अर्थात् आत्म–प्रकाशलाई लखाउने मनको संकल्प विकल्पको भारी बोकेर आफू नै संकल्प विकल्प गर्ने हो भन्ठान्छ । त्यो भन्दा पाँच ज्ञानेन्द्रिय कान, आँखा आदिले सहित निश्चय गराउने बुद्धिले युक्त आत्मालाई विज्ञानमय कोश भन्छन् । जसले विशेषरूपले जानिन्छ अर्थात् निश्चय गरिन्छ त्यो अन्तःकरण हो विज्ञान । यसमा रजोगुणको स्पर्श नभएकोले र भित्र रहेको आत्म चैतन्यको विशेषरूपले अभिव्यक्ति अर्थात् स्पष्टता देखिएकोले विमर्शरूप अर्थात् संकल्पविकल्परूप मनभन्दा भित्र हो र अलग पनि हो । यो प्राणमय मनोमय र विज्ञानमय सूक्ष्म शरीरभित्र पर्दछन् । पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय पाँच प्राण मन र बुद्धि यी सत्र कुराको जमातलाई सूक्ष्म शरीर भन्छन् । कसैले चाहि चित्त र अहंकारलाईं समेत थपी उन्नाइस पुऱ्याउँछन् ।

विज्ञानमय आत्मा यो विभाति सकलात्मनाम् ।
आनन्दमय आत्मा च ततोऽन्य श्चान्तरो यतः ।४२।

(मनोमय जस्तै विज्ञानमय पनि बाहिरी भएकोले खास आत्मा होइन भन्ने दर्शाउन 'त्यो विज्ञानमय भन्दा अर्को र भित्री आनन्दमय हो' भन्ने तैत्तिरीय २।५ को अर्थ यहाँ

गरिन्छ) ।

सारा प्राणीको जुन विज्ञानमय आत्मा प्रकाशित भइराखेको छ । त्यसभन्दा भित्री अर्को आत्मा छ । विद्या र कर्मको फलस्वरूप सुख हो आनन्द । त्यो व्यक्त गर्ने उपाधिले युक्त आत्मा हो आनन्दमय । फलरूप हुनाले यो भित्री हो । विज्ञानमय चाहिं त्यो फलको साधन भएको विद्या र कर्मलाई पैदा गर्ने हुनाले आनन्दमय भन्दा बाहिरी हो ।

उसो भए के सब कोशभन्दा भित्रको यही आनन्दमय नै आत्मा ब्रह्म हो ? तर अरू कोश जस्तै यो आनन्दमय पनि उपाधिले युक्त हो । प्रिय, मोद र प्रमोदरूप हुन् उपाधि । प्रिय शिर हो । मोद दाहिने पक्ष हो । प्रमोद उत्तर पक्ष हो । आनन्दमय कोशका यी वृत्तिहरू सुषुप्ति र प्रलय आदिमा आफ्नै कारण अज्ञानमा लीन हुन्छन् । यसैले भावरूप अज्ञान नै आनन्दमयको उपाधि हो भन्नु बेस हो ।

संक्षेपमा भन्ने हो भने पुण्य–भोगको कालमा कुनै अन्तर्मुखी बुद्धिको वृत्तिमा जुन आनन्दको प्रतिबिंब पर्दछ त्यही हो आनन्दमय कोश । प्रतिबिम्ब आनन्द सातिशय र खण्डित हुन्छ । बिंब आनन्द हो अखण्ड र निरतिशय । त्यसै हुँदा 'पुच्छं ब्रह्म प्रतिष्ठा' हो भन्ने वाक्यको आश्रयले अन्नमय आदि पाँचै कोशको आधार, र सबैभन्दा भित्रको अपरिच्छिन्न, निर्विकार, निरवयव ब्रह्म हो भन्ने स्पष्ट हुन्छ । पुच्छशब्दको अर्थ हो अधिष्ठान । यसैले सात्विक अन्त:करणको परिणाम

रूप प्रतिविम्व आनन्द व्यक्त गन वृत्ति नै उपाधि हो । ब्रह्म चाहि उपाधिरहित हो ।

योऽयमन्नमयः सोऽयं पूर्णः प्राणमयेन तु ।
मयोमयेन प्राणोऽपि तथा पूर्णः स्वभावतः ।४३।

तथा मनोमयो ह्यात्मा पूर्णो ज्ञानमयेन तु ।
आनन्देन सदा पूर्णस् तथा ज्ञानमयः सुराः ।४४।

जो यो अन्नमय हो त्यो प्राणमय कोशले पूर्ण छ । प्राणमय पनि स्वभावले नै मनोमयले पूर्ण छ । त्यस्तै मनोमय आत्मा विज्ञानमयले पूर्ण छ । हे देवताहो, विज्ञानमय पनि त्यसै गरी आनन्दमयले पूर्ण छ । जस्तो मूषाकार अर्थात् सुन आदि पगाल्ने घरियाको आकार भएको प्रतिमा आफूले पगालेको तामाले पूर्ण हुन्छ ।

तथाऽऽनन्दमयश्चापि ब्रह्मणाऽन्येन साक्षिणा ।
सर्वान्तरेण संपूर्णो ब्रह्म नान्येन केनचित् ।४५।

त्यस्तै आनन्दमय कोश पनि सबैभन्दा भिन्न रहेको साक्षी ब्रह्मले पूर्ण छ । अरू कसैले पनि पूर्ण छैन । सबैको अधिष्ठान चैतन्यरूप ब्रह्म ता देश, काल र वस्तुको परिच्छेददेखि रहित हुनाले अरू कसैले पनि व्याप्त छैन, किन्तु आफैं

नै सर्वैतिर छाइएर रहेको छ ।

यदिदं ब्रह्म पुच्छाख्यं सत्य-ज्ञाना-द्वया-त्मकम् ।
स रसः सर्वदा साक्षान् नान्यथा सुर-पुंगवाः ।४६।

(सबभन्दा भिन्न भएको ब्रह्म जान्ने उपाय भएकोले अन्नमय आदि पाँच कोशको वर्णन गरिएको हो । जो अन्न-ब्रह्मको उपासना गर्छन्, इत्यादि वाक्यका आधारमा कोशहरू-को उपासनाको लागि होइन । हुनत आनन्दमयभन्दा अर्को आत्मा छ भनी तोकेर बताइएको छैन । तै पनि पुच्छ प्रतिष्ठा हो भनी आनन्दमयको आधार-रूपमा औंल्याइएको सत्य, ज्ञान आदि स्वरूप भएको अन्नमय आदि अनात्मदेखि अलग साक्षी भएर रहेको आत्मचैतन्यले पाँचै कोश छाइएका छन् ।) जो यो पुच्छ नाउँ भएको अर्थात् अधिष्ठानस्वरूप भएको सत्य अर्थात् तीनै अवस्थामा र तीनै कालमा रहिरहने, ज्ञान अर्थात् चैतन्यरूप अनि अद्वय अर्थात् दुइ नभएको ब्रह्म हो । हे श्रेष्ठ देवताहो त्यही नै सँदै साक्षात् रस हो अरू होइन । (आत्मा ब्रह्म ता देश, काल, र वस्तुको परिच्छेददेखि रहित छ, अद्वितीय छ । आत्म-दृष्टि भएका ज्ञानीहरूले साक्षात् अनुभव गरिने हुनाले यो रस हो । (तैत्तिरीयको गुहायां निहितं अर्थात् गुफामा राखिएको भन्ने वाक्यको अर्थ यहाँ देखाइयो) ।

एतमेव रसं साक्षाल् लब्ध्वा देही सनातनम् ।
सुखी भवति सर्वत्र नान्यथा सुर-सत्तमाः ।४७।

हे श्रेष्ठ देवताहो, यहो सँदै रहिरहने निरतिशय आत्मरस नै साक्षात् पाएर अर्थात् प्रत्यक्ष अनुभव गरेर मनुष्य सर्वत्र अर्थात् सबै देश र कालमा सुखी हुन्छ। यसदेखि भिन्न अनित्य विषयको भोगबाट सँदै सुखी भइँदैन। (ज्ञानी-को अनुभवको बलले नै रसस्वरूप ब्रह्मको अस्तित्व सिद्ध हुन्छ।)

असत्यस्मिन् परानन्दे स्वात्म–भूतेऽखिलात्मनाम् ।
को जीवति नरो देवाः को वा नित्यं विचेष्टते ।४८।

('यदि आकाश आनन्द नभए कुनचाहिं बाँच्ला' इत्यादि तैत्तिरीय २।७ को अर्थ यहाँ गरिन्छ।) हे देवता हो, सारा प्राणीको आत्मस्वरूप यो परम आनन्द नभए कुनचाहिं प्राणी प्राणधारण गर्ला अर्थात् बाँच्ला अनि कसले प्राणन आदि चेष्टा गर्ला ? (किनभने सुषुप्तिमा त्यही आनन्द पाएर अनि जाग्रत्‌मा पनि विषयभोगद्वारा इच्छाको निवृत्ति भएको-ले वृत्ति–निरोध हुँदा त्यही आनन्दको छाया पाएर मात्र प्राणीहरू बाँचिरहेका छन्।

तस्मात् सर्वात्मनां चित्ते भासमानो रसो हरः ।
आनन्दयति दुःखाढ्यं जीवात्मानं कृपा–बलात् ।४९।

त्यसै हुँदा सारा प्राणीको हृदयमा प्रत्यक्षरूपले प्रकाश-मान रसरूप हर अर्थात् शिवजी नै कृपा गरेर दुःख भरिएको

संसारमा जीवलाई आनन्द दिनुहुन्छ ।

यदा ह्येवैष एतस्मिन् नदृश्यत्वा–दि–लक्षणे ।
निर्भेदं पर मेकत्वं विन्दते सुर–सत्तमाः ।५०।

तदैवाऽभयं मत्यन्तं कल्याणं परमामृतम् ।
स्वात्म–भूतं परं ब्रह्म स याति स्वर्गवासिनः ।५१।

('जुन बखतमा अदृश्य आदिमा प्रतिष्ठा पाउँछ अनि त्यो अभय हुन्छ' भन्ने तैत्तिरीय २।७ को अर्थ यहाँ गरिन्छ।) हे स्वर्गवासी श्रेष्ठ देवताहो, जब यो अदृश्य अर्थात् दृश्य-प्रपञ्च नभएको, अनात्म्य अर्थात् स्थूलशरीर नभएको, अनिरुक्त अर्थात् सूक्ष्मशरीर नभएको, अनिलयन अर्थात् साराप्रपञ्च लीन हुने कारण शरीर नभएको ब्रह्ममा म अर्को हुँ भन्ने भेद नभएको वास्तविक एकता श्रवण, मनन र निदिध्यासन आदि साधनद्वारा मुमुक्षुले पाउँछ तब नै भयरहित अनि कल्याण–स्वरूप उत्तम अमृत अर्थात् कहिले पनि नष्ट नहुने आत्मरूप परब्रह्मलाई पाउँछ।

यदा ह्येवैष एतस्मिन् नल्प मप्यन्तरं नरः ।
विजानाति तदा तस्य भयं स्यान् नात्र संशयः ।५२।

(जब यसमा अलिकति पनि भेद देख्छ तब डर हुन्छ भन्ने तैत्तिरीय १।७ को अर्थ बताइन्छ) । जब यी ब्रह्मा

मानिसले अलिकति पनि भेद देख्छ अर्थात् म संसारी जीव हुँ र मदेखि ब्रह्म भिन्न हुनुहुन्छ भन्ने ठान्दछ भने त्यसलाई नाना किसिमको डर हुन्छ यसमा शंका छैन ।

सर्वेषा मात्मभूतं यद् ब्रह्म सत्यादिलक्षणम् ।
उदास्ते तत् सुरश्रेष्ठा यथा-जात-जनं प्रति ।५३।

(ब्रह्म सर्वत्र एकनासले रहेपछि पक्षपात नहुनुपर्ने अर्थात् भेददर्शीलाई पनि अभयको प्राप्ति हुनुपर्ने भन्ने शंकाको निवारण यहाँ गरिन्छ) हे श्रेष्ठ देवताहो, सवैको आत्मस्वरूप सत्य, ज्ञान, अनन्त आदि लक्षण भएका ब्रह्म मूर्खका प्रति उदासीन अर्थात् वास्ता नगर्ने हुनुहुन्छ अर्थात् अधिकार नभएका मानिसका प्रति ब्रह्म जान्ने इच्छादेखि विमुख भएका हुनाले प्रकाशित हुनुहुन्न ।

सम्यग् ज्ञानै-क-निष्ठानां तदेव परमं पदम् ।
तदा स्वात्मतया भाति केवलं कृपया सुराः ।५४।

राम्ररी एक ज्ञानमा निष्ठा भएका अर्थात् आत्मा र ब्रह्मको एकता-विषयमा शंकारहित भइसकेका लागि चाहिं परम पद अर्थात् मायादेखि रहित केवल ब्रह्म दयाका साथ साक्षात्कारको समयमा आत्मरूपले नै प्रकाशित हुनुहुन्छ ।

तत्त्वेवाऽधीत-वेदस्य सहाङ्गैः सुर-पुंगवाः ।
मननेन विहीनस्य भयहेतुः सदा भवेत् ।५५।

हे श्रेष्ठ देवताहो, अङ्गका साथ सारा वेद पढेको, तर ब्रह्मको मनन नगर्नेका लागि त्यही ब्रह्म सँदै डरको कारण हुनुहुन्छ । (अर्थात् अल्छी गरी मनन, निदिध्यासन आदि पुरुषार्थ नगर्ने विद्वान् भयबाट छुट्दैनन् ।

भीषाऽस्मात् पवते वायु र्भीषो देति दिवाकरः ।
भीषाऽस्मा दग्नि रिन्द्रश्च मृत्यु र्धावति पंचमः ।५६।

यही ब्रह्मदेखि डराएर हावा बहन्छ, सूर्य उदाउँछन् । अनि अग्नि, इन्द्र र पाँचौ मृत्यु पनि आफ्नो आफ्नो काम गर्छन् । (अर्थात् जगत्को व्यवहार चलाउने अधिकार पाएका ज्यादै प्रभावी देवताहरूको पनि ब्रह्म डरको कारण हुनुहुन्छ भने अरू प्राणीलाई डर हुन्छ भनी के भन्नुपर्ला ? (तैत्तिरीय २।८ को पहिलो अंशको आशय यहाँ वताइएको हो ।

अस्यैवाऽऽनन्द-लेशेन स्तम्वान्ता विष्णु-पूर्वकाः ।
भवन्ति सुखिनो देवा स्तारतम्य-क्रमेण तु ।५७।

यिनै ब्रह्मको आनन्दको लेश पाएर विष्णुदेखि कार-सम्मका प्राणीहरू तारतम्यको क्रमले सुखी हुन्छन् अर्थात् त्यो ब्रह्मानन्दलाई व्यक्त गर्ने ठूलो र सानो उपाधिले गर्दा क्रम-

पूर्वकको आनन्द पाएर सुखी हुन्छन् ।

(तैत्तिरीय श्रुति २।८ मा आनन्दको विचार गरिएको छ । कुनै जवान विद्वान् वलियो हट्टाकट्टा छ र उसले पृथ्वीभरको धन पाउँदा जुन आनन्द हुन्छ । त्यो मानुष आनन्द हो । यस्ता सय मानिसको जुन आनन्द हो । त्यो एक मनुष्य गन्धर्वको आनन्द हो, अनि ज्ञानीको पनि हो । सय मनुष्य गन्धर्वको जुन आनन्द हो त्यो एक देवगन्धर्वको आनन्द हो, अनि ज्ञानीको पनि । जो सय देवगन्धर्वको आनन्द हो त्यो एक पितृ चिर-लोक-लोकको आनन्द हो, अनि ज्ञानीको पनि । जो शय पितृहरूको आनन्द हो त्यो आजानज देवताहरूको आनन्द हो । जो सय आजानज देवताको आनन्द हो त्यो एक कर्मदेवको अर्थात् कर्मद्वारा देवता भएकाको आनन्द हो, अनि ज्ञानीको पनि हो । सय कर्मदेवको आनन्द एक देवताको आनन्द हो । सय देवताको आनन्द एक इन्द्रको आनन्द हो । सय इन्द्रको आनन्द एक वृहस्पतिको आनन्द हो । सय वृहस्पतिको आनन्द एक प्रजापतिको आनन्द हो अनि ज्ञानीको पनि ।' सय प्रजापतिको आनन्द एक ब्रह्माको आनन्द हो अर्थात् ब्रह्मस्वरूप भएको जुन निरतिशय आनन्द हो त्यसैको एकदेशले विष्णुदेखि लिएर क्षार सम्मका जति प्राणी छन् ती सवै उपाधिको तारतम्यले गर्दा त्यही किसिमको आनन्द पाएर आनन्दी हुन्छन् ।

तत्-तत्-पद-विरक्तस्य श्रोत्रियस्य प्रसादिनः ।
स्वरूपभूत आनन्दः स्वयं भाति पदे यथा ।५८।

ती चक्रवर्ती जवान पुरुषदेखि लिएर ब्रह्माको पदसंम सातिशय र अनित्य हो भन्ने बुझेर विरक्त भएका अनि प्रसन्न चित्त भएका श्रोत्रिय ज्ञानीलाई स्वरूपभूत आनन्द प्राप्त भइराखेको हुनाले ती जवान पुरुषदेखि ब्रह्मासम्मका आनन्द साधन विना स्वतः प्राप्त हुन्छन् (जस्तो करोडपतिलाई लख-पतिहरूका आनन्द आफैं प्राप्त हुन्छन् । फेरि समुद्रमा फोका, फिज, छालहरू स्वतः रहेका हुन्छन् ।

अयमेव शिवः साक्षाद् आदित्य-हृदये तथा ।
अन्येषां हृदये चैव भाति साक्षितया स्वयम् ।५६।

आकाश आदिको कारणरूपमा औंल्याइएको अनि आफ्नो स्वरूप भनी अनुभूत यी निरतिशय आनन्दरूप शिव नै आदित्यको हृदयमा अर्थात् प्रथम शरीरी हिरण्यगर्भको हृदयमा विशुद्ध-सत्व-प्रधान माया उपाधि भएको हुँदा साक्षात् सर्वज्ञ ईश्वर भएर प्रकाशमान हुनुहुन्छ । त्यस्तै नै अरू जीवको हृदयमा पनि पाँच कोशभित्र मलिन-सत्त्व-प्रधान अविद्या उपाधि लिएर केही जान्ने भई साक्षी भएर रहनु हुन्छ । (जो यो पुरुषमा छ र जो यो सूर्यमा छ । त्यो एक हो भन्ने तैत्तिरीय २।८ को संग्रह यहाँ गरिएको छ । जस्तो जल-तरङ्ग, बुद्बुदहरू समुद्रमा एक हुन्छन् त्यस्तै चक्रवर्ती जवानदेखि हिरण्यगर्भसम्मका सातिशय आनन्दहरू निरतिशय आनन्दरूप ब्रह्ममा एक हुन्छन् । यसैले जीव र ईश्वरको भेद छैन भन्ने यहाँ देखाइयो ।

विहाय साक्ष्यं देहादि मायान्तं तु विवेकतः ।
सर्वसाक्षिण मात्मानं यः पश्यति स पश्यति ।६०।

(विरुद्ध स्वभाव भएका पनि जीव र ईश्वरको एकताको तरीका यहाँ वताइन्छ) यसरी विरुद्ध जस्ता भएका जीव र ईश्वरको एकताको तरीका हो स्थूलशरीरदेखि लिएर त्यसको कारण भएको मायासम्मको उपाधिलाई विवेकद्वारा हटाई सारा थाहा पाउनु र अलिकति थाहा पाउनु आदि साक्ष्य अर्थात् दृश्य भएको हुनाले अनात्म अर्थात् आत्मादेखि भिन्न हो भन्ने विवेकद्वारा हटाएर अनन्यभक्तिले चैतन्य मात्र लिई अन्तःकरण आदिको प्रकाशक आत्मा र सर्वसाक्षी अर्थात् सारा विश्वको प्रकाशक ईश्वर चैतन्य एक हो भन्ने जसले बुझ्दछ त्यही नै यथार्थ देख्ने पुरुष हो ।

रुद्र–नारायणा–दीनां स्तम्बान्तानां च साक्षिणम् ।
एवं तर्क–प्रमाणाभ्यां यः पश्यति स पश्यति ।६१।

परमात्माका अवतार–विशेष रुद्र, नारायणहरूको र अरू सारा जीवहरूका साक्षी भएका शुद्ध चैतन्य वस्तु एक हो भन्ने निर्णयका लागि माथि देखाइएको 'को वाँच्ला, को सास फेर्ला यदि त्यो आकाश आनन्द नभएको भए' भन्ने तैत्तिरीय २।७ को तर्क र प्रमाण द्वारा जीव र ईश्वर दुवैको उपाधि हटाएर अपरिच्छिन्न, निरतिशय, सत्य, ज्ञान, आनन्द स्वरूप एकरस ब्रह्मवस्तुलाई जसले बुझ्दछ अर्थात् आत्मरूपले

अनुभव गर्छ त्यही नै यथार्थ देख्ने ब्रह्मज्ञानी हो ।

यस्यैवं तर्कमानाभ्या मस्ति विज्ञान मास्तिकाः ।
सलोका दखिला दस्माद् विभिद्यात्मान मात्मना ।६२।

अन्नादी नखिलान् कोशा नाभासेन विभासितान् ।
उपसंक्रामतीशस्य प्रसादा देवकेवलात् ।६३।

('जुन विद्वान्ले जान्दछ' इत्यादि तैत्तिरीय २।८ को आशय यहाँ दर्शाइन्छ ।) हे आस्तिक देवताहो, जसलाई यसरी तर्क र प्रमाणद्वारा आत्मा र ब्रह्मको एकता-ज्ञान छ: तिनले सारा लोक अर्थात् अनात्म-प्रपञ्चबाट विवेकद्वारा चिदाभासले प्रकाशित अन्नमयदेखि आनन्दमय कोशसम्म अनात्मा हो भन्ने बुझी सबभन्दा भित्र रहेको पुच्छरूप अर्थात् साराको अधिष्ठान सत्य, ज्ञान र अनन्त ब्रह्मलाई केवल ईश्वरार्पणबुद्धिले गरिएका सत् कर्मले प्रसन्न भएका परमात्माको अनुग्रहले नै साक्षात्कार गर्छन् । (अर्थात् हरायो भनी ठानेको घाँटीको हार जस्तै पाइराखेको ब्रह्मलाई नै पाउँछन् ।)

यतो बाचो निवर्तन्ते निमित्ताना मभावतः ।
निर्विशेषे शिवे शब्दः कथं देवाः प्रवर्तते ।६३।

('मनका साथ वचनहरूले पनि जसलाई पाउन सक्दैनन्' इत्यादि तैत्तिरीय २।९ को आशय यहाँ बताइन्छ ।)

हे देवताहो, शब्दको प्रवृत्तिरूप निमित्त जाति आदि नभएको-ले सत्, चित्, र आनन्दस्वरूप निराकार ब्रह्मवाट मनका साथ वचनहरू पनि नपुगेर नै फर्कन्छन् अर्थात् फलानो जात इत्यादि निमित्त नभएको हुनाले ब्रह्म यस्तो हो भनेर भन्न सक्दैनन् । निर्विशेष अर्थात् ठूलो, सानो इत्यादि विशेषण नभएका परमात्मा शिवमा शब्द कसरी प्रवृत्त होस् ।

विशेषं कंचि दाश्रित्य खलु शब्दः प्रवर्तते ।
यस्मा देतन् मनः सूक्ष्मं व्यावृत्तं सर्व-गोचरम् ।६५।

कुनै विशेष अर्थात् ब्राह्मण आदि जाति, गोरो आदि वर्ण, सानो ठूलो आदि परिमाणलाई आश्रय गरेर शब्द प्रवृत्त हुन्छ । यसै हुँदा यो सूक्ष्म अनि सारा इन्द्रियको सहकारी हुनाले विषयमा पुग्न सक्ने मन पनि ब्रह्ममा पुग्न सक्दैन । (यहाँ प्रश्न उठ्न सक्छ अर्थात् भएको वस्तु भए वाग् आदि आदि इन्द्रिय र मनले पनि भेट्टाउन सकिहाल्थ्यो । यसै हुँदा मानिसको सीङ जस्तै ब्रह्म पनि हुँदै नभएको हो कि ? इत्यादि । तर इन्द्रियको विषय नभए पनि लक्षण गर्न सकिन्छ । सत्य, ज्ञान र अनन्त ब्रह्म हो इत्यादि वाक्यले विधिमुखले लक्षणाद्वारा ब्रह्मको प्रतिपादन गरेको देखिन्छ । अनि हैन हैन इत्यादि वाक्यले सारा प्रपञ्चको निषेध गरेर प्रपञ्चदेखि रहित ब्रह्मको लक्षणा गर्छ । इन्द्रियको मात्र भर पर्ने हो भने त सूर्य पनि एक वित्ता परिमाणका भन्नुपर्ला ।

यस्माच् छ्रोत्र-त्वगक्ष्यादि खानि कर्मेन्द्रियाणि च ।
व्यावृत्तानि पराग्-वस्तु-विषयाणि सुरोत्तमाः ।६६।

हे श्रेष्ठ देवताहो, पराग्-वस्तु अर्थात् वाहिरका वस्तु शब्द, स्पर्श, रूप, रस, गन्ध आदि विषय भएका कान, छाला, जिब्रो र नाक यी ज्ञानेन्द्रिय र हात खुट्टा आदि पाँच कर्मेन्द्रिय पनि ब्रह्मवाट हट्छन् । अर्थात् ब्रह्मलाई विषय गर्न सक्दैनन्, किनभने ब्रह्म वस्तु अतिशय सूक्ष्म छ । फेरि यी इन्द्रियहरूलाई वाहिर तिर जाने स्वभाव भएका नै ब्रह्माजीले वनाउनुभएको छ ।

तद् ब्रह्माऽऽनन्दम द्वन्द्वं निर्गुणं सत्य-चिद्-घनम् ।
विदित्वा स्वात्म-रूपेण न बिभेति कुतश्चन ।६७।

त्यो आनन्दरूप, अद्वितीय, जाडो, गर्मी, इत्यादि द्वन्द्वले रहित, निर्गुण अर्थात् सत्त्व, रज, तम यी तीन गुणले रहित सत्य चैतन्यघन ब्रह्मलाई आत्मरूपले जानेपछि कतैवाट पनि डराउँदैनन् । अर्थात् ज्ञानद्वारा अद्वितीय, प्रपञ्चरहित, चैतन्य तथा आनन्दरूपले रहेका ज्ञानी कसैदेखि पनि डराउनुहुन्न ।

एवं यस्तु विजानाति स्वगुरो रुपदेशतः ।
स साध्वसाधुकर्मभ्यां सदा न तपति प्रभुः ।६८।

'किन मैले सत्कर्म गरिनँ अनि किन पाप गरें भनी पिरिनुहुन्न इत्यादि तैत्तिरीय २।८ को आशय यहाँ देखाइन्छ ।)

आफ्नो गुरुको उपदेशबाट जसले ब्रह्मलाई जान्नु हुन्छ ती प्रभु साधु कर्म अर्थात् पुण्य र असाधुकर्म अर्थात् पापदेखि पनि पिर मान्नुहुन्न । अर्थात् मर्न लाग्दा पनि जन्मान्तर गराउने सारा कर्म ज्ञानरूप अग्निले डढेको हुनाले ज्ञानी अज्ञानी झैं पिरिनुहुन्न । (अज्ञानी चाहिं गरेका पापकर्म बाट पछि हुने नरक आदिको दुःख मनले चिन्तन गरेर मर्ने वखतमा डराउँछ ।)

तप्य-तापक-रूपेण विभात मखिलं जगत् ।
प्रत्यगात्मतया भाति ज्ञानाद् वेदान्त-वाक्य-जात् ।६९।

तप्य अर्थात् ताप गराउने क्रियाको विषय भएको प्रपञ्च र तापक अर्थात् ताप गराउने पाप र पुण्यरूपले रहेको सारा जगत्लाई वेदान्तको महावाक्यबाट भएको आत्मा र ब्रह्मको एकता–ज्ञानले गर्दा ज्ञानी आत्मस्वरूप नै देख्नुहुन्छ अर्थात् आत्मा वाहेक अरू कुनै वस्तु देख्नुहुन्न अनि दोस्रो नभएकोले पीर कसबाट हुनु (तैत्तिरीय २।८ कै अन्तिम अंशको आशय देखाइयो) ।

कर्ता कारयिता कर्म करणं कार्य मास्तिकाः ।
सर्व मात्मतया भाति प्रसादात् पारमेश्वरात् ।७०।

हे आस्तिक देवताहो, परमेश्वरको अनुग्रहले गर्दा कर्ता (गर्ने) कारयिता (गराउने) कर्म (कर्ताले ज्यादै इच्छा गरिएका कुरा) करण (काम गर्ने साधन) र कार्य (काम)

पनि अर्थात् सबै कुरा आत्मरूपले भान हुन्छ । अर्थात् आत्मा-देखि अरू वस्तु ज्ञानीले देख्नुहुन्न ।

प्रमाता (जीव) प्रमाण (कुनै वस्तुको यथार्थ ज्ञान हुने साधन आँखा आदि) प्रमेय (प्रमाणको विषय भएको वस्तु गाग्रो आदि) प्रमिति (कुनै प्रमाण द्वारा भएको यथार्थ ज्ञान अर्थात् घटज्ञान आदि) यी सबै कुरा परमेश्वरको अनुग्रहबाट आत्मरूपले भान हुन्छन् । खाने, खुवाउने, खानु र खाने कुरा; गाग्रोको ज्ञान, कपडाको ज्ञान र भित्ता आदिको ज्ञान; गाग्रा, भित्ता, भकारी, कपडा भाँडो र पर्वत इत्यादि सबै परमेश्वरको अनुग्रहले आत्मरूपले भान हुन्छन् । पाताल आदि र सत्यलोक आदि लोक समुद्र, तलाउ, नदी, सुमेरु, मन्दर आदि पहाड-हरू; वन, वनमा रहेका रूख, लहरा, झारपात आदि; आकाश आदि पाँच महाभूत, कीरा, पुतली, क्षुद्र जन्तुहरू; पशु, मृग, सर्प आदि पापयोनिहरू; सबै परमेश्वरको अनुग्रहले आत्मरूपले भान हुन्छन् । मनुष्य, हात्ती, घोडा, ऊँट, गधा यक्ष, राक्षस, गन्धर्व, सिद्ध, किंनरहरू; भगवान् विष्णु विष्णु-का विभूति र विष्णुभक्तहरू; दिशा, विदिशा, बादलसहितको नक्षत्रमण्डल, मत्स्य, कूर्म, वराह, नारसिंह, वामन आदि अवतारहरू र भक्तहरू; शरीर, इन्द्रिय, प्राण, मन, बुद्धि, र अहंकार; जीवात्मा, परमात्मा, तिनको भेद, भेदक अर्थात् तिनको भेद गराउने उपाधिहरू, जडशक्तिका भेद र चैतन्य-शक्तिका भेदहरू पनि सबै परमेश्वरको अनुग्रहले आत्मरूपले नै भान हुन्छन् । (अर्थात् यसरी नानारूपले रहे तापनि सारा

अद्वितीय ब्रह्मको ज्ञान भएका ज्ञानीलाई आफ्नै स्वरूप भनी भान हुन्छ अर्थात् ज्ञानी आफूदेखि भिन्न अरू केही पनि देख्नु हुन्न ।

हे देवताहो, कल्पित प्रपञ्चलाई आफैं प्रकाशित गर्ने अनि सँदै अरू साधन नलिईकन आफ्नो स्वरूपमा प्रकाशमान चैतन्यरूप साक्षी नै आत्मा हो । साक्षीले प्रकाशित साक्ष्य जगत्चाहिं दृश्य हुनाले झूटो हो । यसै हुँदा आत्मा सविशेष अर्थात् दृश्यसहित होइन किन्तु दृश्यरहित हो । स्वप्रकाश आत्मालाई पनि तँ म इत्यादि मनोवृत्तिले प्राणीहरू अहंकार-विशिष्ट नै जान्दछन् । वास्तवमा सारा उपाधिले रहित शुद्ध चैतन्यरूप आत्मालाई उनीहरू जान्दैनन् । किनभने आत्मा अद्वय अर्थात् दोस्रो नभएको एक वस्तु हो । उसै हुँदा अज्ञानीहरू आत्मालाई जान्दैनन् ।

यसरी श्रवण आदिबाट प्राप्त भएको ब्रह्माकार-वृत्तिले आवरण हटेपछि अद्वैत आत्मालाई जुन विद्वान्ले स्थिररूपमा जान्नुहुन्छ । उहाँले स्वभावले नै 'जो ऐलेसम्म भोक्ता, भोग्य र भोग यो त्रिपुटीरूप विभक्त थियो, त्यो सबै म नै हुँ । म देखि बाहेक अर्को कुनै वस्तु पनि छैन । ओहो यो ठूलो आश्चर्यको कुरा हो' स्वप्रकाश चैतन्य परम ज्योति-रूप म मात्र रहेछु' इत्यादि अर्थ भएको सामवेद गाउनुहुन्छ र निर्विकार अर्थात् व्याकुल नभई रहनुहुन्छ ।

जस्तो शिवजीको ताण्डव-नृत्यले स्वभावबाट नै लोकको रक्षा गर्छ त्यस्तै यो सामको गानले लोकको उपकार

हुन्छ । जस्तो आदिगुरु परमेश्वरको गीति (कूर्मपुराणको ईश्वर गीता) ले लोकको हित गर्छ, त्यस्तै यी गुरुको गीतले पनि लोकको हित हुन्छ। जस्तो आप्तकाम रुद्रको गीति व्याख्यानरूप हो त्यस्तै यी सद्गुरुको गीति पनि परोपकारी छ । शिवजीले लौकिक गानमा त प्रसाद दिनुहुन्छ भने फेरि वैदिक गानमा के भन्नुपर्ला यसै हुँदा सामगानको आश्रय लेओस् । संस्कृत भाषाको गद्य र पद्य भएको गीत गाउन सक्दैन भने शिवजीको उद्देश्यले भक्तिसाथ अल्छी नगरीकन सँदै लौकिक गीत गाओस् । गीतको ज्ञान नै शिव-प्राप्तिको असल कारण हो । गीतको ज्ञानले योग हुन्छ । योगबाट शिवजीसँग एकता हुन्छ । गीत जान्ने मानिस पनि घेरै प्रतिबन्ध भएको हुनाले मुक्त भएन भने अर्को जन्ममा शिवजीको गण हुन जान्छ । मोहले खालि लौकिक गान मात्र नगाउनू । यदि प्रमादले लौकिक गानमात्र गायो भने त्यो द्विजले प्रायश्चित गर्नुपर्छ ।

यसै हुँदा संसारको नाश गर्नमा रमाउँदै वेदको प्रमाण र सुतर्कबाट शिवजीको ज्ञान पाएर सँदै त्यो गीत गाउँदै यो पृथ्वीमा घुमोस् ।

सारा दुःखको नाश गर्ने, साँचो, पर तत्त्व अर्थात् ब्रह्म नै विषय भएको उपनिषद् तिमीहरूलाई बताएँ तर चित्तशुद्ध नभएका व्यक्तिलाई यो नदिनू । शिवजीका भक्तलाई चाहिं निश्चय नै दिनू ।

चौथो अध्याय

ऐतरेय र तैत्तिरीय उपनिषद्को सार प्रतिपादन गरियो । अब सामवेदीय तलवकारोपनिषद्को आशय यो चौथो अध्यायमा बताइन्छ । द्वैतभावले रहित आत्मालाई नजीकमा ल्याएर अविद्या र उसको कार्यलाई नाश गर्ने हुनाले उपनिषद् भनिएको हो ।

(ब्रह्मवस्तु ज्ञानी गुरुको उपदेशबाट मात्र जानिन्छ तर्कबाट जानिदैन भन्ने रहस्य बुझाउन प्रश्न र उत्तरको रूपमा यो उपनिषद्ले उपदेश गरिएको छ ।)

ब्रह्मोवाच:–

अस्ति देव: स्वत: सिद्ध: साक्षी सर्वस्य सर्बदा ।
संसारा–र्णव–मग्नानां साक्षात् संसार–मोचक: ।१।

ब्रह्माले भन्नुभयो, स्वयंप्रकाश, स्वत: सिद्ध अर्थात् सँदै आफै सिद्ध भएका, सबैको सँदै साक्षी अर्थात् आफ्नो र अरूको पनि व्यवहारको कारण, चैतन्यरूप, अनि साक्ष्य अर्थात् साक्षीले प्रकाश गरिने अरू कुरा नहुँदा कूटस्थ, नित्य, फेरि संसाररूपी समुद्रमा डुबेका भक्तलाई संसारबाट साक्षात् छुटाउने देवता हुनुहुन्छ ।

सर्वेषां तु मनस् तेन प्रेरितं नियमेन तु ।
विषये गच्छति प्राणश् चेष्टते वाग् वदत्यपि ।२।

('कसले मनलाई चलाउँछ, कसले प्राणलाई चलाउँछ, अनि कसले वाक् चक्षु, कर्ण आदि इन्द्रियलाई चलाउँछ' इत्यादि तलबकारोपनिषद् १।१ को उत्तर यहाँ दिइन्छ ।) तिनै सर्वसाक्षी स्वतन्त्र परमेश्वर नै सारा प्राणीको हृदयमा पसेर रहेकोले इच्छामात्रवाट प्रेरणा गरिएको छ र आफ्नो आफ्नो विषयमा इन्द्रियहरू जान्छन् । प्राण, अपान, उदान, समान, र व्यान यी पाँच बृत्ति भएको मुख्य प्राण पनि साक्षीकै प्रेरणाले चलेको छ । त्यसै गरी साक्षीको प्रेरणा पाएको वागिन्द्रियले बोल्दछ ।

चक्षुः पश्यति रूपाणि श्रोत्रं शब्दं शृणोत्यपि ।
अन्यानि खानि सर्वाणि तेनैव प्रेरितानि तु ।३।

स्वं स्वं विषयमुद्दिश्य प्रवर्तन्ते निरन्तरम् ।
प्रवर्तकत्त्वं चाप्यस्य मायया न स्वभावतः ।४।

तिनै साक्षीवाट प्रेरणा पाएर आँखाले रूप देख्दछ, कानले शब्द सुन्छ, अरू सबै इन्द्रियहरू पनि उनै साक्षीको प्रेरणा पाएर निरन्तर आफ्नो आफ्नो काम गर्छन् । यी साक्षीको प्रवर्तकत्व पनि सत्वप्रधान मायाको परिणामरूप शरीर, इन्द्रिय इत्यादिको संपर्कवाट भएको हो । स्वभावले होइन ।

इन्द्रियाणां तु सत्ता च नैव स्वाभाविकी मता ।
तप्ता–यः–पिण्डवत् तस्य सत्तयैव सुरर्षभाः ।५।

(प्रेरक अर्थात् प्रेरणा गर्ने साक्षी आत्मा र प्रेर्य अर्थात् प्रेरणा गरिने मन आदि द्वैतको आपत्ति आउने शंका यहाँ हटाइन्छ) हे श्रेष्ठ देवताहो, मन आदि इन्द्रियको सत्ता स्वाभाविक होइन । (किनभने मनहरू सद्–रूप आत्मामा अध्यस्त अर्थात् भूलले कल्पना गरिएका हुन् । जस्तो फलाममा पोल्ने शक्ति छैन तापनि आगोको संसर्गले पोल्दछ । त्यस्तै आरोप गरिएका मनहरूमा अधिष्ठान चैतन्यको सत्ता नै भान भइराखेको छ । इन्द्रियहरूको स्वाभाविक सत्ता छैन ।

श्रोत्र मात्मनि चाध्यस्तं स्वयं देवो महेश्वरः ।
अनुप्रविश्य श्रोत्रस्य ददाति श्रोत्रतां हरः ।६।

अरू प्रपञ्च जस्तै दृश्य हुनाले श्रोत्र अर्थात् सुन्ने इन्द्रिय कान आत्मामा अध्यस्त हो । महेश्वर हर आत्मदेव नै कानभित्र पसेर कानलाई सुन्ने शक्ति दिनुहुन्छ । अर्थात् साक्षी आत्मचैतन्य भित्र नपसेको भए कानले सुन्न सक्ने थिएन ।

मन आत्मनि चाध्यस्तं प्रविश्य परमेश्वरः ।
मनस्त्वं तस्य सत्त्वस्थो ददाति नियमेन तु ।७।

मन आत्मामा अध्यस्त अर्थात् भूलले कल्पना गरिएको हो, त्यही कार्यरूप मनभित्र पसेर कारणरूप सत्त्वमा रहेका अर्थात् चैतन्य प्रकाश गर्ने सामर्थ्यले अवच्छिन्न परमेश्वरले त्यो मनलाई मनस्त्व अर्थात् मनन गर्ने सामर्थ्य नियममुताबिक दिनुहुन्छ ।

वाचो वाक्त्व मनुप्राप्य प्राणस्य प्राणतां हरः ।
ददाति नियमेनैव चक्षुष्ट्वं चक्षुषस्तथा ।८।

आत्मामा अध्यस्त अर्थात् कल्पित वाक् अर्थात् बोल्ने इन्द्रियमा पसेर बोल्ने सामर्थ्य चैतन्य शिवले दिनुहुन्छ, त्यस्तै प्राणलाई पनि प्राणको क्रियासामर्थ्यरूप प्राणत्व दिनुहुन्छ अनि चक्षु अर्थात् देख्ने इन्द्रियमा पसेर देख्ने सामर्थ्य दिनुहुन्छ ।

अन्येषा मिन्द्रियाणां तु कल्पिताना मपीश्वरः ।
तत्-तद्-रूप मनुप्राप्य ददाति नियमेन तु ।९।

अरू कल्पित इन्द्रियहरूको त्यो त्यो रूपमा प्राप्त भएर नियम-पूर्वक सुन्नु, देख्नु आदि सामर्थ्य परमेश्वरले दिनुहुन्छ ।

तत्र चक्षुश्च वाक् चैव मनश्चान्यानि खानि च ।
न गच्छन्ति स्वयंज्योतिःस्वभावे परमात्मनि ।१०।

(यस्तो आत्मवस्तु गाग्रो इत्यादि वस्तु झैं टक्वक छर्लङ्गसँग किन अनुभव हुँदैन भन्ने शंका यहाँ हटाइन्छ ।) 'त्यो आत्मामा आँखा जाँदैन, वाक् जाँदैन, मन जान सक्दैन' इत्यादि तलवकारोपनिषद् १।३ को सार यहाँ वताइन्छ । शब्द वोल्ने इन्द्रिय र शब्दलाई पनि वाक् शब्दले ग्रहण गर्नुपर्छ । यी आँखा आदि इन्द्रियहरू परमात्म-चैतन्यमा मायाले कल्पित हुन् । यसै हुँदा अधिष्ठान स्वयंप्रकाश परमात्म-वस्तुमा ती कल्पित इन्द्रियहरू प्रवृत्त हुन सक्दैनन् ।

स देवो विदितादन्य स्तथैवा विदिता दपि ।
वाचा च मनसा चैव चक्षुषा च तथैव च ।११।

श्रोत्रेणापि सुरश्रेष्ठाः प्राणेना न्येन केनचित् ।
न शक्यो गोचरीकर्तुं सत्यमेव मयोदितम् ।१२।

यस्येद मखिलं नित्यं गोचरं रूपवद् रवेः ।
तदेव परमं ब्रह्म वित्त यूयं सनातनम् ।१३।

'जानिएको भन्दा अर्कै छ' इत्यादि तलबकार १।३ को आशय यहाँ वताइन्छ ।' ('आँखा आदि इन्द्रियले भेट्टाउन नसकिने आत्मालाई शास्त्रले कसरी बुझाउला ?' भन्ने प्रश्न-को उत्तर पनि दिइन्छ ।) यी स्वयं प्रकाश आत्म[illegible] देव विदित भन्दा अर्थात् जान्नु क्रियाको फलले व्या[illegible] देखि भिन्न छन् अर्थात् खण्डित वुद्धिको वृत्तिद्वारा नजानिने हुँदा विलक्षण छन् । अनि अविदित नजानिएकोबाट पनि

द.नं. ९३३३

स्वयंप्रकाश भएका हुनाले विलक्षण छन् यसै हुदा शास्त्र-प्रमाण–द्वारा जान्न सकिन्छन् ।) हे श्रेष्ठ देवताहो वाक्, मन आँखा, कान र अरू प्राणले आत्मालाई जान्न सक्दैनन् । मैले यो साँचो कुरा भनेको हुँ । सूर्य–प्रकाशले रूप जस्तै जुन परमात्माबाट सारा वाक् मन आदि जगत् प्रकाशित भइ-राखेको छ त्यही नै सनातन अर्थात् सँदै रहिरहने परम ब्रह्म भनी तिमीहरू जान ।

एवं जानन्ति ये धीरास् तर्कतश्च प्रमाणतः ।
गुरूक्त्या स्वानुभूत्या च भवन्ति खलु तेऽमृताः ।१४।

जुन धीरहरूले प्रमाण र तर्कसहित गुरुको मुखार–विन्दबाट श्रवण गरी मनन र निदिध्यासनको परिपाकबाट भएको साक्षात्काररूप अनुभवबाट पनि जुन आत्मरूप ब्रह्म-लाई जान्दछन् ती अमृतरूप मोक्ष पाउँछन् ।

सुज्ञातमिति तद् ब्रह्म मनुध्वं यदि हे सुराः ।
दभ्रमेव हि तत् साक्षि ब्रह्म वेद्यं कथं भवेत् ।१५।

(यदि जानें भनेर भन्छौ भने त्यो सानो हो इत्यादि भन्ने तलवकार उपनिषद् २।१ को आशय यहाँ बताइन्छ) हे देवताहो, यदि तिमीहरू आत्मस्वरुप ब्रह्मलाई राम्ररी जान्यौं भनी बुद्धिवृत्तिले जानेका हौ भने त्यो बुद्धिवृत्तिले परिच्छिन्न अर्थात् च्यापिएको ब्रह्म अल्प अर्थात् सानो नै हो । उपाधिले रहित स्वप्रकाश साक्षिरुप ब्रह्म वेद्य अर्थात् वुद्धिवृत्तिले जानिने

कसरी होला ? वुद्धिवृत्तिले उपाधि-सहित रूप आदि मात्र जान्न सकिन्छ । उपाधिले रहित ब्रह्म वस्तुलाई जान्न सकिन्न ।

यस्य स्वात्मतया ब्रह्म विदितं कर्मतां विना ।
तस्य तज्-ज्ञान-कर्तृत्वविहीनस्य मतं हि तत् ।१६।

यदि जान्नुरूप क्रिया नभई अर्थात् ज्ञाता (जान्ने) ज्ञान (जान्नु) ज्ञेय (जानिने कुरा) रूप त्रिपुटी नभई आफ्नै आत्मरूपले स्वरूपप्रकाशले नै भान हुन्छ भने त्यो ज्ञानको कर्तृत्व अर्थात् ज्ञातृत्वभावले रहित भएका ती विद्वान्ले सारा उपाधिले रहित पूर्ण ब्रह्म नै जानेको ठहरिन्छ ।

यस्याऽमतं तस्य मतं मतं यस्य न वेद सः ।
अविज्ञातं विजानतां विज्ञात मविजानताम् ।१७।

तलवकार २।३ को आशय वताइन्छ । जुन जिज्ञासुले आत्मरूप ब्रह्मलाई अमतं अर्थात् मनको वृत्तिले विषय गरेको छैन तिनले मतं अर्थात् ब्रह्म जानेको ठहरिन्छ फेरि जुन जिज्ञासुले मतं मनोवृत्तिले जानेको छ भने त्यसले जानेको छैन । त्यसकारण त्यो ब्रह्म मनोवृत्तिले जान्नेहरूले नजानिएकै हुन्छ र मनावृत्तिविना स्वरूप-प्रकाशले जान्नेले व्रह्म यथार्थ-सँग जानिएको हुन्छ ।

व्रह्मज्ञाने घटज्ञाने भ्रान्तिज्ञानेऽपि चाऽऽस्तिकाः ।
नैव कर्तृ न कर्मापि ब्रह्म चित् केवलं भवेत् ।१८।

(यहाँ प्रतिवोध–विदितं मतं भन्ने तलवकार २।४ श्रुतिको अर्थ खुलाइन्छ) हे आस्तिक देवताहो, जुन श्रवण, मनन आदि साधनबाट पैदा भएको सारा उपाधिले रहित ब्रह्मको ज्ञान हो त्यसमा, अनि व्यावहारिक सत्य आँखा आदि-वाट भएको घटको ज्ञानमा र सीपीमा चाँदी देख्नुरूपी भ्रान्तिज्ञानमा अर्थात् सारा वृत्ति–ज्ञानमा चैतन्यरूप ब्रह्म कर्ता हुँदैन, अनि कर्म पनि हुँदैन । तर ती सारा वृत्तिज्ञानमा उपाधिले रहित शुद्ध–चैतन्यरूप ब्रह्म अविकारी हुनाले कर्ता कर्म केही पनि हुँदैन, तर सबैको साक्षिरूपले प्रकाशक केवल स्वप्रकाश ज्ञान मात्र रहन्छ ।

ब्रह्म–संबन्ध–हीना चेद् विद्या ब्रह्म तु वेदितुम् ।
अशक्यं तत्र हे देवाः को वा ब्रह्मा–त्म–विद् भवेत् ।२६।

(ब्रह्ममा कर्तृभाव र कर्मभाव छैन भन्ने यहाँ देखाइन्छ) अविकारी र सङ्गले रहित ब्रह्मको विद्या प्रति आश्रयत्व अथवा विषयत्व संभव छैन । अपरिच्छिन्न वस्तुको कसैसँग पनि वास्तविक संवन्ध नहुने हुनाले विद्या ब्रह्मसँग संवन्धले रहित छ भन्ने नै स्वीकार गर्नुपर्छ । त्यसै हुँदा विद्याले ब्रह्मलाई जान्न सक्दैन । उपाधिले रहित स्वयंप्रकाश वस्तुलाई विद्याले के उपयोग हुनु ? ब्रह्मात्मलाई जान्ने भन्दा त कर्मत्व र कर्तृत्व आउला । यसैहुँदा आत्मरूप ब्रह्मलाई साक्षात्कार गर्ने महाशय त स्वप्रकाश ब्रह्म नै हुनुहुन्छ । ब्रह्म-

-लाई जान्ने हुनुहुन्न ।

ब्रह्मण्य ध्यस्त-माया-दि-निर्वृत्तिं कुरुते तु सा ।
विद्या यदि न मायायाः प्रत्यगात्मन्यसंभवात् ।२७।

ब्रह्ममा अध्यस्त (कल्पित) माया आदिको निवारण त्यो विद्याले गर्छ भन्नु पनि ठीक होइन, किनभने आत्म-साक्षात्कार गरेपछि अविद्या-रहित ब्रह्ममा माया र त्यसको कार्यको स्पर्श संभव छैन। यसै हुँदा अविद्या हटाउनाको लागि विद्या चाहिन्छ भन्न पनि सुहाउँदैन ।

प्रत्यगात्मा परं ज्योति र्माया सा तु महत्तमः ।
तथासति कथं माया-संभवः प्रत्यगात्मनि ।२८।

तस्मा त्तर्क-प्रमाणाभ्यां स्वानुभूत्या च चिद्-घने ।
स्वप्रकाशै-क-संसिद्धे नास्ति माया परात्मनि ।२९।

प्रत्यक् अर्थात् भित्रको आत्मा ठूलो ज्योति अर्थात् सूर्य इत्यादिलाई पनि प्रकाश गर्ने शुद्ध चैतन्यरूप हुनुहुन्छ । माया चाहिं नभएको नाम रूप प्रपञ्चको ऋुल्को देखाउने हुँदा ठूलो अन्धकार हो । त्यसो भएपछि प्रत्यक् आत्मामा मायाको संबन्ध कसरी संभव हुनु ? प्रकाशमान सूर्यलाई अन्धकारले न आश्रय गर्छ न त विषय तुल्याउँछ । त्यस्तै तर्क र प्रमाणद्वारा र आफ्नो अनुभवले पनि चैतन्यघन स्वप्रकाश

परमात्मामा माया छैन अर्थात् त्यस्तो शुद्ध चैतन्य ब्रह्मलाई आश्रय र विषय कसरी बनाउनु ?

व्यावहारिक-दृष्ट्येयं विद्याऽविद्या नचान्यथा ।
तत्त्वदृष्ट्यातु नास्त्येव तत्त्वमेवास्ति केवलम् ।३०।

(यदि विद्याले केही पनि नगर्ने हो भने 'त्यो परा विद्याले त्यो अक्षर ब्रह्म पाइन्छ भन्ने इत्यादि वेदका वाक्य-सँग विरोध पर्ला कि ? भन्ने शंकाको उत्तर यहाँ दिइन्छ) त्यो विद्या र अविद्या भन्नु व्यावहारिक दृष्टिले मात्र हो। सत्य दृष्टिले होइन । वास्तविक दृष्टिले त विद्या र अविद्या भन्ने दुवै छैनन् । खालि एक शुद्ध चैतन्य स्वरूप ब्रह्म-तत्त्व मात्र हुनुहुन्छ । प्रत्यक्ष आदि प्रमाणहरू पनि माया-कल्पित हुन् । वेद पनि शब्द प्रमाण भित्र नै हुनाले व्यावहारिक सत्तामा नै अविद्या नास्ने उपाय बताउँछ ।

व्यावहारिक-दृष्टिस्तु प्रकाशा-व्यभिचारतः ।
प्रकाश एव सततं तस्मा दद्वैत मेव हि ।३१।

(तलवकार २।४ कै आशय बताइन्छ ।) घटाकार, पटाकार आदि बुद्धिका सारा वृत्तिहरूमा सर्वत्र साक्षिचैतन्य नै प्रकाशक भएकोमा कहीँ पनि व्यभिचार नदेखिएकोले व्यवहारको कारण चैतन्यप्रकाश नै सँदै रहिरहेको छ । डोरीमा सर्प, जलधारा, लट्ठी इत्यादि जस्तै स्वप्रकाश ब्रह्ममा

व्यभिचारी दृश्य-प्रपञ्च कल्पित भएको हुनाले झूटो हो। यसै हुँदा सत्य वस्तु प्रकाशरूप व्रह्म अद्वैत मात्र हो।

अद्वैत मिति चोक्तिश्च प्रकाशाव्यभिचारतः ।
प्रकाश एव सततं तस्मान् मौनं हि युज्यते ।३२।

अद्वैत रहिरहन्छ भन्ने भनाइ पनि चैतन्यप्रकाशको कहिले पनि व्यभिचार नहुने हुनाले हो (किनभने चैतन्यरूप प्रकाश जाग्रत्, स्वप्न, सुषुप्ति, भूत, वर्तमान र भविष्यत्मा पनि कहिल्यै नहुने हुँदैन अर्थात् सँदै निर्विशेष शुद्ध चैतन्यरूपमा रहिरहेको हुन्छ। वोल्दा खेरि त शब्द र मनको विषय हुने हुँदा मौन अर्थात् शान्त भएर रहनु नै आफ्नो स्वरूप भेट्टाउने उपाय हो अर्थात् इन्द्रियहरूलाई हटाएर अन्तर्मुख भए विक्षेप र वासनाले रहित प्रसन्न बुद्धिमा शुद्धचैतन्यस्वरूप व्रह्म आफैं प्रकाशित हुनुहुन्छ।

प्रत्यक्षा-दि-प्रमाणैश्च तर्कैः श्रुत्या तथैव च ।
स्व-गुरो रुपदेशेन प्रसादेन शिवस्य तु ।३३।

अर्जितै रपि धर्मैश्च काल-पाकेन धार्मिकाः ।
अर्थो महा नयं भाति शांकरः पुरुषस्य तु ।३४।

(मौन मात्रले हुने भए सबैलाई सुलभ भइहाल्यो। किन अरू कोशीश गर्नुपर्‍यो ? भन्ने प्रश्नको उत्तर यहाँ

दिइन्छ) प्रत्यक्ष आदि प्रमाणहरु, सुतर्कहरू, वेद, गुरुको उपदेश र शिवजीको अनुग्रहबाट अनि वर्णधर्म, आश्रमधर्म आदिले गरिएका परमेश्वरको आराधनाबाट चार साधन प्राप्त गरे कालपाकले अर्थात् धेरै कालसम्म अभ्यास गरेपछि मुमुक्षुका प्रसन्न चित्तमा यो ज्यादै महान् अनि अतिसूक्ष्म शंकररूप आत्मवस्तु छर्लङ्ग हुन्छ ।

यस्य प्रकाशित:साक्षा दयमर्थो महत्तर: ।
तस्य नास्ति क्रिया: सर्वा ज्ञानं चाप्यद्वयत्वत: ।३५

जसले यो ज्यादै महान् अतिसूक्ष्म र अद्वितीय आत्मरूप ब्रह्म वस्तुको साक्षात्कार गर्नुहुन्छ अद्वय अर्थात् दोस्रो केही नभएका ब्रह्मस्वरूप हुनुभएको उहाँले कुनै क्रिया गर्नुपर्दैन ।

यो महान् शुद्धचैतन्य वस्तु जसको आफसेआफ प्रकाशित भएको छ ती जीव हैनन् ब्रह्म हैनन् अरू पनि केही होइनन् । तिनको ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र आदि वर्ण र ब्रह्मचर्य, गार्हस्थ्य वानप्रस्थ, र संन्यास आदि आश्रम पनि हुँदैनन् । फेरि तिनको धर्म, अधर्म, विधि र निषेध पनि हुँदैनन् । महान् आत्मरूप ब्रह्मवस्तुलाई शंभुको प्रसादबाट जसले पाएका छन् ती शंभु नै हुन् अरू होइनन् भन्ने मेरो निश्चय छ । फेरि ती ब्रह्मरूप भएकाको वैभव बताउन म सक्तिनँ । यो सत्य कुरा मैले बताएँ । मैले मात्र होइन विष्णु,

रुद्र, र वेदहरू पनि तिनको वैभव बताउन सक्नुहुन्न ।

यदि यो ज्ञानको अधिकारी भएको मनुष्य–शरीर हुँदा नै अगि बताएको आत्मरूप सद्‌वस्तु ब्रह्मलाई जाने भने ती विद्वान् मानिसले वास्तविक सत्य अद्वितीय निर्वाण (मोक्ष) पाउँछन् । यदि यही मनुष्य–शरीरमा अगि बताएको ब्रह्मरूप महान् वस्तुलाई जानेन भने अखण्ड आनन्दरूप ठूलो पुरुषार्थको नाश हुन्छ र त्यसको परम गति हुँदैन । आफ्नो शरीरमा र अरू शरीरमा पनि (पानी भरीएका गाग्रो कहतारो इत्यादिमा चन्द्रमाको प्रतिविम्ब जस्तै) एकनाससँग आत्मरूप ब्रह्मलाई दृढ निश्चय गरेर अर्थात् श्रवण, मनन, निदिध्यासन इत्यादिले साक्षात्कार गरेर ती धीरहरू फेरि जन्मँदैनन् । किन्तु अविद्याको जरो नै उखेलेको हुँदा अमृत अर्थात् कहिले नमर्ने ब्रह्मस्वरुप हुन्छन् ।४६।

जस्तो सपनामा सपनाको अभिमानी तैजस नै पहाड आदि सपनाका पदार्थरूपले धेरै वस्तु जस्तै भान हुन्छन् । त्यस्तै एउटै शुद्धचैतन्य–रूप आत्मा पनि वन्धनमा परेको, मुक्त भएको, विद्वान् मूर्ख इत्यादि भेदले नाना जस्तो भान हुन जान्छन् । हे देवताहो, आफू मुक्त भएपछि अरू आभास अर्थात् जीवहरूको पनि मुक्ति ठान्छन् (किन भने धेरै ऐनामा आफ्नो मुखको आभास अर्थात् छाया जस्तै अरू जीवहरूलाई पनि आफूदेखि भिन्न देख्दैनन् र आफू मुक्त हुँदा अरूलाई पनि मुक्त भएको ठान्छन्; तर ज्ञानीले त्यस्तो ठाने पनि अज्ञानीहरूको संसार रहिरहन्छ । आफू अज्ञानी हुँदा त आफ्नो

भ्रान्तिले अरू सबै जीवको संसारीपन जान्दछ। त्यसै गरी आफू मुक्त भएपछि अरूलाई पनि मुक्त ठान्छन्। तर ज्ञानीले मुक्त ठाने पनि अरू जीवको संसारित्व नष्ट हुँदैन।४६।

प्रारब्ध कर्म हुन्जेल कुनै समयमा अर्थात् समाधिबाट व्युत्थान भएको बखतमा परमात्मालाई जान्ने ज्ञानीले पनि जगत्, जीव, आदि भेद थाहा पाउनुहुन्छ (तर थाहा पाए पनि ठीक स्वप्न जस्तै ठान्नु हुन्छ)। निर्विकल्प समाधिको अवस्थामा चाहिं सुषुप्त जस्तै वाहिर र भित्रको जगत् पनि थाहा पाउनुहुन्न। जव व्युत्थान–समयमा व्रह्म जगत् र जीवरूपले भास्दछ तव सुख दु:ख आदिको उपभोग आभास–रूपले ज्ञानीलाई भान हुन्छ। जव समाधि–समयमा स्वत:व्रह्मरूप मात्र भास्दछ तव जगत्को भान नभएकोले सुख दु:ख आदि पनि भान हुँदैन।५३।

आरोपित जगत् जीव आदि रूप देख्दा पनि ज्ञानीले अधिष्ठान व्रह्मवस्तुलाई नै देख्नुहुन्छ। वास्तवमा व्रह्मदेखि भिन्न वस्तु छँदैछैन। अवस्तु भएको जगत् ब्रह्मस्वरूपमा अध्यस्त अर्थात् भूलले देखिएकोले पनि छैन। त्यसो हुँदा ज्ञानीले शिवरूप परमात्मादेखि अरू वस्तु कसरी देख्नुहोस्। व्रह्मरूपले होस् अथवा कल्पित जगत् र जीवरूपले होस् जसरी भान भए पनि ज्ञानीलाई साक्षात् ब्रह्मको नै भान हुन्छ। सारा जगत्को भान भए पनि ज्ञानीलाई समाधि–अवस्थाभन्दा फरक हुँदैन। महादेव शब्दको अर्थ विचार गर्दा पनि ज्ञानीलाई आफूदेखि भिन्न त्याज्य अर्थात् छोड्न लायक कुरा र ग्राह्य अर्थात् लिन लायक कुरा संभव

हुँदैन शंकर परमात्मादेखि ग्राह्य र त्याज्य छ भन्ने स्वीकार गरेमा परमात्माको महत्त्व घट्ला ! महत्त्व अर्थात् देश, काल र वस्तुको परिच्छेद नहुनु परमात्माको स्वरूप हो । उहाँको त्यो स्वभाव कहिले पनि हराउँदैन ।५९।

स्वगत, सजातीय र विजातीय भेद नभएकोले महत्त्व परमात्माको धर्म होइन । भेद भएपछि मात्र धर्म र धर्मीको कुरा आउँछ । आत्मादेखि भिन्न वस्तु नभएकोले भेद, अभेद र भेदाभेद कुनै पनि छैन । खालि आत्मा मात्र सँदै रहिरहेको छ अध्यस्त प्रपञ्च सत् र असत्देखि विलक्षण हुनाले अनि वस्तुरूपले र अवस्तुरूपले पनि अधिष्ठान व्रह्मदेखि भिन्न नहुनाले ज्ञानीका दृष्टिमा एक ब्रह्म नै भान भइरहन्छ अनि ज्ञानीले के ग्रहण गर्लान्, फेरि के छोड्लान् । प्रपञ्चको कारण मायारूप जगत् छ भनी कुनै मोहमा फसेका मानिस भन्छन्, तर वास्तवमा शिव परमात्मरूपदेखि भिन्न माया छैन ।६३।

हे श्रेष्ठ देवताहो, मायाद्वारा पनि परमात्मरूप शिवदेखि भिन्न अरू प्रपञ्च छ भने उहाँको परम महत्त्व घट्दछ । राम्ररी निरूपण गर्दा परमात्माको महत्त्वको संकोच हुन सक्दैन । यदि संकोच छ भने अर्थात् आकाशको जस्तै आपेक्षिक अर्थात् अपेक्षाबाट भएको महत्त्व हो भने 'ब्रह्म अनन्त छ एक छ' इत्यादि सत्य कुरा बताउने वेद प्रमाण नहोला । त्यसैले खास प्रभु आफैं महादेव आनन्दरूप र पूर्ण हुनुहुन्छ । उहाँदेखि बाहेक अरू केही पनि छैन ।६६।

हे श्रेष्ठ देवताहो, तर्कहरूको र प्रत्यक्ष आदि प्रमाणहरूको अनि वेदान्तहरूको पनि यही नै हद पुगेको निष्ठा हो । धर्मशास्त्रको, पुराणहरूको, भारतको, अरू वेदको अनुसरण गर्ने विद्याहरूको, अनि शैव, वैष्णव आदि आगमहरूको; वुद्ध र जैनका आगमको, फेरि यक्ष आदिले बनाएका आगमहरूको पनि यही निष्ठा हो । परम अद्वैत–विज्ञान अरू कुन मानिसलाई तथा कुन देवतालाई सिद्ध होला र ! वास्तवमा शिवलाई साक्षात् सिद्ध छ । परम अद्वैत–विज्ञान अपरिमित तेज भएका शिवजीलाई र देवी शिवालाई स्वभावैले सिद्ध छ ।७२।

शिव र शिवाको प्रसादवाट नै विष्णुलाई र म व्रह्मालाई पनि परम अद्वैत वस्तुको ज्ञान भएको हो । विराट्लाई, स्वराट्लाई र सम्राट्लाई तथा सवै तिमीदेवताहरूलाई, अनि यक्ष, राक्षस, गन्धर्व, र सिद्ध मनुष्य आदिलाई पनि शिवजीकै प्रसादवाट ज्ञान भएको हो । भगवान् शिवजीको प्रसाद पायो भने जसले पनि ज्ञान पाउँछ ।७८।

यी शिवजी नै जन्तुहरूलाई परम ज्ञान दिनुहुन्छ । म, (व्रह्मा) विष्णु र अरूले पनि ज्ञान दिइँदैन । मैले साँचो कुरा वताएँ । भगवान् विष्णु र म (व्रह्म) पनि स्वतन्त्र छैनौं । स्वतन्त्र शिव नै हुनुहुन्छ । उहाँले नै संसार–वाट मुक्त गराउनुहुन्छ । उहां विना मैले मानिसको उद्धार गर्न सक्तिनँ । विष्णुले पनि महादेव विना उद्धार गर्न सक्नुहुन्न । डाडु जस्तै भएर संसार वाट यी मानिसहरूको उद्धार गर्छु स्वतन्त्र

भएर होइन । साक्षाद् विष्णु पनि म जस्तै हुनुहुन्छ । देवताका पनि देवता शिवजीको महिमा अरू कसलाई थाहा छ र ? स्वयं शिवजीलाई थाहा छ कि छैन ? ठूला ठूला व्यक्तिहरूले पनि शिवको अनुग्रह विना उहाँको स्वरूप बुझ्न कठिन छ । यो मैले साँचो कुरा भनेको हुँ ।८५।

(कुनै विशेषण नहुँदा परमात्मतत्त्व जान्न ज्यादै गाह्रो भएकोले महान् इन्द्र आदि देवताहरूले पनि उपदेश र ईश्वरको अनुग्रहले मात्र पाउँदछन् भन्ने दर्शाउन तलवकार श्रुतिमाताले अब एउटा कथा बताउनुहुन्छ ।)

पहिले सारा देवताहरू र दुष्ट दैत्यहरूको पनि ठूलो मोहले गर्दा रोक्नै नसकिने लडाइँ भयो । बलिया दैत्यहरूले सताइएका देवताहरूलाई देखेर करुणाका खानी सर्वज्ञ ईश्वरले देवताहरूलाई (जय) जीत र दैत्यहरूलाई पराजय अर्थात् हार दिनुभयो । त्यसै हुँदा चाँडै नै देवताहरूले दैत्यहरूलाई जिते । महादेवको ऐश्वर्य नबुझेर मोहमा डुबेका देवताहरूले भन्ठाने, 'हामीले जित्यौं । दैत्यहरू हारे ।' यस्तो अहंकारले ढाकिएका सारा पुराना देवताहरू ज्यादै खुशी भए ।९०।

देवताहरूको त्यो चाल देखी करुणाका खानी भगवान् रुद्रले फेरि दुर्ज्ञेयत्व अर्थात् ज्यादै त्यागले मात्र जानिने आफ्नो महत्त्व बुझाउन खोज्नुभयो ।

ती देवताहरूको भ्रान्ति हटाउनाको लागि सर्वज्ञ साक्षात् महेश्वर पनि यक्षको रूपले प्रकट हुनुभयो । त्यो पुरूष, स्त्री र नपुंसक कुनै पनि नभएको गजबको यक्षलाई

देखी अचम्म मानेका सबै देवताहरू जम्मा भएर 'यो यक्ष के हो ?' भन्ने विचार गरे । त्यसपछि मोहमा परेका देवताहरूले अग्निलाई डाकेर भने, 'यो यक्ष के हो ? बुझनुहोस् ।' ।६४।

हुन्छ, बुझदछु भनी अग्नि यक्षको नजीकै गए । अनि यक्षरूप महादेवले 'को हौ ?' भनी सोध्नुभयो । म अग्नि हुँ भनी अग्निले जवाफ दिए । त्यसपछि 'तिमीमा के शक्ति छ ?' भनी भगवान् यक्षले भन्नुभयो । यो पृथ्वीमा रहेको सारा कुरा डढाउन सक्छु भनी अग्निले भने । त्यसपछि एक त्यान्द्रो घाँस अगिल्तिर राखिदिएर मुसुमुसु हाँस्दै 'यो डढाऊ' भनी भगवान्ले भन्नुभयो । अग्निले सारा शक्ति लगाउँदा पनि त्यो त्यान्द्रो डढाउन सकेनन् । अनि देवताहरूकहाँ गएर अग्निले भने, 'ती यक्षको ऐश्वर्य बुझन मैले सकिनँ । ठूलो प्रयास गरी तिमीहरू आफैं बुझ । त्यसपछि वायुलाई बोलाई 'त्यो यक्ष को हो ? बुझ भनी भने । ती वायु गए, तर अग्निलाई जस्तै दिव्य यक्षरूप शंभुले अहंकार तोडिएका हुँदा फर्केर देवताहरूलाई अग्निले जस्तै जवाफ दिए ।१०१।

अहंकारले ढाकिएका इन्द्र मोहले आफैं यक्षलाई बुझन भनेर गए, तर यक्षचाहिं त्यहीं नै अलप भए । ज्यादै खिन्न भएका अनि ठूलो तापले युक्त भएका इन्द्रले ज्यादै दयालु विद्यारूप उमा देवीको ध्यान गरे । तीन वेद नै स्वरूप भएकी जगत्की आमा, करुणामूर्ति शिवा परमेश्वरीको स्तुति इन्द्रले लौकिक

र वैदिक स्तोत्रले गरे। सारा जन्तुहरूले बुझन नसकिने महादेवको माहात्म्य देखाउन त्यहीं नै देवी आफैं प्रकट हुनुभयो। ती शोभायमान पर्वतराज हिमालयको छोरी उमालाई इन्द्रले बिन्ती गरे, 'यो यक्ष के हो ? किन प्रकट भयो ? फेरि किन अलप भयो ? ज्यादै दयालु भएकी हे देवी, मलाई आज्ञा होस्।' १०८।

यी ब्रह्म मेरा पति हुनुहुन्छ। ज्यादै दया गरेर प्रकट हुनुभएको थियो, ऐले अलप पनि हुनुभयो भनी संपूर्णकी नायिका देवीले भन्नुभयो। हे इन्द्र साक्षात् विष्णुले, ब्रह्माले, अरू देवताले र तिमीले पनि महादेवलाई जान्न मुश्किल छ। हे देवताका राजा इन्द्र, आफ्नो ज्यादै दुर्ज्ञेयत्व अर्थात् जान्न मुश्किल हुने स्वरूप देखाउन नै भगवान् प्रकट हुनुभएको हो। अरू कारणले हैन। उनै महादेवले सारा देवतालाई र तिमीलाईं पनि विजय दिनुभएको हो, अनि दैत्यहरूलाई हराइदिनुभएको हो। यसै हुँदा उनै महादेवको शरणमा जाऊ। यति भनेर ती चैतन्यरूप अनि सबैकी साक्षिस्वरूप, भक्तहरूको पाशो नासिदिने महादेवी उमा त्यहीं नै अलप हुनुभयो। ११३।

संसारको कारण भएको मात्सर्य अर्थात् डाहलाई त्यागेर देवताहरूले विछट्ट दयालु, स्वतन्त्र, मुक्ति र भुक्ति दिने महादेवलाई जान्न कठिन रहेछ भन्ने निश्चय नै बुझे। अनुग्रह भएमा परमेश्वरलाई जान्न सकिन्छ। उहाँको अनुग्रह विना कसैले जान्न सक्दैनन्। अनुग्रह विना विष्णुले महेश्वरलाई

जान्न सक्नुहुन्न । म पनि सक्दिनँ । अरू देवताहरू पनि सक्दैनन् । अनुग्रह विना जसले महेश्वरलाई जान्दछन् ती नाक विना केवल हातले गन्ध थाहा पाउँछन् ।११७।

सुख र दुःखका कारण भएका धर्म र अधर्म क्षीण जस्तै भएपछि गुरुको दयादृष्टिबाट जुन विलक्षण प्रकाश आउँछ त्यही नै भगवान् रुद्रको प्रसाद अर्थात् अनुग्रह हो । प्रसादको स्वरूप भन्न कोटि कल्पमा पनि म सक्दिनँ । नारायण र रुद्र पनि सक्नुहुन्न । केवल लिङ्ग अर्थात् चिह्न-द्वारा बुझ्नुपर्छ । आकाशमा रहन सक्नु, अर्को शरीरमा पस्नु, शरीर नदेखिनु, नपढेको शास्त्र पनि आफैं आउनु, निग्रह र अनुग्रहमा शक्ति हुनु, इत्यादि प्रसादका चिह्न हुन् । शिवजी-को प्रसाद ज्यादै तीव्र हुन्छ । यस्तो प्रसाद म (ब्रह्मा) बुझ्न सक्तिनँ । नारायण पनि बुझ्न सक्नुहुन्न । यसै हुँदा यदि चाँडै नै मुक्त हुन इच्छा गर्छ भने अरू देवतालाई छोडेर शिवकै शरणमा जाओस् । तन मन, वचनले शिवकै दुर्ज्ञेय अर्थात् जान्न कठिन हो तापनि शिवजीको प्रसाद पायो भने सहजैसित आत्मज्ञान हुन्छ । प्रसाद पाएमा सगुण मूर्तिको दर्शन सहज हुन्छ अनि सर्वसाक्षी आफू हो भन्ने बुझेर निर्गुण स्वरूपको पनि सर्वात्मभावले अनुभव गर्न सक्छ ।१३३।

साक्षी मात्र सँदै भएर जसले देख्दछ त्यल्ले यथार्थ देख्दछ । परम अद्वैतमा निष्ठा हुनु ज्यादै दुर्लभ हो । शिव-देखि भिन्न द्वैत यदि भ्रान्तिले जान्दछ भने त्यो पशु हो । परम अद्वैतको अनुभवी चाहिं ठूलो देवता हो । त्यसैले परम

मुक्ति पाउँछ । यहाँ शंकाको कारण छैन । गौतम र दधीचि मुनिको सरापबाट अनि अर्को जन्ममा गरेको पापबाट महापापीहरूलाई यो परम अद्वैत ज्ञानमा रुचि लाग्दैन । साक्षात् वेदबाट जानिने शिवजीमा र शिवजीको ज्ञान हुने साधनमा पनि महापापीहरू द्वेष गर्छन् ।१३८।

सर्वाङ्गमा विभुत लाउन, त्रिपुण्ड्र धारण गर्न, रुद्राक्ष–धारण गर्न, शिवलिङ्गको पूजा गर्न र सँदै शिवशब्द जप्नमा पनि पापीहरूको द्वेष हुन्छ । हे श्रेष्ठ देवताहो, अनेक जन्म-देखि धर्म गर्दै आएका वेद र धर्मशास्त्रको बाटोमा हिँड्नेलाई परम अद्वैतको अनुभव हुन्छ । त्यो परम अद्वैतको अनुभवी-लाई म ब्रह्माले पनि सँदै आराधना गर्न लायक हो ।१४१।

परम अद्वैतको अनुभवमा रहेका महात्माको सेवा जसले गर्छ त्यसको पाउ मेरो शिरमा रहन्छ । परम अद्वैतको अनुभवमा रहेका ठूला योगीलाई शरीर, धन र प्राण पनि श्रद्धासाथ देओस् । परम अद्वैतको अनुभवी ठूला योगीको सेवा शुद्ध विद्याको साधन हो । शंका छैन ।

हे श्रेष्ठ देवताहो, मानिसहरूको वेददेखि बाहिरका तन्त्रको वासना, कुतर्क–वासना, लोकवासना, पुत्र, मित्र र स्वास्नीको वासना, धनको वासना, शरीर, इन्द्रिय, मन, बुद्धि र प्राणहरूको वासना, पाण्डित्य (पण्डित्याइँ) को वासना, भोगवासना, कान्तिवासना; रुद्र, वेद र नारायणहरू-मा द्वेषको वासना, ज्ञानका साधन भएका त्रिपुण्ड्र विभुत लगाउनुमा द्वेषको वासना, पापवासनाहरू परम अद्वैत

अनुभवको प्रतिबन्ध हुन् । त्यसै हुँदा श्रद्धालु मुमुक्षु (मोक्ष हुन चाहने)ले यी सारा वासना छोडेर परम अद्वैतज्ञानमा सँदै रहोस् । वेदले बताएको महान् अद्वैतज्ञानको महिमा बताउन हामी सक्दैनौं । त्यसैहुँदा चूप लाग्छौं । सारा दुःख-लाई नाश गर्ने अनि उतिनखेर नै परम सुखस्वरूप शिव आत्मस्वरूपमा पुऱ्याउने ज्ञान मैले बताएँ । तर सारा दोष-लाई हटाएर वेद र वेदान्तमा निष्ठा राखी यो ज्ञानलाई हृदयरूपी गुफामा राख्नुपर्छ ।१५४।

तलबकार उपनिषद्को रहस्य समाप्त

पाँचौ अध्याय

ब्रह्मोवाच

अतीव गुह्य मादेश मनन्ता-र्थ-प्रकाशकम् ।
वक्ष्ये युष्माक मद्याहं शृणुत श्रद्धया सह ।१।

(सामवेदीय छान्दोग्योपनिषद् पनि ब्रह्म र आत्माको एकता-परक छ भन्ने रहस्य दुइ अध्यायले वताइन्छ । यहाँ गुरुकुलमा पढेर आएको घमन्डी छोरा श्वेतकेतुलाई वाबु उद्दालक सोध्नुहुन्छ, 'के तिमीले देशिक अर्थात् गुरुबाट पाइने रहस्य सोध्यौ ? जसले नसुनेको पनि सुनेको हुन्छ,' तर्कद्वारा मनन नगरिएको मनन गरिएको हुन्छ, अनि नजानेको पनि जानेको हुन्छ (छान्दोग्य ६।१) इत्यादि आदेशको तात्पर्य वताइन्छ) ।

ब्रह्माले भन्नुभयो, ज्यादै नै गुह्य आदेश अर्थात् ज्ञानी गुरुको उपदेशवाट पाइने रहस्य अनि अनन्त अर्थको प्रकाशक अर्थात् नटुक्रिएको व्यापक, अनि सारा वस्तुको प्रकाशक ब्रह्मको विषयमा तिमीहरूलाई म भन्छु । श्रद्धाका साथ सुन । कल्पित सारा जड प्रपञ्चको प्रकाशक ब्रह्म नै हो ।

यस्य श्रवणमात्रेण श्रुतमेवा श्रुतं भवेत् ।
अमतं च मतं ज्ञात मविज्ञातं च सत्तमाः ।२।

जुन कारणरूप सद्वस्तु ब्रह्मको विषयमा श्रुतिले बताएको ज्ञानले श्रुतिले नबताएको कार्यरूप जगत् पनि कारण ब्रह्मदेखि भिन्न नहुनाले सुनिएको हुन्छ । अतर्कित कार्य जगत् पनि तर्कित हुन्छ । अज्ञात अर्थात् निश्चय नगरिएको पनि निश्चित हुन्छ ।

एकेनैव तु पिण्डेन मृत्तिकाया यथा सुराः ।
विज्ञातं मृन्मयं सर्वं मृदभिन्नत्वतः सदा ।३।

'एक थोक जानेर अर्को थोक कसरी जानिनु ?' भन्ने शंका गरेर कारणरूप ब्रह्मदेखि कार्य जगत् भिन्न होइन भन्ने कुरा दृष्टान्तका साथ बताइन्छ । हे देवताहो, एउटै माटोको डल्लोले माटोबाट बनेका गाग्रो इत्यादि सारा भाँडाहरू माटोदेखि भिन्न नहुनाले सँधै जानिन्छन् । छान्दोग्य ६।१।४ को आशय यहाँ बताइएको छ । गाग्रो इत्यादि भन्नु विकार हो । माटो भन्नु साँचो हो ।

एकेन लोहमणिना सर्वं लोहमयं यथा ।
विज्ञातं स्याद् यथैकेन नखानां कृन्तनेन च ।
सर्वं कार्ष्णायसं ज्ञातं तदभिन्नत्वतः सुराः ।४।

जस्तो एउटा सुनको डल्लोलाई जान्नाले सुनबाट बनेका सारा गहना जानिन्छन् फेरि फलामलाई जान्नाले फलामबाट बनेका सारा छुरा इत्यादि कारणदेखि भिन्न नहुनाले जानिन्छन् । छान्दोग्य ६।१।५ को आशय यहाँ बताइएको हो ।

उत्पत्तिश्च विनाशश्च तथैवार्थक्रिया पि च ।
नाम–रूप–विशेषश्च सर्वं भ्रान्त्या प्रसिध्यति ।२२।

उत्पत्ति, नाश, अर्थ–क्रिया अर्थात् गाग्रोमा पानि राख्नु इत्यादि, नाम–विशेष, र रूपविशेष सारा भ्रान्तिले सिद्ध हुन्छ, कार्य कारणदेखि भिन्न नभए पनि अज्ञानले कार्य र कारणको भेदको भान हुन्छ ।

अतः सर्वो विकारश्च वाचा केवल मास्तिकाः ।
अस्तीत्यारभ्यते नाम–धेय मात्रं हि सत् सदा ।२३।

हे आस्तिक देवताहो, सारा विकार अर्थात् सारा कार्य वचनले केवल छ भनिन्छ । वास्तवमा त्यो नाम मात्र हो । जस्तो गाग्रो, कहतारो इत्यादि नाममात्र हो । वस्तु त माटो हो । सँदै अर्थात् कार्य उत्पत्ति हुनुभन्दा पहिले अनि कार्यको स्थितिकालमा र कार्य–नाश भएपछि पनि सद्वस्तु कारण मात्र हो ।

प्रातीतिकेन रूपेण विकारोऽसत्य एव हि ।
कारणाकार एवास्य सत्यः साक्षात् सदा सुराः ।२४।

कार्यका दुइ रूप छन् । एक हो प्रातीतिक अर्थात् ऐले कार्यरूपले प्रतीत भएको । दोस्रो हो कारण–रूपले । हे देवताहो, कार्य (घटको आकारको) रूपले विकार असत्य हो । कारण (माटो) रूपले नै यो सँदै साँचो हो ।

कारणा–भिन्न–रूपेण कार्यं कारण मेव हि ।
सद्–रूपेण सदा सत्यं भेदेनोक्ति मृषा खलु ।२५।

कारणको अभिन्नरूपले कार्य कारण नै हो । यिनको भेद छैन । कारण सद्‌रूपले सँदै साँचो छ । भेद छ भन्नु त निश्चय नै झूटो कुरा हो । (जस्तो माटो सँदै साचो हो । माटो र गाग्रोमा भेद देख्नु झूटो कुरा हो ।)

अतः कारण–विज्ञानात् सर्व–विज्ञान मास्तिकाः ।
सुतरा मुपपन्नं हि न संन्देहोऽस्ति कश्चन ।२६।

यसै हुँदा कारण (माटो आदि) जान्नाले सारा कार्य (गाग्रो आदि) पनि कारणको आकारमा जानिहालिन्छ । यसैले सारा जगतको कारण भएको व्रह्मको ज्ञानले कार्य सारा जगत् पनि कारणरूपले जानिहालिन्छ । यसमा कुनै शंका छैन ।

सृष्टेस्तु प्रागिदं सर्वं सदेवा सीत् तु कारणम् ।
तच्च कारण माद्यन्त–विनिर्मुक्तं सदद्वयम् ।४६।

(एक कारणको ज्ञानले सारा कार्य जानिन्छ भन्ने र माटो आदिको दृष्टान्तले कार्य कारणदेखि भिन्न हैन भन्ने पनि सिद्ध गरेर एक ब्रह्म वस्तुको ज्ञानले सारा जानिन्छ भन्ने यहाँ बताइन्छ) सृष्टि हुनु भन्दा पहिले यो सारा जगत् (निदाएको अवस्थामा जस्तै) कारण सत् नै थियो । त्यो कारण हो आदि र अन्तले रहित अर्थात् उत्पत्ति र विनाशले रहित, अनि हो सत् अर्थात् तीनै अवस्थामा र तीनै कालमा अन्वय-रूपले रहिरहने वस्तु, अनि त्यो वस्तु हो अद्वितीय अर्थात् दोस्रो नभएको एक । (छान्दोग्य ६।२।१ को आशय यहाँ देखाइएको हो ।

इदं सर्वं जगत् सत्य मिव भातमपि स्वत: ।
कारण-व्यतिरेकेण नास्त्येवा त्र न संशय: ।५७।

(माटो इत्यादिको दृष्टान्तले पहिले बताइएको कार्य कारणदेखि भिन्न हैन भन्ने कुरा यहाँ फेरि दृढ गराइन्छ) यो सारा पंचीकरण गरिएको अर्थात् आकाश आदि पाँच महाभूत मिसाइएको जगत् साँचो जस्तो भान भए पनि यसको कारण पञ्चीकरण नगरिएको पंचतन्मात्रा देखि भिन्न हैन । यसमा शंका छैन ।

यदग्ने रोहितं रूपं तद् रूपं तेजस: सदा ।
यच्च् छुल्कं तदपां रूपं यत् कृष्णं भौम मेव तत् ।५८।

अग्निको जुन रातो रूप हो त्यो सूक्ष्म तेजको रूप हो । जुन सेतो हो त्यो पानीको रूप हो । जुन कालो हो

त्यो पृथ्वीको रूप हो । छान्दोग्य ६।४।१को आशय यहाँ बताइयो) ।

नास्ति रूपातिरेकेण सदा सोऽग्नि सुरर्षभाः ।
वाचारम्भण-मात्रो हि विकारो वह्नि-संज्ञितः ।५६।

हे श्रेष्ठ देवताहो, रूपबाहेक त्यो अग्नि भन्ने वस्तु कहिले पनि छैन । यसै हुँदा अग्नि भन्ने विकार केवल वचनले मात्र भनिने हो । (वास्तवमा अग्नि भन्ने पदार्थ छैन ।

घट-कुड्या-दयो भावा भूतानि भुवनानि च ।
सर्वं ब्रह्मा-तिरेकेण नास्ति ब्रह्मैव सत् सदा ।६३।

(जस्तो अग्निहरू कारण भएका तेजहरूदेखि भिन्न छैनन् त्यस्तै) गाग्रो, भित्ता, इत्यादि पदार्थहरू, पाँच महाभूतहरू र भुवनहरू जगत्को कारण भएका ब्रह्मदेखि भिन्न छैनन् । सँदै सद्-रूप ब्रह्म मात्र हुनुहुन्छ ।

पूर्व-पूर्व-भ्रमो-त्पन्न-वासनाया बलेन तु ।
देहे-न्द्रिया-दि-संघाते ऽहंमति र्जायते दृढम् ।६४।

(यदि ब्रह्म साँचो वस्तु हो भने जीव पनि साँचो नै होला । त्यस्तो भए नाशवान् शरीर आदिमा जीवको म भन्ने बुद्धि कसरी भयो ? भन्ने प्रश्नको उत्तर यहाँ दिइन्छ ।)

पहिले पहिलेका जन्ममा भ्रमले पैदा भएको वासनाको बलले शरीर, इन्द्रिय आदिका जमातमा दृढ म भन्ने बुद्धि हुन्छ ।

देहे-न्द्रिया-दयो भावा नाहमर्था निरूपणे ।
भौतिकत्वाच्च भूतांशैः सदैवा प्यायितत्त्वतः ।६५।

('खाएको अन्न तीन भाग लाग्दछ । मोटो भागले विष्ठा वन्छ, मझौला भागले मासु वन्छ, अनि सूक्ष्म भागले मन वन्छ' यस्तो छान्दोग्य ६।५।१ देखि 'हे सौम्य, जस्तो दही मथ्दा सूक्ष्म भाग माथितिर जान्छ र त्यो नौनी हुन्छ त्यस्तै खाएका अन्नको जुन सूक्ष्म अंश हुन्छ त्यल्ले मन वन्छ' यस्तो छान्दोग्य ६।६।१ को भनाइवाट शरीर आदि जडको कार्य हुनाले चैतन्यको विषय भएको म भन्न सुहाउँदैन भन्ने कुरा यहाँ देखाइन्छ) शरीर, इन्द्रिय आदि पदार्थहरू भ्रान्तिले मात्र म भनिएका हुन् । निरूपण गर्दा भौतिक अर्थात् पृथ्वी, जल, तेजहरूबाट पैदा भएका हुनाले र तिनै भूतहरूका स्थूल, मध्यम र सूक्ष्म अंशहरूले सँदै रक्षा गरिएका हुनाले अहं अर्थात् म भन्ने चेतन अंशको विषय हुन सक्दैनन् ।

मृदम्भसा यथा भित्ति र्निर्मिता वै मृदम्भसा ।
आप्यायते तथा भुक्तै र्भूतै र्देहादयोऽपि च ।६६।

माटो र पानीले भित्ता बनाइन्छ अनि माटो र पानीले बारंबार पोतेर नै सुरक्षित गराइन्छ । त्यस्तै आमा

बाबुले खाएका पृथ्वी (अन्न) जल इत्यादिले शरीर बनेको हो । यसै हुँदा अन्न आदि खाएर नै शरीर आदि बढ्दछन् ।

अतो देहा-दि-संघाते ऽहं ममे त्यादिकां मतिम् ।
विसृज्य साक्षिचैतन्ये विद्वान् कुर्या दहं-मतिम् ।६७।

यसै हुँदा अर्थात् शरीर, इन्द्रिय र मनहरू तेज, जल र पृथ्वीको कार्य भएको हुनाले शरीर आदिको संघातमा अर्थात् जमातमा म र मेरो भन्ने बुद्धिलाई छोडेर विद्वान्ले साक्षि-चैतन्यमा म भन्ने बुद्धि गरोस् ।

दध्नः सर्पि र्यथा जातं मन्थनेन सुरर्षभाः ।
तथा बुद्ध्या-दयो भावा भूतेभ्य श्चोद्-भवन्ति हि ।६८।

हे श्रेष्ठ देवताहो, दही मथ्नाले जसरी नौनी पैदा हुन्छ त्यस्तै बुद्धि आदि पदार्थहरू भूत अर्थात् तेज, जल र पृथ्वीबाट पैदा हुन्छन् अर्थात् खाइएका अन्न र जलहरूलाई जठराग्निले गरेको पाकविशेषबाट शरीर, इन्द्रिय, मनहरू खडा हुन्छन् ।

भौतिकं देहसंघातं विसृज्य मतिमान् पुनः ।
सर्वसाक्षिणि चिद्रूपे कुर्यान् नित्य महंमतिम् ।६९।

दही र नौनीको दृष्टान्तले शरीर आदि पृथ्वी, जल, तेजहरूबाट खडा भएका हुन् भन्ने निश्चय गरी ती भूतबाट

बनेको शरीर आदि संघात (जमात) लाई छोडेर बुद्धिमान् मानिसले सर्वसाक्षी अर्थात् साराको साक्षिचैतन्यमा सँदै म भन्ने बुद्धि गरोस् ।६७ मा शरीर आदि भित्र पसेको साक्षि-चैतन्यलाई आफू ठानोस् भनिएको थियो । यहाँचाहिं साराको साक्षी ईश्वर–चैतन्यमा आफूबुद्धि गरोस् भनी ऊ भन्दा माथिल्लो सींढीमा पुऱ्याइएको छ । जस्तो घटाकाश अर्थात् घटभित्रको आकाश महाकाश नै हो । त्यस्तै व्यष्टि बुद्धिको साक्षी सर्वसाक्षी नै हो ।

अन्नेना ऽऽप्यायते ऽ भुक्ते नाधीतं तस्य भाषते ।
ततोऽपि बुद्धि रन्नस्य कार्यमेव न संशयः ।७०।

(शरीर, वाक्, प्राण आदि त भौतिक हुन् मन त नित्य हो भन्ने वैशेषिकको मतलाई पेटभित्र राखेर फेरि पनि आज्ञा गर्नोस् भन्ने छोराको आशय बुझेर बाबु आरुणि आज्ञा गर्नु हुन्छ) सोरह दिनसंम नखाए सारा पढेको कुरा बुद्धिले बिर्सन्छ । अन्न खायो भने फेरि संझन्छ । यसै हुँदा बुद्धि पनि अन्नको कार्य हो । यसमा शंका छैन । (छान्दोग्य ६।७।१ को आशय बताइएको हो ।

अतोऽपि बुद्धि मन्नस्य कार्यं त्यक्त्वा विविक्तधीः ।
सर्व-साक्षिणि चिद्-रूपे कुर्यान्नित्य महंमतिम् ।७१।

यसैं कारणले अन्नको कार्य भएको बुद्धिलाई छोडेर

बुद्धिदेखि अलग भई सर्वसाक्षी (अर्थात् सबैको प्रकाशक साक्षिचैतन्य) मा सँदै म भन्ने बुद्धि गरोस् ।

देहे-न्द्रिया-दि-संघाते ऽहं-ममे-त्या-दिकां मतिम् ।
त्यक्त्वा स्वा-त्मनि चिद्रूपे यदाऽपीतो भवत्ययम् ।७२।
तदा स्वपिति दुःखा-दि-दर्शनं च न विद्यते ।
स्वात्म-रूप-सुख-प्राप्ति रेवं दृष्टाऽस्य देहिनः ।७३।
अतोऽपि मतिमान् नित्यं त्यक्त्वा देहादिगां धियम् ।
सर्व-साक्षिणि चिद्रूपे साक्षात् कुर्या दहंमतिम् ।७४।

छान्दोग्य ६।८।१ मा आरुणि उद्दालक छोरा श्वेत-केतुलाई भन्नुहुन्छ, 'हे बाबु जुन वेला मानिस सुत्दछ त्यस वेला सत्ले संपन्न हुन्छ अर्थात् आफ्नो स्वरूपमा प्राप्त हुन्छ । इत्यादि । त्यसैको आशय यहाँ वताइन्छ । शरीर, इन्द्रिय आदिको जमातमा 'म' र 'मेरो' भन्ने बुद्धि छोडेर चैतन्यरूप आत्मामा जव पुगिन्छ तव सुत्दछ अनि दुःख आदि पनि देखिदैन । यसरी सुतेको वेलामा आत्म-रूप सुखको प्राप्ति शरीरधारीलाई हुन्छ । यही कारणले बुद्धिमान् मानिसले सँदै शरीर आदिमा म भन्ने बुद्धि छोडेर साराको प्रकाशक साक्षि-चैतन्यमा साक्षात् म भन्ने बुद्धि दृढ गरोस्, अर्थात् आत्माको साक्षात्कार गरोस् ।

यदिदं साक्षिणा वेद्यं तत् सर्वं ब्रह्म केवलम् ।
तत् सत्यं पूर्णचैतन्यं तत्त्वमर्थो न संशयः ।७५।

सारा भोग्य वस्तु र भोग गर्ने शरीर इन्द्रिय आदि पृथ्वी जल र तेजबाट पैदा भएका हुन् भन्ने निर्णय गरेर ती पृथ्वी आदि नाम रूप अधिष्ठान वस्तु नै हो भन्ने देखाइ-सकियो । तै पनि भोक्ता जीव विभिन्न भएकोले द्वैतभाव रहिरहन्छ कि भन्ने शंका हटाउन छान्दोग्य ६।८।७ त्यो जो अणिमा अर्थात् सूक्ष्म वस्तु हो त्यही नै सारा हो । त्यही नै सत्य आत्मा हो । हे श्वेतकेतु, त्यो तिमी नै हो, भन्ने अंशको आशय यहाँ देखाइन्छ) जो यो साक्षीले जानिने वस्तु (दृश्य) हो त्यो सबै केवल ब्रह्म हो । अर्थात् ब्रह्ममा कल्पना गरिएको हुनाले कल्पित वस्तु अधिष्ठानदेखि भिन्न हुँदैन । (जस्तो डोरीमा कल्पना गरिएको सर्प आदि डोरीदेखि भिन्न हुँदैन ।) यसै हुँदा कल्पनाको अधिष्ठान हुनाले र सत्ता दिने हुनाले सत्य हो । त्वं शब्दको वाच्य अर्थ हो जीव, वास्तवमा त्यो ब्रह्म नै हो । दृश्य जस्तै जीव कल्पित होइन । यसमा शंका छैन ।

त्वं-शब्दार्थो य आभाति सोऽहं-शब्दा-र्थ एव हि ।
योऽहं-शब्दा-र्थ आभाति स त्वं-शब्दा-र्थ एव हि ।७६।

(त्वं शब्दले पराक् अर्थात् बाहिरको अर्थलाई बुझाउँछ अनि अहं शब्दले प्रत्यक् अर्थात् भित्रको अर्थलाई बुझाउँछ । 'म ब्रह्म हुँ' भन्दा प्रत्यक् आत्मा ब्रह्म हुँ भनिन्छ । अनि त्यो तिमी हौ भनी किन पराक्‌लाई ब्रह्म भनेको ? भन्ने शंका यहाँ हटाइन्छ) अर्थात् 'त्यो तिमी हौ' भन्ने वाक्य हो उप-

देशवाक्य । अनि 'म ब्रह्म हुँ' भन्ने वाक्य हो अनुभव जनाउने) यसै हुँदा जो त्वं शब्दको अर्थ हो त्यही अहंशब्दको अर्थ हो । जुन अहंशब्दको अर्थ हो त्यही त्वंशब्दको अर्थ हो । यसै हुँदा 'त्यो तिमी हौ' र म ब्रह्म हुँ भन्ने दुवै वाक्य समानार्थक हुन् अर्थात् उही अर्थ बुझाउने हुन् । जस्तो एउटै देवदत्तलाई बाबुले छोरा भन्छ अनि छोराले बाबु भन्छ, तर छोरा भन्दा र बाबु भन्दा पनि उही देवदत्त लिइन्छ ।

त्व-महं-शब्द-लक्ष्या-र्थः साक्षात् प्रत्यक्-चितिः परा ।
तच्छब्दस्य च लक्ष्यार्थः सैव नात्र विचारणा ।७७।

त्वं (तिमी) र अहं (म) शब्दले संसारी जीव लिइन्छ अनि तत् (त्यो) शब्दले सर्वज्ञ ईश्वर लिइन्छ त्यसो भए ती दुइको एकता कसरी होला ? भन्ने शंकाको जवाफ यहाँ दिइन्छ । त्वं (तिमी) र अहं (म) शब्दको लक्ष्य अर्थ हो साक्षात् प्रत्यक् चैतन्य । अनि तत् (त्यो) शब्दको लक्ष्य अर्थ पनि हो त्यही शुद्धचैतन्य । त्यसै हुँदा यहाँ शंका गर्नुपर्दैन । अर्थात् भाग-त्याग-लक्षणा-द्वारा एकता हुन्छ । साँचो बस्तु हो सत्य, ज्ञान, अनन्त र अद्वैत परमात्मा । प्रकृति हो, सत्व रज र तम यी तीन गुणस्वरूप । त्यो पनि दुइ किसिमको छ । रज र तमलाई दबाएको विशुद्ध सत्वप्रधान हो माया । रज र तमले युक्त मलिनसत्व हो अविद्या । मायामा प्रतिबिंबित चैतन्य हो ईश्वर । अविद्यामा प्रतिबिंबित चैतन्य हो जीव । ती दुइ त विरोधी जस्ता देखिन्छन् । ईश्वर सर्वज्ञ इत्यादि विशेषणले युक्त हो, अल्पज्ञ इत्यादि विशेषण

भएको हो जीव । तर केही अंश अर्थात् चैतन्यलाई लिने र केही अंश अर्थात् सर्व, अल्प इत्यादि छोड्ने भागत्याग-लक्षणा गरे चैतन्य चैतन्यको एकता सिद्ध हुन्छ ।

त्व-महं-शब्द-वाच्या-र्थस्यैव देहा-दि-वस्तुनः ।
न तच्छब्दार्थतां वक्ति श्रुति स्तत्त्वमसीति सा ।७८।

(चैतन्य अंशमा एकताका लागि विरोध नभए पनि त्वं र अहं अर्थात् 'तँ' र 'म' शब्दको वाच्य अर्थको तत्पदको वाच्य अर्थसँग विरोध हुन्छ नि भन्ने शंकाको उत्तर यहाँ दिइन्छ ।

त्वं र अहं शब्दको वाच्य अर्थ शरीर आदि वस्तुको तत्शब्दको वाच्य अर्थ सर्वज्ञसँग एकता गर भनी तत्त्वमसि आदि श्रुतिहरू भन्दैनन् ।

तदर्थै-क्य-विरुद्धां-शं त्यक्त्वा वाच्यगतं श्रुतिः ।
अविरुद्ध-चिदाकारं लक्षयित्वा ब्रवीति हि ।७९।

वाच्यमा रहेको तत्को अर्थमा भएको विरुद्ध अंशलाई छोडेर अविरोधी चैतन्यको मात्र लक्षणाद्वारा एकता हुन्छ भनी श्रुतिले भनेको हो ।

तदर्थे च त्वमर्थै-क्य-विरुद्धांशं विनैव तु ।
कारणत्वा-दि-वाच्य-स्थं लक्षयित्वा तु केवलम् ।८०।
चिदाकारं पुन स्तस्य त्वमर्थै-क्यं ब्रवीति च ।
तत्त्वं-शब्दा-र्थ-लक्ष्यस्य चिन्मात्रस्य परात्मनः ।८१।

एकत्वं यत् स्वतः सिद्धं स हि वाक्यार्थ आस्तिकाः ।
इतोऽन्यथा यो वाक्यार्थः सोऽवाक्यार्थो न संशयः ।८२।

(त्वं र अहं शब्दको अर्थमा बताएको कुरा तत् शब्दको अर्थमा पनि बताइन्छ ।) तत् पदको वाच्य भएको जगत्–कारणत्व र सर्वज्ञत्व आदिसँग विरुद्ध भएको संसारित्व आदि त्वंपदको वाच्य अर्थलाई जस्तो वास्ता गरिएन त्यस्तै त्वंपदको वाच्य अर्थसँग विरुद्ध भएको जगत्कारणत्व र सर्वज्ञत्व आदि तत्पदको वाच्य अर्थलाई पनि छोडेर केवल विशेष्य भएको चैतन्य मात्रलाई लखाई त्वंपदको अर्थ पनि बताइन्छ, अनि तत् र त्वंशब्दको लक्ष्य अर्थ चैतन्य मात्रको एकता हुन्छ ।यसरी तत् र त्वंशब्दको लक्ष्य जुन उपाधि–रहित चैतन्य मात्र हो । त्यसको आफसैंआफ सिद्ध भएको एकतालाई 'तत्त्वमसि' महावाक्यले प्रतिपादन गरेको छ । जीव र ब्रह्मको पहिले असिद्ध भएको एकता बुझाएको होइन । हे आस्तिक देवताहो, यही नै वाक्यको अर्थ हो । रसको संपर्कले तामालाई सुन बनाए जस्तै भिन्न जीवलाई ब्रह्म बनाउन खोजेको हैन । यसै हुँदा यो स्वाभाविक एकतादेखि भिन्न अरू प्रकारले एकता गराउने वाक्यको अर्थ होइन । यसमा शंका छैन ।

वस्तुतो नास्ति चाज्ञानं चित्प्रकाश–विरोधतः ।
अतो वाक्य नचाऽज्ञान–बाधक च निरूपणे ।८५।

(अज्ञान नभए हटाउने कुरै भएन । यदि अज्ञान

ब्रह्मसँग अभिन्न हो भने ब्रह्मको निवृत्ति होला । यसै हुँदा अज्ञान भन्ने वस्तु भिन्नै स्वीकार गर्नुपर्ला । यदि स्वीकार गरे द्वैत हुन जाला भन्ने शंकाको उत्तर यहाँ दिइन्छ ।) उज्यालोको विरोधी अँध्यारो कैं चैतन्यसँग विरोध हुँदा वास्तवमा अज्ञानको स्वरूप नै छैन । खालि भ्रान्तिले सिद्ध भएको अज्ञानलाई ज्ञानले हटाउँछ भन्ने विचार गर्दा वाक्य अज्ञानको बाधक होइन । खालि व्यवहारदृष्टिले मात्र ज्ञानको बाधक छ भनेको हो । किनभने नभएको अज्ञान-लाई कसरी हटाउनु ?) अर्थात् हटाउनै पर्दैन ।

व्यावहारिक मज्ञान मपि ब्रह्मैव वस्तुतः ।
अज्ञानमिति वार्ताऽपि त्वर्थ-सद्-भाव एव हि ।८७।

महावाक्यबाट भएको एकता-ज्ञानले अज्ञान हट्छ भन्ने व्यावहारिक अज्ञान पनि वास्तवमा ब्रह्म नै हो । (सीपीमा अध्यस्त भएको चाँदी सीपीदेखि भिन्न नभए कैं) ब्रह्ममा अध्यस्त अज्ञान पनि ब्रह्म नै हो । यसैले अज्ञान भन्ने व्यवहार पनि योग्य होइन ।

तस्मा दज्ञान मेवैतद् ब्रह्मैव सततोदितम् ।
अज्ञानमय मेवेदं सर्व मित्यपि भाषणम् ।९७।
नैव भाषण मज्ञाना-भावा देव शिवं विना ।
तस्मा दज्ञानं मज्ञान-कार्यं च सुरपुंगवाः ।९८।
एकं ब्रह्मैव नैवान्य दिति मे निश्चिता मतिः ।
ऐतदात्म्यमिदं सर्वं मित्याह हि परा श्रुतिः ।९९।

त्यसै हुँदा अज्ञान पनि सँदै उदाइराखेको ब्रह्म नै हो । यो सबै जगत् अज्ञानको कार्य हो भन्नु खालि शब्द मात्र हो । त्यसको अर्थ छैन) शिव बाहेक अज्ञान नभएको हुनाले अज्ञानको निरूपण गर्न सकिन्न । हे श्रेष्ठ देवताहो, अज्ञान र अज्ञानको कार्य एक ब्रह्म नै हो अरू होइन भन्ने मेरो अटल बुद्धि छ । उसै हुँदा वेदले पनि यो सारा जगत् उही ब्रह्म-स्वरूप हो भनेको छ ।

साक्षा दर्थ-स्वभावेन श्रुतिः सेयं प्रवर्तते ।
श्रोतु श्चित्ता-ऽविपाकेन विषण्णा विवशा श्रुतिः ।१००।

(आत्माबाट आकाश पैदा भयो, स्वर्गको इच्छा हुनेले ज्योतिष्टोम यज्ञ गरोस्' इत्यादि श्रुतिले नै भनेको हुँदा सारा जगत् ब्रह्मस्वरूप कसरी हुनु ? भन्ने प्रश्नको उत्तर यहाँ दिइन्छ ।) यो सारा जगत् ब्रह्म नै हो भन्ने श्रुतिले यथार्थ कुरा प्रति-पादन गरेको हो । चित्तशुद्ध नभएका श्रोताःको लागि खिन्न भएकी श्रुतिले विवश भएर मायिक भेदको अनुवाद गरी साध्य र साधनरूप विचित्र जगत्को उत्पत्ति वताएको हो ।

चित्त-पाका-नुगुण्येन श्रोतृणां परमा श्रुतिः ।
सोपान-क्रमतो देवा मन्दं मन्दं हितं नृणाम् ।१०७।

उपदिश्य विषण्णाऽपि पुनः पक्का-धिकारिणः ।
ऐतदात्म्य मिदं सर्वं मित्याह परमाद्वयम् ।१०८।

श्रोताहरूको चित्तको परिपाक अनुसार पहिले अग्निहोत्र आदि अलि अलि हित हुने कुरा सींढीको क्रमले उपदेश दिएर फेरि चित्तको परिपाक भइसकेकाको लागि यो सारा जगत् ब्रह्म हो भन्ने परम अद्वैत ब्रह्म वस्तुलाई छान्दोग्य श्रुति ६।८।७ ले बताएको हो ।

जगत्-जीवे-श्वर-त्वा-दि-सर्वं ब्रह्मैव केवलम् ।
इति स्वपू-र्णता-ज्ञानं परमा-द्वैत-वेदनम् ।११०।

जगत्, जीव, ईश्वर, भोक्ता, भोग्य भोग आदि सारा केवल ब्रह्म हो भन्ने बुझी आफू परिपूर्ण ब्रह्मरूप हुनु नै परम अद्वैत ज्ञान हो ।

इतोऽन्यद् यत् परिज्ञानं तदज्ञानं नसंशयः ।
विचारेणायमेवाऽर्थस् त्वयमेवाऽ विचारणे ।१११।
न कदाचिद् विशेषोऽस्ती त्येतज् ज्ञानं सुदुर्लभम् ।११२।

यो सर्वात्म-ज्ञानभन्दा अरू अर्थात् म अर्को जीव हुँ ब्रह्म अर्कै हो भन्ने ज्ञान अज्ञान नै हो । शंका छैन । श्रुति पनि भन्नु हुन्छ, 'जसले देवतालाई भिन्न ठानेर उपासना गर्छ म अर्को हुँ भन्ठान्छ त्यसले जानेन ।' विचार गरेमा यही नै कुरा ठीक हो । विचार नगर्दा पनि यथार्थ कुरा यही हो । यो ज्ञान अर्थात् निर्विशेष ब्रह्मको साक्षात्कार ज्यादै दुर्लभ छ ।

यथा यथा ऽवभासोऽयं शिव एवेति पश्यति ।
तथा तथा महादेव भजते ऽयत्नतस्तु सः ।११५।

(यस्तो अनुसन्धान गर्नेको वाहिरी सारा व्यापार पनि परमेश्वरको भजनरूप नै हुन्छ भन्ने यहाँ वताइन्छ ।) आँखा, कान इत्यादि इन्द्रियद्वारा जुनसुकै वस्तुको भान हुँदा पनि सारा वस्तु शिवरूप नै हो भन्ने जति जति निश्चय गर्छ उति उति महादेवको भजन प्रयत्न विना नै गर्छ ।

शिवादन्यतया किंचि दपि यो वेद सोऽधमः ।
शिवस्यैवाऽ पचारं हि कुरुते स पशु नरः ।११८।

जसले शिवदेखि भिन्न केही देख्छ भने त्यो अधम हो । शिवजीकै अपचार अर्थात् अहित गर्ने त्यो मानिस पशु हो ।

परमा-द्वैत-विज्ञान मिदं भवभयापहम् ।
भव-प्रसादतो लभ्यं भावना-रहित परम् ।१२३।

संसारको डरलाई नास्ने यो परम अद्वैतको अनुभव शिवजीको प्रसादवाट पाइन्छ तर यो भावनाबाट हुने ज्ञान होइन ।

यथा नक्तंदृशः सूर्य- प्रकाशो नावभासते ।
तथेदं परमाद्वैतं मनुष्याणां न भासते ।१२४।

(व्यवहारको समयमा पनि ज्ञानीले सारा जगत् ब्रह्म-रूप देख्नुहुन्छ भने अरूले किन देख्दैनन् भन्ने प्रश्नको उत्तर यहाँ दिइन्छ ।) जस्तो दिउसो आँखा नदेख्ने लाटोकोसेरो-लाई सूर्यको प्रकाश भान हुँदैन त्यस्तै अज्ञानीलाई यो परम अद्वैत ब्रह्मको भान हुँदैन ।

प्रसादादेव रुद्रस्य श्रद्धया स्वस्य धैर्यतः ।
देशिका-लोकना च्चैव कर्म-साम्ये प्रकाशते ।१२५।

भगवान् रुद्रको अनुग्रहवाट, पूर्ण श्रद्धाले, आफ्नो धैर्य अर्थात् मनको निश्चलतावाट र ज्ञानी गुरुको कृपादृष्टिवाट कर्म-साम्य भएमा अर्थात् फलका साथ धर्म र अधर्मरूप कर्म-को भोगले क्षय भएपछि शुद्धचित्त मुमुक्षुको आवरण हट्छ र आत्माको साक्षात्कार हुन्छ ।

बहुप्रकारं बहुशः श्रुतिः साध्वी सनातनी ।
एव मेतं महायासा दर्थं वदति दुःखिनाम् ।१२६।

आत्मा र ब्रह्मको एकतारूप जुन कुरा वताइयो त्यस-लाई धेरै किसिमवाट वडो प्रयासका साथ आमा जस्ती असल छान्दोग्य श्रुतिले दुःखी मानिसका लागि वारंवार भन्नुहुन्छ ।

सुषुप्ति र उत्क्रान्ति आदि अवस्थामा जीव सद्रूप ब्रह्म हुन्छ त्यही ब्रह्म तिमी हौ भनी श्वेतकेतुलाई वाबु उद्दा-

लकले भन्नुभयो तर सुषुप्तिमा सत् ब्रह्मस्वरूप भएको किन थाहा नभएको त भनी श्वेतकेतुले भन्दा उद्दालकले भन्नुभयो, 'जस्तो माउरीहरूले नाना किसिमका फूलहरूको रस ल्याई मह वनेपछि यो फलानो फूलको रस हो भनो छुट्याउन नसके झैं सुषुप्तिमा प्राप्त ब्रह्म पनि जानिदैन ।'

सुषुप्तिमा करण नहुनाले नजाने पनि उठे पछि त म ब्रह्मबाट आएँ भनी थाहा पाउनुपर्ने भन्ने छोराको शंकाको जवाफ बाबु दिनुहुन्छ, 'जस्तो वादलले वर्साइएका अनि समुद्र-मा पुगेका नदीहरूलाई समुद्रबाट आएको र समुद्र–स्वरूप भएको थाहा हुँदैन त्यस्तै जीवलाई म ब्रह्मबाट आएँ भन्ने थाहा हुँदैन ।

त्यसो भए नदीहरूको जस्तै जीवहरूको नामनिसान रहँदैन कि भन्ने छोराको शंकाको जवाफ बाबुले दिनुहुन्छ, 'जस्तो वन्चरोले रूख काट्दा रस चुहुनाले सजीवत्व हुन्छ त्यस्तै सुषुप्तको शरीरमा रगत देख्नाले जीवको नाश हुँदैन ।)

सूक्ष्म ब्रह्मबाट स्थूल जगत् कसरी पैदा भयो भन्ने छोराको शंकाको जवाफ बाबु दिनुहुन्छ, 'वरको गेडाभित्र रहेको सूक्ष्मरूपबाट वरको स्थूल रूख पैदा भए झैं सूक्ष्म ब्रह्म-वाट स्थूल जगत्को उत्पत्ति हुन्छ ।'

जगत्को मूलकारण ब्रह्म हो भन्ने किन प्रत्यक्ष हुँदैन भनो छोराको शंकाको उत्तर बाबु दिनुहुन्छ, 'पानीमा पग्लिए-

को नून देख्न र छुन नसके पनि रस चाख्दा नून छ भन्ने निश्चय भए झैं अदृश्य पनि ब्रह्म कार्य जगत्–रूप लिङ्गबाट ब्रह्म छ भन्ने बुझ्नुपर्छ ।

ब्रह्मको साक्षात्कारमा कुन उपाय हो ? भन्ने प्रश्नको जवाफ हो, 'गान्धारदेशको जंगलमा आँखा छोपेर पुर्‍याइएका व्यक्तिले फेरि सोध्दै देशमा पुगे झैं आचार्यको उपदेशबाट ब्रह्मको साक्षात्कार र अज्ञानको नाश हुन्छ ।'

विद्वान् कुन प्रकारले ब्रह्म हुन्छ भन्ने शंकाको जवाफ दिइन्छ, 'मन शान्त भएपछि ज्ञानदीपले प्रकाशित ब्रह्म यही जन्ममा प्राप्त हुन्छ ।'

अज्ञानी जस्तै ज्ञानी फेरि किन जन्मदैन ? भन्ने शंकाको उत्तर हो, 'तातेको बन्चरोले पनि नचोर्नेलाई सत्यले गर्दा पोल्दैन, चोरलाई पोल्छ त्यस्तै ज्ञानी फेरि जन्मदैन, अज्ञानी जन्मन्छ ।' चोरलाई पोल्नाको कारण कर्तृत्वबुद्धि हो । त्यस्तै कर्तृत्व बुद्धि भएकोले अज्ञानो जन्मन्छ । कर्तृत्व बुद्धि नभएकोले ज्ञानी जन्मदैन । यो तातो बन्चरोको ग्रहण धर्मशास्त्रको मुताविक हो । हे श्वेतकेतु, तिमी त्यही ब्रह्म हौ भनि उद्दालकले नौ पटक उपदेश दिएपछि श्वेतकेतुलाई साक्षात्कार भएको कथा छान्दोग्य उपनिषद् छैटौं अध्यायको हो ।

शिव एवास्ति नैवान्य दिति यो निश्चयः स्थिरः ।
सदा स एव सिद्धान्तः पूर्व–पक्षास् तथा परे ।१२७।

शिव मात्र हुनुहुन्छ अरू केही पनि छैन भन्ने स्थिर निश्चय नै सिद्धान्त हो । अरू ता पूर्वपक्ष मात्र हुन् ।

अयमेव हि सत्यार्थो नापरः पर मास्तिकाः ।
अत्रैव संनिधिं देवो विश्वासार्थं करिष्यति ।१३१।

हे आस्तिक देवताहो, यही नै साँचो कुरा हो । अर्को होइन भन्ने तिमीहरूलाई विश्वास गराउन यहीं नै भगवान् शिवजी पाल्नु हुनेछ ।

साराको हितमा रमाउने भगवान् ब्रह्माले यस्तो भन्नुभयो र साष्टांग दण्डवत् प्रणाम गरी भक्तिमा चुर्लुम्म डुब्नुभयो । यही अवसरमा श्रीमान्, चन्द्रमा निधारमा भएका, नीलो घाँटी भएका, तीन नेत्र भएका शिवजी पनि पार्वती-सहित प्रकट हुनुभयो । सुनको दिव्य आसन पनि त्यहाँ आइपुग्यो र त्यसमा शिवजी सुखपूर्वक राजभयो । ठूलो तेज भएका शिवजीको आशय बुझेर जगत्को स्थितिकर्ता विष्णु पनि त्यहाँ आउनुभयो । पुष्पवृष्टि भयो, भक्तिमान् मुनिहरूले शुद्ध वेदका वचनले स्तुति र पूजा पनि गर्नुभयो । ताल आदिमा कुशल व्यक्तिहरूले पटह, भेरी आदि बाजा बजाए गीत गाए । अप्सराहरू नाचे । करुणाका खानी अनि देवता र दैत्यहरूले पूजा गर्न योग्य भएका शिवजीले सबैलाई हेरेर आज्ञा भयो :–

के विचारकालमा, के अविचारकालमा सबै म नै हुँ । म देखि बाहेक यहाँ केही छैन । डोरीमा सर्प जस्तै

अध्वस्त अज्ञान र त्यसको सारा कार्य विचारकालमा ममा नै लीन हुँदा मदेखि अरू वस्तु केही छैन । कल्पित वस्तुको नाश हुँदा अधिष्ठान बाँकी रहन्छ भन्ने नियम नै छ । अविचारकालमा पनि सारा आरोपित कुरा अधिष्ठानदेखि भिन्न नहुने हुँदा म ईश्वर चैतन्य नै सारा वस्तुस्वरूप हुँ । यो सबै आत्मा हो भन्ने वेदको तात्पर्य पनि यही हो । यो मेरो खास अनुभव पनि हो । यसमा शंका छैन ।१४६।

'म सँदै तल पनि छु, अनि म माथि पनि छु, अगाडि मै छु, पछाडि पनि म नै छु । दाहिने तिर म छु अनि बायाँतिर र वीचमा पनि म छु । परोक्ष रूपले र प्रत्यक्षरूपले म छु । अनात्मरूपले र आत्मरूपले पनि सँदै म रहेको छु । ईश्वररूपले र जीवरूपले म रहेको छु । अज्ञानरूपले र विज्ञानरूपले म रहेको छु । संसाररूपले र कैवल्यरूपले अनि शिष्य र गुरुरूपले म रहेको छु । वेद धर्मशास्त्र र पुराणरूपले म रहेको छु । प्रमाता, प्रमाण, प्रमेय र प्रमितिरूपले म रहेको छु । कर्ता क्रिया, हेतु र फलरूपले म रहेको छु । भोक्ता, भोग, त्यसको हेतु र भोग्यवस्तुको स्वरूपले म रहेको छु । पुण्य, पाप, सुख र दु:खरूपले म रहेको छु । मानिस, पशु, पक्षी, कीरा, रूख, झाङ, लहरा घाँस, काल, घट, पट, भित्ता, अन्न, नदी, नद, समुद्र, किनार, तलाउ, बादल, नक्षत्र, ग्रह, विजुली, यक्ष, राक्षस, गन्धर्व, सिद्ध लोक इत्यादि भेदले म रहेको छु ।१६४।

देश, गाउँ, घर, मठ, सुकुल, परखाल, शहर, आकाश

आदि, शब्द आदि, शरीरभेद, प्राणभेद, कान आदि ज्ञानेन्द्रिय, खुट्टा आदि कर्मेन्द्रिय, मन, बुद्धि, अहंकार, चित्त, जन्म आदि, जाग्रत्, स्वप्न, सुषुप्ति, तुरीय, दृश्य, द्रष्टा, साक्षी आदि स्वरूपले म रहेको छु । छ र छैन भन्ने वचनले अर्थात् सत् र असत्‌रूपले भनिएको अनि भान हुन्छ र भान हुन्न भन्ने शब्दले भनिएको पनि सारा मेरै रूप हो । कहीं शंका छैन । शब्दले विषय गरिएको र शब्दले जसलाई विषय गर्न सक्दैन अनि बुद्धिवृत्तिले विषय गरिने र बुद्धिवृत्तिले विषय गर्न नसकिने वस्तु पनि म नै हुँ । जो नित्य, शुद्ध बुद्ध र मुक्त वस्तु हो भनी वेदवाणीले सँधैं भन्दछ त्यस्तो मेरो सत्, चित् र आनन्द-रूपता यथार्थ हो । शंका छैन । सारा म हुँ । म देखि भिन्न वस्तु केही पनि छैन भन्ने निश्चय वेदको वचनले गरिसकेको छ । पितामह ब्रह्माजीले साँचो कुरा भन्नुभएको हो । यो कुरामा जसले शंका गर्छ त्यो सत्यदर्शनबाट भ्रष्ट हुन्छ र नष्ट हुन्छ । यो कुरा साँचो हो भन्ने जसले निश्चय गर्छ त्यो कष्टमय संसाररूपी पाशोको बन्धनबाट छुट्दछ ।१७७।'

संसारबाट छुटाइदिने सदाशिवले यस्तो आज्ञा भयो र विष्णु तथा ब्रह्मालाई आदरका साथ अँगालो हालेर अरू देवताहरूलाई पनि शुद्ध दृष्टिले हेरेर आज्ञा भयो, 'हे श्रेष्ट देवताहो, तिमीहरूको कल्याण होस्' ।१७९।

देवताहरूले पनि करुणाका खानी प्रसन्न सांव सदा-शिवलाई पात, फूल र फलहरूले पूजा गरे । विष्णु र ब्रह्माले

पनि शिवजीको पाउरूपी दुइ कमलमा शिर राखेर भक्तिमा चुर्लम्म डुब्नुभयो ।१८२।

संसार छुटाइदिने सदाशिवले पनि परम ईश्वरीय भाव देखाउँदै नाच्नुभयो । करुणाकी समुद्र जस्ती देवी पार्वतीले पनि शिवजीलाई परम प्रेमले हेर्दै करताल बजाउनु-भयो । विष्णु ब्रह्मा र अरू देवताहरूले पनि शक्ति अनुसार नाच्नुभयो । अन्त्यमा महानन्दकर समुद्र जस्ता महादेव पनि देवताहरूलाई हेर्दै अन्तर्धान हुनुभयो । ब्रह्मालाई अंगालो हाली सबै देवतालाई हेरेर विष्णु पनि लक्ष्मीका साथ वैकुण्ठमा पाल्नुभयो । अचम्म मानेका ब्रह्मा पनि सारा देवतालाई हेरी श्रद्धाको वशमा परेर फेरि वेदको रहस्य भन्न थाल्नुभयो:–

विद्याः सर्वा नृणां साक्षात् संसारस्य प्रवर्तिकाः ।
आत्म–विद्या तु संसार–तमसः प्रतिघातिनी ।१८३।

(छान्दोग्य सातौं अध्यायमा सनत्कुमारले नारदलाई जुन भूम–विद्याको उपदेश दिनुभयो । त्यसैको उठान गर्ने नारदले अरू सारा विद्या जाने पनि शोक नहटेको र भूमा विद्या पाए पछि नारदको शोकको कारण अज्ञान नष्ट भएको कुरा यहाँ औंल्याइन्छ) अरू देवविद्या, भूतविद्या, नक्षत्रविद्या-हरू मानिसलाई संसारतिर प्रवृत्त गराउँछन् । आत्मविद्याले चाहिं संसारको कारण अज्ञानको नाश गराउँछ ।

आत्म–ज्ञान–विहीनस्य शोक–सागर एव हि ।
मुक्ति रेवाऽऽत्मनिष्ठस्य नास्ति संशय–कारणम् ।१९०।

आत्म–ज्ञान नभएकालाई संसार शोकको समुद्र नै हो । आत्म निष्ठ अर्थात् आत्मस्वरूपमा रहने ज्ञानीको मुक्ति नै हुन्छ । यसमा शंका गर्ने कारण छैन ।

यत्रान्यत् पश्यति प्राणी शृणोत्यन्यत् तथैव च ।
अन्यज् जानाति चाल्पं तद् यदल्पं मर्त्यमेव तत् ।१९१।

यत्र पश्यति नान्यच् च नशृणोत्यन्य दास्तिकाः ।
अन्यच् च न विजानाति स भूमा सुरपुंगवाः ।१९२।

(छान्दोग्य ७।२४।१ को आशय यहाँ बताइन्छ) जहाँ प्राणीले अर्को देख्छ, त्यस्तै नै अर्को सुन्छ, र अर्कोलाई जान्दछ त्यो अल्प हो नाशवान् हो । (अर्थात् जहाँ द्रष्टा (देख्ने) दर्शन (देख्नु) दृश्य (देखिने कुरा) यस्तो त्रिपुटी हुन्छ, नाम रूप आदि भेदरहन्छ त्यो नाशवान् हुन्छ) जहाँ अर्को देख्दैन, अर्को सुन्दैन र अर्को जान्दैन अर्थात् त्रिपुटी रहँदैन त्यो भूमा हो ।

यो वै भूमा सुखं तद्धि तद्धि कैवल्य मुत्तमम् ।
नाल्पे चास्ति सुखं तस्मान् महाद्वैत–परो भवेत् ।१९३।

(छान्दोग्य ७।२३।१ को अर्थ यहाँ वताइन्छ ।) जो भूमा हो त्यो सुखस्वरूप हो । त्यही उत्तम कैवल्य (मोक्ष) हो अल्पमा सुख छैन । त्यसैले महान् अद्वैततिर लागोस् ।

महा-द्वैत-परस्याऽस्य न नाशो जन्म नैव च ।
नैव गत्यागती नान्यद् बन्धनं न विमोचनम् ।१९४।

अत्रैव लीयते सम्यक् सर्व मात्मतया स्वतः ।
घृत-काठिन्यवत् स्वप्न-प्रपञ्च-प्रतिभासवत् ।१९५।

अपरिच्छिन्न अद्वैत ब्रह्मस्वरूपमा रहेकाको नाश हुँदैन, जन्म पनि हुँदैन । जानु र आउनु हुँदैन; बन्धन र मोक्ष हुँदैन । यो भूमा वस्तुलाई जानेपछि अर्थात् ब्रह्मस्वरूप भएपछि सारा जगत् स्वतः आत्मरूपले लीन हुन्छ । जस्तो अग्निको संयोगले घिउको काठिन्य अर्थात् कडापन हराउँछ । फेरि ब्यूँझना साथ स्वप्नको प्रपञ्च हराउँछ । अर्थात् पूर्ण र निर्विकार ब्रह्मवस्तुमा जगत्को प्रतिभास सपनाको प्रपञ्च देखिए जस्तै हो ।

छैटौं अध्याय

(देश, काल आदिले अपरिच्छिन्न (नटुक्रिएको) अद्वितीय, सत्, चित् र सुखस्वरूप ब्रह्म नै आत्मा हो भन्ने बताइयो तर मन्दबुद्धिले ज्यादै सूक्ष्म आत्मवस्तुलाई जान्न ठूलो पुरुषार्थ चाहिने भएकोले छान्दोग्य ८।१।१ अनुसार हृदय-कमलको बीचमा दहर ब्रह्मको उपासना अब बताइन्छ)

ब्रह्मोवाच

अस्मिन् ब्रह्मपुरे वेश्म दहरं यदिदं सुराः ।
पुण्डरीकं तु तन्मध्य आकाशो दहरोऽस्ति तु ।१।

स शिवः सच्चिदानन्दः सोऽन्वेष्टव्यो मुमुक्षुभिः ।
स विजिज्ञासितव्य श्च विनासंकोच मास्तिकाः ।२।

ब्रह्म-प्राप्तिको स्थान भएकोले यो मनुष्यदेहलाई पनि ब्रह्मपुर भन्छन् । त्यसमा जुन हृदय-कमल छ । त्यसको बीचमा दहर आकाश छ । आकाश शब्दको मुख्य अर्थ हो सर्वत्र प्रकाशमान ब्रह्म । यही नै शिव हो र सत् अर्थात् सँदै रहिरहने, चित् अर्थात् चैतन्य-स्वरूप र आनन्दस्वरूप वस्तु हो । मुमुक्षु (मोक्षको इच्छा गर्ने) हरूले त्यसकै अन्वेषण

(खोज) गर्नुपर्छ । हे आस्तिक देवताहो, विना संकोच त्यही शिव (आत्मतत्त्व) लाई शम, दम आदि साधन लिएर जान्न तिर लाग्नुपर्छ अर्थात् श्रवण, मनन आदि साधनतिर लागिरहनुपर्छ । विना संकोचको आशय हो हृदयकमलको परिच्छिन्न उपाधिलाई त्यागेर अपरिच्छिन्नरूपले उपासना गर्नुपर्छ ।

स्वा-भिव्यञ्जक-संकोचात् संकोच-प्रतिभाऽऽत्मनः ।
न स्वरूपेण चिद्-रूपं सर्वव्यापि सदा खलु ।३।

(चैतन्यरूप आत्माको औपाधिक संकोच नहोस् तर देवदत्त आदिको शरीरमा त स्वाभाविक नै संकोच देखिन्छ भन्ने तर्ककर्तालाई यहाँ जवाफ दिइन्छ) स्वप्रकाश चैतन्यरूप आत्माको आवरण अर्थात् अज्ञान हटाएर जुन अभिव्यञ्जक अर्थात् व्यक्त गर्ने जुन अन्तःकरण छ त्यसको परिच्छेदले संकोच जस्तो भएको हो । यो त जपापुष्परूप उपाधिले रातो स्फटिक भने झैं उपाधिद्वारा संकोच जस्तो हुन गएको हो । स्वाभाविक होइन । किनभने सँधै अर्थात् उत्पत्ति, स्थिति इत्यादिकालमा सारा अध्यस्त प्रपञ्चको चैतन्यरूप सर्वव्यापक ब्रह्म नै स्वरूप हो । अध्यस्त अर्थात् भूलबाट भान भएको असत् वस्तु अधिष्ठानदेखि भिन्न कहिले पनि हुँदैन । यसो हुँदा काल र वस्तुबाट भान भएको परिच्छेद झूटो हो । ब्रह्म वस्तु पूर्ण छ ।

ज्ञात-रूपेण चाज्ञात-स्वरूपेण च साक्षिणः ।
सर्वं भाति तदा भाति ततस् तद् व्यापि सर्वदा ।४।

(देश-कृत परिच्छेद पनि यहाँ हटाइन्छ) भान भएको पनि सारा जगत् ज्ञातरूपले अर्थात् ज्ञानको विषय बनाएर अनि अज्ञातरूपले अज्ञानको विषयको आकारले साक्षिचैतन्य आत्मालाई भान भइराखेको छ । अर्थात् सारा वस्तु ज्ञात-रूपले अथवा अज्ञातरूपले साक्षिचैतन्यको विषय नै हो । यसै हुँदा चैतन्यप्रकाशदेखि भिन्न कहीं पनि नभएकोले देशकृत परिच्छेद पनि आत्मामा छैन । त्यो व्यापक चैतन्य सँदै सवैतिर प्रकाशित भइराखेको छ अर्थात् स्वप्रकाश वस्तु हो । जड जस्तो अरूले प्रकाश गरिने होइन ।

स्वयं सेद्धु मशक्यं हि जडात्मक मिदं जगत् ।
चित्संबन्ध-बलेनैव खलु भाति नचान्यथा ।५।

यो जडरूप जगत् आफैं सिद्ध हुन सक्दैन । चैतन्यको संवन्धको बलले नै जडको भान हुन्छ । नत्र हुँदैन ।

अतो ऽवभास्यं सकलं व्याप्य तद्-भासकः शिवः ।
स्वतो व्यापी न चाव्यापी संकोच श्चान्यसंगमात् ।६।

यसै हुँदा सारा प्रकाश्य अर्थात् प्रकाश गरिने दृश्यमा छाइएर दृश्यको प्रकाशक शिव आफसेआफ व्यापक हुनुहुन्छ । उहाँमा संकोच अर्थात् खण्डितपन छैन । खण्डितपन त अरू अन्तःकरण आदि उपाधिको संगबाट भएको हो ।

यावान् वा अय माकाशस् तावा नाकाश आन्तरः ।
द्यावापृथ्वी उभे अस्मिन् नन्तरेव समाहिते ।७।

जत्रो बाहिरको यो आकाश छ त्यत्रै नै भित्रको आकाश छ । माथिको द्यौ र तलको पृथ्वी दुवै भित्र नै रहेका छन् । (भित्रको आकाश पनि उत्रै छ भन्नाका आशय हो सर्वव्यापकता जनाउनाको लागि, तर परिमाण जनाउनको लागि होइन । (छान्दोग्य ८।१।३को अर्थ यहाँ बताइएको हो ।)

एष आत्मा परो व्यापी पाप्मभिः सकलैः सदा ।
असौ चापहतः साक्षी विमृत्यु र्विजरः सुराः ।१०।
विशोको विजिघत्सोऽपिपासः सत्यादि-लक्षणः ।
सत्य-कामस् तथा सत्य-संकल्पश्च सुरर्षभाः ।११।

हे देवताहो, तपाइँहरूको स्वरूप यो श्रेष्ठ आत्मा व्यापक छ । सारा पापले अर्थात् पाप र पुण्यले सँदै छोइएको छैन (किनभने पाप र पुण्य बुद्धिका धर्म हुन् ।) पाप र पुण्यलें रहित हुनाले त्यसको मृत्यु बुढ्याइँ, इत्यादि छैन । शोक, भोकको इच्छा र प्यासको इच्छा इत्यादिले पनि रहित छ । सत्यकाम र सत्यसंकल्प छ अर्थात् आत्माको इच्छा र संकल्प सत्य हुन्छ । छान्दोग्य ८।१।५ को आशय यहाँ बताइएको हो ।

यथा हिरण्यं निहितं क्षेत्र-ज्ञान-विवर्जिताः ।
उपर्युपरि गच्छन्त्यो न विन्देयुः प्रजा इमाः ।१५।

तथा सुषुप्तौ गच्छन्तो ब्रह्मलोकं स्वयंप्रभम् ।
न विदन्ति महा-मोहा दहो मोहस्य वैभवम् ।१६।

(छान्दोग्य ८।३।२ को आशय यहाँ बताइन्छ ।) जस्तो सुनको खानी तल भईमनि भए पनि त्यो थाहा नपाएका यी प्रजाहरू खानीकै माथिमाथि हिंड्दा पनि तल खानी छ भनेर जान्दैनन् । त्यस्तै सुषुप्ति अवस्थामा स्वप्रकाश ब्रह्ममा प्राप्त भए पनि महामोह अर्थात् अज्ञानले गर्दा नपाएकै जस्तो हुन्छ । ओहो मोहको अर्थात् अज्ञानको कस्तो वैभव अर्थात् सामर्थ्य छ ।

अयं हृदि स्थितः साक्षी सर्वेषा मविशेषतः ।
तेनायं हृदयं प्रोक्तं शिवः संसार-मोचकः ॥
य एवं वेद स स्वर्गं लोकमेति नसंशयः ।१७।

(छान्दोग्य ८।३।३। को आशय यहाँ बताइन्छ) यी साक्षी आत्मा एकनाससँग सबैको हृदयमा रहनुभएको छ । हृदि अयम् अर्थात् हृत्मा यी आत्मा हुनुहुन्छ भन्ने व्युत्पत्ति गर्नाले हृदय भन्छन् । साक्षी-रूप शिवले संसार-रूप बन्धनबाट मुक्त गराइदिनुहुन्छ । जसले यी आत्मा हृदयमा रहनुभएको जान्दछ ती ज्ञानी स्वर्गमा जानुहुन्छ अर्थात् कुनै दुःखले नछोइएको परमानन्दरूप ब्रह्म हुनुहुन्छ । यसमा शंका छैन ।

अस्माच् छरीरा दुत्थाय सुषुप्तौ यः सुरर्षभाः ।१८।
परं ज्योर्तिःस्वरूपं तं शिवं संपद्यते सुराः ।
अभिनिष्पद्यते स्वेन रूपेणैव स्वभावतः ।१९।

(छान्दोग्य ८।३।४ को आशय यहाँ बताइन्छ) हे श्रेष्ठ देवताहो, स्थूल तथा सूक्ष्म शरीरको अभिमान र जाग्रत् तथा स्वप्नको विषयभोगको धमिलोपनलाई छाडेर सुषुप्तिमा जुन आनन्द भोग्दछ अनि ब्रह्मज्ञानद्वारा कारण शरीर (अज्ञान) लाई पनि छोडेर परम चैतन्य–प्रकाश–स्वरूप शिवभावमा स्वभावतः आफ्नै रूपले प्राप्त हुन्छ । (अर्थात् आत्मरूपको प्राप्ति नपाएको कुराको प्राप्ति होइन । किन्तु हातमा लिइराखेको साँचोको प्राप्ति जस्तै पाइराखेकै कुराको प्राप्ति हो ।)

एष आत्मा न चैवान्यः सत्यमेव मयोदितम् ।
एतदेवा मृतं साक्षा दभयं ब्रह्म हे सुराः ।२०।

(यहाँ पनि छान्दोग्य ८।३।४ कै पछिल्लो अंश दर्शाइन्छ) यही साक्षी अर्थात् सारा चेत्य (दृश्य) ले रहित भएको चैतन्य नै आत्मा हो, शरीर आदिले विशिष्ट होइन । हे देवताहो, यही साक्षात् अमृत अर्थात् नाश नहुने अभय ब्रह्म हो । (दोस्रो देखेपछि मात्र डर हुन्छ । सर्वत्र एक आत्मा देखेपछि कसरी डर हुनु ?

य आत्मा दहराकाशः स सेतु र्विधृतिः सुराः ।
असंभेदाय लोकाना मेषा मेतं महेश्वरम् ।२१।

अहोरात्रे न तरतो न मृत्यु र्न जराऽपि च ।
न शोको नैव सुकृतं न दुष्कृत मपीश्वराः ।२२।

(छान्दोग्य ८।४।१ को अर्थ यहाँ देखाइन्छ) जो यो दहराकाशस्वरूप आत्मा हो त्यही सेतु अर्थात् मर्यादा–स्वरूप हो । विधृतिः अर्थात् प्रपञ्चलाई धारण गर्ने हो यी भू आदि लोकको असंभेदाय अर्थात् विनाश नगर्नाको लागि हो । जो यी परिच्छिन्न (खण्डित) अहोरात्र, मृत्यु बुढ्याइँ, शोक, पुण्य र पापहरू छन् यिनीहरूले महेश्वर आत्मालाई नाघ्न सक्दैनन् अर्थात् परिच्छिन्न (टुक्रिएका) अहोरात्र आदिले यी आत्मा खण्डित हुनुहुन्न । मृत्यु बुढ्याइँ इत्यादि पनि शरीरका धर्म हुनाले त्यसदेखि पर रहेका आत्मालाई छुन सक्दैनन् ।

य एषो दहराकाश इत्युक्तः परमेश्वरः ।
स देहादि–विशेषेभ्यः पृथग्भूतः सनातनः ।२५।
जाग्रत्–स्वप्न–सुषुप्त्याख्याऽवस्था या भाति देहिनाम् ।
तस्या अपि महादेवः साक्षी भिन्नः स्वयंप्रभः ।२६।
तस्मि न्नध्यस्त–रूपेण सा विभाति न भाति च ।२७।

(दहर–विद्याको विषय ब्रह्मको उपदेश गरेर अब प्रजापतिले आत्मज्ञान सिक्न आएका इन्द्र र विरोचनलाई

उपदेश गर्नुभएको जाग्रत् आदि अवस्थाले रहित ब्रह्मको प्रतिपादन गर्ने जो यो आँखामा पुरुष देखिन्छ इत्यादि छान्दोग्य ८।७।४ को विद्या बताइन्छ) ।

जो यो दहराकाशरूप परमेश्वर बताइयो । सनातन अर्थात् सँदै रहिरहने ती परमेश्वर शरीर आदिदेखि अलग हुनुहुन्छ । प्राणीहरूको जुन जाग्रत, स्वप्न, र सुषुप्ति आदि अवस्था हुन्छ । ती अवस्थाको प्रकाशक ठूला देवता स्वयंप्रकाश साक्षी आत्मचैतन्य ती अवस्थादेखि भिन्न हुनुहुन्छ । त्यो शुद्धचैतन्यरूपमा स्वरूपले अध्यस्त भएको अर्थात् भूलले कल्पना गरिएको जड जगत् कहिले प्रकाशित हुन्छ कहिले हुँदैन । (यदि अध्यस्त जगत् स्वप्रकाश भएको भए आत्मा जस्तै सँदै प्रकाशमान भइरहन्थ्यो ।)

स्वदृश्येन शरीरेण सशरीरस्य सर्वदा ।
प्रियाप्रियाभ्यां संबन्धो भवत्येव न संशयः ।२८।

अशरीरं वाव सन्तं विद्यया न प्रियाप्रिये ।
स्पृशतः सत्य मेवोक्तं नात्र सन्देह-कारणम् ।२९।

(शरीर हुन्जेल प्रिय र अप्रियको नाश हुँदैन इत्यादि छान्दोग्य ८।१२।१ को अर्थ बताइन्छ) दृश्य भएको शरीर आदिले विशिष्ट अर्थात् शरीर आदिसँग मिसिएर शरीर आदि नै म हुं भन्ने अज्ञानीको प्यारो र अप्यारो अर्थात् सुख र दुःखको भोगरूप संसार भइरहन्छ । तर आत्मज्ञानले

शरीर आदिमा अभिमान नभएकालाई सुख र दुःखको भोग-रूप संसारले छुँदैन। मैले साँचो कुरा भनेको हुँ। यहाँ शंकाको कारण केही छैन।

य एष दहराकाशः स एव सुरपुंगवाः।
नामरूपस्य निर्माता तदेव ब्रह्म शाश्वतम् ।३०।

(छान्दोग्य ८।१४।१ को आशय यहाँ बताइन्छ।) हे श्रेष्ठ देवताहो, जो यो दहराकाश हो त्यही हृदयमा रहेको आत्मा नै आकाश जस्तै सूक्ष्म र शरीररहित छ, व्यापक छ घट, पट आदि नाम र रूपलाई खडा गर्ने छ। अर्थात् यही आत्माका आधारमा नाम र रूप खडा भएका छन् तर नाम र रूपले आत्मालाई स्पर्श गरेका छैनन्। त्यही आत्मा नै शाश्वत अर्थात् सँधै रहिरहने आदि र अन्त्य नभएको ब्रह्म हो।

घटा-काशा-दि-भेदेन विभिन्नोऽप्यविभागवान्।
आकाशस् तद्वदीशानो विभिन्नोऽप्यविभागवान् ।३८।

घटाकाश, मठाकाश आदि भेदले भिन्न भिन्न जस्तो देखिए तापनि आकाशको विभाग कहिले पनि भएको हुँदैन। त्यस्तै असंख्य अन्तःकरण आदि उपाधिले गर्दा भिन्न भिन्न जस्तो भान भए पनि चैतन्यरूप आत्माको विभाग भएकै छैन।

यथाभातेन रूपेण शिव एवेति या मतिः ।
सा शिवा परमा संविन् नापरा न हि संशयः ।४२।

जुन जुन प्रकारले जुन जुन वस्तुको भान हुन्छ त्यो सबै त्यसको अधिष्ठान सत्, चित्, आनन्दस्वरूप शिव नै हुनु हो भन्ने बुद्धि नै ठूलो हो । अर्को अर्थात् अधिष्ठानको वास्ता नगरी कल्पित घट पट देख्ने बुद्धि संकीर्ण अर्थात् खुंचिएको सानो बुद्धि हो । यसमा शंका छैन ।

(अहं) म भनेर शिव, सत्य, चैतन्यघन वस्तु नै फुरिरहेको छ । अरू भिन्न वस्तु छैन । तर त्यसमा इदं (यो) देख्नाले बन्धन हुन्छ । जब सबै शिव हो भन्ने ज्ञान हुन्छ तव मर्नु र जन्मनु छैन । यो मेरो वचनलाई तीखो बुद्धि भएको मानिसले सँधै हृदयमा राखोस् । परमेश्वर शिव प्रसन्न हुनुभयो भने निर्मल परम अनुभव हुन्छ । अरूबाट हुँदैन । सूर्यका किरणले रातको बाक्लो अँध्यारो फट्टै नासिन्छ । ज्यादै घना संसारको कारण भएको अज्ञानरूपी अन्धकार शिवरूपी सूर्यको किरणले नष्ट हुन्छ । अरू कुराले हुँदैन ।

शिवजीको चरणको संझनाले, र पूजाले आफ्नो अज्ञानरूपी अन्धकारबाट प्राणी छुट्दछ । शिवजीको चरण-कमलको संझनाबाहेक मृत्यु र जन्म छुटाउने अरू छैन । सारा जगत्को कारण शिव नै हुनुहुन्छ । निश्चय नै यो सारा शिव हुनु हो । निश्चय नै शिव सारा शास्त्र आदिमा रहनुभएको छ ।

परम अनुभवद्वारा शिव जानिनुहुन्छ । शिव परम अनुभव-स्वरूप हुनुहुन्छ । शिवद्वारा नै यो जगत् भएको छ । अरू-बाट भएको छैन । तत्त्वज्ञानीले दुइ नभएको एक शुद्ध चैतन्य वस्तुलाई सँदै देख्नुहुन्छ । मोहमा परेको पुरुष चाहिं गाग्रो, घर इत्यादि देख्दछ । यो जगत् हो भन्ने भ्रान्ति सारा प्राणीलाई दृढ भइराखेको छ । यो सारा ब्रह्म हो भन्ने बुद्धि शुद्ध चित्त भएकालाई सँदै हुन्छ । यही ज्ञानले मानिस संसार-रूपी समुद्र तर्दछ ।

हे देवताहो छान्दोग्य श्रुतिको शिरमा रहेको यो ज्ञान अविवेकी जन्तुको घना अज्ञान नाश गर्न दयाले ज्यादै कल्याण-रूप ब्रह्मरूपी अमृत पाउनाको लागि देवताका मालिकका पनि मालिक शिवजीको आज्ञाले बताएँ ।

छैटौं अध्याय समाप्त

द. नं. १३३३
NEPAL SANSKRIT UNIVERSITY
पुस्तकालय

लेखकका अरू प्रकाशित पुस्तकहरू

१ पच्चीस प्रवन्ध
२ कादम्वरी (नाटक)
३ पौराणिक कहानी
४ ऐतिहासिक कहानी
५ वैदिक कहानी
६ सिंधुलीको झलक (खण्ड–काव्य)
७ नेपालका तारा (बाल–साहित्य)
८ पौराणिक कथा (बाल–साहित्य)
९ धर्मबोध १–५ (वाल–साहित्य)
१० संस्कृत साहित्यको सिंहावलोकन
११ ईश्वर किन मान्ने ? (प्रवन्ध–माला)

अनूदित

१२ हरिस्तुति (श्री शंकराचार्य–विरचित 'हरिमीडे' स्तोत्रको अनुवाद र व्याख्या)
१३ विद्यागीता (त्रिपुरा–रहस्य–ज्ञान–खण्डको अनुवाद)
१४ गजेन्द्रमोक्ष (अनुवाद र व्याख्या)
१५ योग–वासिष्ठ–रस (वासिष्ठका कतिपय श्लोकहरूको प्रायः श्लोकमा अनुवाद)
१६ हंसगीता र भिक्षुगीता (अनुवाद र व्याख्या)
१७ देवी–गीता
१८ स्तुतिधारा भाग १ र २
१९ राम–गीता (अनुवाद र व्याख्या)